सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२९ असोज २०७७, बिहीबार (15 Oct 2020, Thursday) ■ नेपाल संवत् ११४० ■ वर्ष १४ ■ अंक १८६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# ईश्वरलाई उपेक्षा, विष्णुलाई वरदान

अढाई वर्षअघि महासचिवको रूपमा ईश्वर पोखरेल पछि परे, अहिले रक्षा मन्त्रालय खोसियो । पार्टी र सरकारमा ईश्वर उपेक्षित हुँदा विष्णु पौडेल भने दुवैतिर शक्तिशाली भएका छन् । ओम्नीदेखि सम्धीसम्मका काण्डले ईश्वर आफैँ पनि कमजोर भएका थिए ।

## ■ 'ईश्वरमाथि ओलीको विश्वास' घट्नुका ७ कारण

### १ उत्तराधिकारीका रूपमा पोखरेलको महत्वाकांक्षालाई साइजमा राख्ने प्रयास

उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले आगामी साता सेनाका आठवटै पृतनापतिको 'ब्रिफिङ' लिने तयारी थियो । अब पृतनापतिहरूले सीधै प्रधानमन्त्रीलाई 'ब्रिफिङ' गर्नेछन् । उपप्रधानमन्त्री पोखरेल रक्षा मन्त्रालयबाट बिदा भएका छन् ।

नेकपामा ओली समूहको उत्तराधिकारी को हो ? पोखरेलको महत्वाकांक्षालाई 'साइज'मा राख्न ओलीले अर्को कठोर कदम उठाएका छन् । त्यसैले पोखरेल 'विनाविभागीय' उपप्रधानमन्त्री हुँदा विष्णु पौडेलले भने प्रभावशाली मन्त्रालय पाएका छन् । अढाई वर्षअघि पार्टी एकीकरण हुँदा महासचिव पदबाट पनि उनलाई यसैगरी 'बेदखल' गरिएको थियो ।

### २ सरकार गठनकै वेला ओलीको 'गुड बुक'मा थिएनन् पोखरेल

पोखरेलप्रति ओली अहिले अचानक अनुदार भएका होइनन् । सरकार गठन हुँदा पोखरेलको दाबी अर्थ मन्त्रालयमा थियो । तर, ओली उनलाई मन्त्रीसमेत बनाउन चाहँदैनथे । 'अर्थ मन्त्रालयमा दाबी गरिरहेको मान्छे, रक्षा मन्त्रालय स्विकार्दैनन् होला भनेर प्रस्ताव गरेको, तर उनले त्यो पनि स्विकारेपछि मन्त्री बनाउनुपर्‍यो,' ओलीले आफूनिकट नेताहरूलाई त्यतिवेलै भनेका थिए । प्रधानमन्त्री ओलीले पोखरेललाई उपप्रधानमन्त्रीको पद पनि दिएका थिएनन् । पछि समाजवादी फोरमका नेता उपेन्द्र यादवलाई सरकारमा ल्याउन उपप्रधानमन्त्री दिनुपर्ने भयो, यादवले पाएको हुनाले पोखरेलले पनि उपप्रधानमन्त्री पद पाएका हुन् ।

### ३ विनाविभागीय भए पनि पोखरेल मन्त्रिपरिषद्मा बस्ने ओलीको दाबी

विभाग नभए पनि पोखरेल मन्त्रिपरिषद्मा बस्छन् भन्नेमा आफू स्पष्ट रहेको जानकारी ओलीले आफ्ना सहकर्मी नेताहरूलाई दिएका छन् । विभाग खोसिएपछि पोखरेलले आपत्ति जनाएका छैनन् । बालुवाटार स्रोतका अनुसार पोखरेललाई सरकारबाटै बिदा गर्ने तयारीमा थिए प्रधानमन्त्री ओली । 'तर, राष्ट्रपति विद्या भण्डारीले पोखरेललाई मन्त्रिपरिषद्बाटै हटाउन ठीक हुँदैन भनेर अडान लिनुभयो, त्यसैले भूमिका खोसिए पनि पद जोगिएको छ,' नेकपाका एक नेताले भने ।



उपप्रधानमन्त्री ईश्वर पोखरेल

### ४ ओम्नी ठेक्कामा अनियमितता, अभिव्यक्तिमा संवेदनहीनता

त्यसो त प्रधानमन्त्रीको 'गुड बुक'मा नरहेका उपप्रधानमन्त्री पोखरेलले जनताको नजरमा पनि राम्रो छवि बनाउन सकेनन् । खासगरी कोरोना नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समितिको संयोजक भएपछि उनको कमजोर व्यवस्थापन र संवेदनहीन अभिव्यक्तिका कारण उनी हदैसम्म अलोकप्रिय भए ।

कोभिड नियन्त्रणका लागि पहिलो खेप स्वास्थ्य सामग्री ल्याउँदा स्वास्थ्य मन्त्रालयभन्दा बढी भूमिका पोखरेल नेतृत्वको उच्चस्तरीय समितिको थियो । २५ माघमा खुलेको टेन्डर अलपत्र पारेर १४ चैतमा रातारात ओम्नीलाई एक अर्ब २४ करोडको ठेक्का दिएको भनेर विरोध भएको थियो । ओम्नीसँग पहिल्यै 'सेटिङ' मिलाएर पछि सबै सप्लायर्सलाई एकैदिनभित्र प्रस्ताव ल्याउन र दुई दिनभित्र सामान ल्याउन ससर्त राखिएको थियो । 'पहिले अढाई महिनासम्म फाइल लुकाएर राखियो, पछि इमर्जेन्सी भनेर हतारहतारमा निर्णय गरियो, होइन भने शुक्रबार ठेक्का पाएको ओम्नीले आइतबार सामान कसरी ल्याउन सक्छ ?' संसद्मा लेखा समितिमा सदस्यहरूले सोधेका थिए । 'हामीले आफैँ निर्णय गरेका होइनौँ, जेजति निर्णय भएका छन्, ती सबै उपप्रधानमन्त्रीज्यूको निर्देशनमा भएका हुन्,' तत्कालीन स्वास्थ्यसचिव यादव कोइराला र स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले संसद्को सार्वजनिक लेखा समितिमा भनेका थिए । तर, त्यसरी ल्याएका सामान पनि अपूरो र गुणस्तरहीन भएकाले सरकारी प्रयोगशाला र स्वास्थ्यकर्मीले नै विरोध गरेका थिए ।

तर, भ्रष्टाचारको विषयमा मिडियाले भन्डाफोर गरेपछि ठेक्का रद्द गरिएको थियो । सो ठेक्का रद्द भएको विषयमा प्रधानमन्त्री ओलीले असन्तुष्टि जनाएका थिए । 'माल गुणस्तरको भएन र समयमा ल्याएन, मात्रा पुग्ने गरी ल्याएन, कबुलअनुसार काम गरेन भनेर कालोसूचीमा राख्ने निर्णय भयो । यो सब मैले पनि सञ्चारमाध्यमबाट थाहा पाएँ । यस्तो-यस्तो रहेछ भनेर पहिले प्रधानमन्त्री वा विभागीय मन्त्रीलाई जानकारी गराउनु वाञ्छनीय हुन्थ्यो । यस सम्बन्धमा किन त्यसो भएन भनेर हामी छानबिन गरिरहेका छौँ,' २ वैशाखमा देखापढी अनलाइनलाई दिएको अन्तर्वार्तामा प्रधानमन्त्री ओलीले भनेका थिए ।

### ५ स्वास्थ्य सामग्री खरिदमा सेनालाई जिम्मा, सेनाको छवि धुमिल

ओम्नीको ठेक्का रद्द गरेपछि प्रतिस्पर्धाका आधारमा स्वास्थ्य सामग्री ल्याउनुपर्नेमा सरकारले १६ चैतमा मन्त्रिपरिषद्बाट निर्णय गरेर सेनालाई जिम्मेवारी दिएको थियो । ओम्नीसँगको सम्झौता रद्द गरेपछि कुल दुई अर्ब ६५ करोडको स्वास्थ्य सामग्री खरिदमा ८५ प्रतिशत (दुई अर्ब २५ करोड)को जिम्मा सेनाले र १५ प्रतिशत (४० करोड २२ लाख)को जिम्मा स्वास्थ्य सेवा विभागले लिएका थिए । सँगै प्रक्रिया सुरु गरेको विभागले १५ रुपैयाँका दरले ल्याएका सर्जिकल मास्कलाई सेनाले ५२ रुपैयाँ ५२ पैसा तिरेको थियो । यसरी एउटा मास्कमा ३७.५२ रुपैयाँ बढी तिर्दा ७० लाख ९६ हजार ३३५ मास्कमा देशलाई २६ करोड ६२ लाख क्षति भएको थियो ।

स्वास्थ्य सेवा विभागले तुरुन्तै र सस्तो सामग्री ल्याए पनि सेनाले करिब दुई महिनापछि र महँगोमा सामान ल्याएपछि सेना यो खरिदमा पनि विवादित भएको थियो । ओम्नी र सेनाको

» पृष्ठ २ मा क्रमशः

■ स्थायित्वको नारा :

## अढाई वर्षमा एघारौँपटक मन्त्रिपरिषद् हेरफेर

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

स्थाथी कमिटी बैठकले मन्त्रिपरिषद् पुनर्गठनको निर्णय लिए पनि कुन मापदण्डका आधारमा कसरी गर्ने भन्ने सहमति नजुटेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार रिक्त तीन मन्त्रालयमा पदपूर्तिसहित केही मन्त्रालयको नेतृत्वमा सामान्य हेरफेर गरेका छन् । प्रधानमन्त्री ओलीले पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग 'छलफल' गरेर मन्त्रिपरिषद्मा हेरफेर गरे पनि वरिष्ठ नेता माधवकुमार नेपाल समूह भने असन्तुष्ट देखिएको छ ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओली र अर्का अध्यक्ष प्रचण्डबीच बुधबार दिउँसो मन्त्रिपरिषद्मा हेरफेरको विषयमा संवाद भएको थियो । दिउँसो प्रचण्डसँग भएको आंशिक सहमतिअनुसार प्रधानमन्त्री ओलीले साँझ मन्त्रिपरिषद्मा हेरफेर गरेर सिफारिस राष्ट्रपतिकहाँ पठाएका थिए । रिक्त अर्थमन्त्रीमा विष्णुप्रसाद पौडेल, सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा पार्वत गुरुङ, सहरी

» पृष्ठ २ मा क्रमशः

## तिहारपछि मन्त्रिपरिषद् व्यापक पुनर्गठन हुन्छ



अन्तर्वार्ता : पृष्ठ २

**सुवास नेम्वाङ**, संसदीय दलका उपनेता, नेकपा



इन्साइड स्टोरी

। पृष्ठ ३ ।

**विद्यालयमा ३८ हजार र स्थानीय तहमा ७५३ नर्सलाई रोजगारीको अवसर,** तर तयार देखिएन सरकार



बहस

। पृष्ठ ५ ।

**मुटु भएको अर्थमन्त्रीको खोजी**

जनार्दन बरालको दृष्टिकोण





सप्तरंग

। पृष्ठ ८ ।

नेपाल भित्रियो बिएमडब्लु

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

## ■ दूरदराज होइन, यो राजधानीको विकास हो





चाबहिलको गोपीकृष्ण हलनजिकै खाल्डोमा परेको बा१४.च २१८६ नम्बरको कार । ढल मर्मतका लागि केही महिनाअघि खनिएको खाल्डो नपुर्दा दैनिक दुर्घटना हुने गरेको छ । तस्बिर : **आदित्य दाहाल**/रासस

# पैसा तिर्न नसक्दा बालकको शव तीन दिन अस्पतालमै बन्धक

## ऋण निकालेर एक लाख बुझाएपछि विराट अस्पतालले शव दियो, पीडित परिवार भन्छ- **अस्पतालको लापरबाहीले बच्चाको ज्यान गयो**

**मणिलाल विश्वकर्मा**/नयाँ पत्रिका
**लहान, २८ असोज**

उपचारमा लागेको एक लाख रुपैयाँ तिर्न नसक्दा विराटनगरको विराट अस्पतालले एक बालकको शव तीन दिनपछि मात्रै परिवारलाई दिएको छ । बुधबार साँझ ऋण निकालेर रकम बुझाएपछि सिराहा नगरपालिका- ४ खरसलवाका दुईवर्षे सिद्धार्थ सदाको शव परिवारले पाएको हो ।


गाउँघरबाट महँगो ब्याजदरमा ऋण निकालेर सबै रकम बुझाएपछि मृत्यु भएको तेस्रो दिन शव पाएको सिद्धार्थकी हजुरआमा कलावती सदाले बताइन् । 'उपचार गर्दा एक लाख ५० हजार यसअघि नै दिएका थियौँ । उपचारमा लागेको ४० हजार र फार्मेसीको ६० हजार रुपैयाँ ऋण गरेर बुझायौँ,' कलावतीले भनिन्, 'केही दिनमा दिन्छौँ भनेका थियौँ, अस्पताले मानेन । शव नै राखेपछि सयकडा तीनका दरले ऋण निकालेर बुझायौँ ।' अस्पतालले शव दिएपछि बुधबार साँझ नै उनीहरूले घर ल्याएका छन् ।

» पृष्ठ २ मा क्रमशः





विराट अस्पतालमा तीन दिनदेखि बन्धक नातिको शव पाउन बुधबार बिहान बिन्ती गर्दै सिद्धार्थकी हजुरआमा कलावती सदा । अस्पतालले पैसा नदिई शव नदिने अडान लिएपछि भूमिहीन परिवारले ऋण गरेर अस्पताललाई एक लाख रुपैयाँ बुझाएका थिए ।



कोरोनाविरुद्ध सचेतना
आफ्नो अनुहारमा हात लगाउन बन्द गरौं



## पैसा तिर्न नसक्दा...

पृष्ठ १ बाट क्रमशः

ठूलाआन्द्रामा समस्या देखिएपछि परिवारले सिद्धार्थलाई १८ असोजमा विराट अस्पतालमा भर्ना गरेको थियो। उनका मामा प्रेमकुमार सदाका अनुसार चिकित्सकहरूले उनको शल्यक्रिया गर्नुपर्ने बताएका थिए। त्यही दिन सिद्धार्थको आन्द्राको शल्यक्रिया गरिएको थियो। 'आन्द्रा काटेर जोड्नुपर्छ भनेपछि सहमति जनायौं,' प्रेमकुमारले भने, 'शल्यक्रियापछि सञ्चो हुनुपर्नेमा छटपटाउने, बेहोस हुने भयो। अस्पतालका चिकित्सकलाई सुनाएपछि एक्सरे गरेर हेर्दा भित्र केही ठाउँमा स्टिच नगरी बाहिर मात्र घाउ स्टिच गरिएको रहेछ।'

त्यसपछि चिकित्सकहरूले दोस्रो शल्यक्रिया गरेर सिलाउँदा ठीक हुन्छ भन्ने सुनाए। सिद्धार्थका परिवारजनले किन लापरबाही गरेको भन्दै सोधपुछ गरेपछि डेढ लाख तिरेर अन्य अस्पताल लैजान भन्दै दबाब दिएको उनले बताए। '२३ असोजमा दोस्रोपल्ट शल्यक्रिया गरेपछि पनि निको भएन। नाक र मुखबाट रगत आउन थाल्यो,' प्रेमकुमारले भने, 'अवस्था गम्भीर भएपछि फेरि आइसियूमा राखियो। २६ असोजमा आइसियूमै ज्यान गयो।'

पहिलो शल्यक्रिया गर्दासम्म लागेको एक लाख ५० हजार रुपैयाँ उनीहरूले अस्पतालाई बुझाएका थिए। त्यसपछि दोस्रो शल्यक्रिया गरेको र तीन दिन आइसियूमा राखेको तथा औषधिको गरेर एक लाख रुपैयाँ दिन अस्पतालले दबाब दिएको हो। त्यो रकम तिर्न नसक्दा बालकको शव तीन दिनसम्म अस्पतालमै राखेको प्रेमकुमारले बताए। हाँसीखुसी अस्पताल लगिएका छोराको शल्यक्रिया बिग्रिएर मृत्यु भएपछि सुनीतादेवी सदा विक्षिप्त बनेकी छिन्। पति गुमाएको डेढ महिनामै छोरा पनि गुमाउनुपर्दा उनी विक्षिप्त बनेको प्रेमकुमारले बताए। १९ भदौमा ट्र्याक्टर दुर्घटनामा परेर उनका पतिको मृत्यु भएको थियो। सुनीतादेवी पाँच महिनाकी गर्भवती छिन्।

मुद्दा नं. ०७५-CP-२८९८ फाँट नं. ६ अकिल

**श्री धनुषा जिल्ला अदालतबाट जारी भएको जिल्ला धनुषा भरतपुर गा.वि.स. वडा नं. २ हाल परिवर्तित जिल्ला धनुषा गणेशमान चारनाथ न.पा.वा.नं.१ मा वस्ने शिवलाल जर्धा मगरको श्रीमती वर्ष ३२ की भिम कुमारी जर्धा मगर नाउंमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ को उपदफा २२ बमोजिम जारी भएको ईतलायनामा म्याद सूचना .......**

उप्रान्त वादी जिल्ला धनुषा भरतपुर गा.वि.स. वा.नं.२ हाल परिवर्तित जिल्ला धनुषा गणेशमान चारनाथ न.पा. वा.नं. १ मा बस्ने शिव लाल जर्धा मगर र भिम कुमारी जर्धा मगर भएको सम्बन्ध विच्छेद मुद्दामा यस अदालतबाट जारी भएको म्याद वेपत्ते तामेल भई आएको हुंदा भएको आदेशानुसार तपाईको नाउंमा यो सूचना प्रकाशित गरिएको छ। तसर्थ बाटाका म्याद वाहेक यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रतिउत्तरपत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आफै आउनु वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनु होला। न आएमा कानून बमोजिम हुने छ पछि तपाईको उजुर वाजुर लाग्ने छैन। ईति सम्बत् २०७७ साल असोज २७ रोज ३ मा शुभम् -----

**विपत जोखिममा परेका विद्यालयहरूका लागि शिक्षा विकास निर्देशनालय बागमति प्रदेश, हेटौडाको जरूरी सूचना**

आ.व २०७७/०७८ मा बाढी पहिरोबाट क्षति पुग्न गएका विद्यालयहरुले आफ्नो विद्यालयमा पुग्न गएको क्षतिको विवरण खोली मिति २०७७/०७/१८ गते भित्र देहायका कागजात सहित यस निर्देशनालयमा निवेदन पेश गर्नुहुनयो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१. विद्यालयको क्षेतीको विवरण र सम्बन्धी तस्विरहरु।
२. विद्यालयमा पुगेको क्षेतीको स्पष्ट विवरण खुल्ने गरी स्थानीय तहको सिफारिस पत्र।
३. विद्यालयमा भएको क्षति सम्बन्धी प्रहरी प्रतिवेदन।

**नोट:** शिक्षा विकास निर्देशनालयले आवश्यक अनुसार स्थलगत अनुगमन गरी विद्यालयको क्षतिको विवरण एकिन गर्न सक्नेछ।

## सर्लाहीमा कांग्रेस कार्यकर्ता र प्रहरीबीच झडप

**सर्लाही/** जाहेरी दिन गएका कांग्रेसका नेता तथा कार्यकर्तामाथि प्रहरीले लाठीचार्ज गरेपछि सर्लाही सदरमुकाम मलंगवामा झडप भएको छ। प्रहरी र कांग्रेस कार्यकर्ताबीच भएको झडपमा दुई डिएसपीसहित ३२ जना सुरक्षाकर्मी र २४ जना कांग्रेस नेता तथा कार्यकर्ता घाइते भएका छन्।

२१ असोजमा सर्लाहीको रामनगर गाउँपालिका-७ सिसौटका महेन्द्र रामलाई स्थानीय युवाले कुटपिट गरेका थिए। कुटपिटबाट गम्भीर घाइते भएका कांग्रेस कार्यकर्ता महेन्द्रको उपचारका क्रममा २२ असोजमा मृत्यु भएको थियो। उनको हत्यामा संलग्न व्यक्तिलाई कारबाहीको माग गर्दै बुधबार कांग्रेस नेता तथा कार्यकर्ता जाहेरीसहित जुलुस लिएर जिल्ला प्रहरी कार्यालय पुगेका थिए। जुलुससहित जिल्ला प्रहरी कार्यालय पुगेका कांग्रेस नेता तथा कार्यकर्ता र प्रहरीबीच झडप भएको हो।

कांग्रेसका प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंह र प्रदेश सभा सदस्य वीरेन्द्र सिंहको नेतृत्वमा कांग्रेसका सयौं नेता तथा कार्यकर्ता जिल्ला प्रहरी कार्यालय घेराउ गर्न मलंगवा पुगेका थिए। उनीहरूले हातमा झाडु र पम्प्लेट बोकेका थिए। प्रहरीले शान्तिपूर्ण जुलुसमा सहभागी आफ्ना कार्यकर्तामाथि अन्धाधुन्ध लाठी र अश्रुग्यास प्रहार गरेको कांग्रेसका जिल्ला सभापति नागेन्द्र रायले बताए। 'हामी जिल्ला प्रहरी कार्यालयअगाडि शान्तिपूर्ण अवस्थामा प्रदर्शन गरिरहेका थियौं, प्रहरीले एक्कासि हामीमाथि अश्रुग्यास र लाठी बर्सायो,' सभापति रायले भने। प्रहरीको लाठीचार्जबाट २४ जना नेता-कार्यकर्ता घाइते भएको उनले बताए।

सयौंको संख्यामा रहेका कांग्रेसका कार्यकर्ताले एक्कासि प्रहरी कार्यालयमा ढुंगामुढा गरेकाले भिड तितरबितर पार्न लाठीचार्ज गर्नुपरेको प्रहरीले जनाएको छ। यस क्रममा ३२ राउन्ड अश्रुग्यास प्रहार गर्नुपरेको जिल्ला प्रहरी कार्यालयका एसपी सन्तोषसिंह राठौरले बताए। झडपका क्रममा जिल्ला प्रहरी कार्यालयका डिएसपी मदन कुँवर र बरहथवा इलाका प्रहरी कार्यालय डिएसपी उद्धवसिंह भाटसहित २२ जना प्रहरी घाइते भएको एसपी राठौरले बताए।

## अढाई वर्षमा...

पृष्ठ १ बाट क्रमशः

विकासमन्त्रीमा कृष्णगोपाल श्रेष्ठ र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा लीलानाथ श्रेष्ठ नियुक्त भएका छन्। यसअघि गुरुङ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थिए।

उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मात्रै जिम्मेवारी दिइएको छ। अर्थ मन्त्रालयमा उपाध्यक्ष वामदेव गौतम र नेपालनिकट नेता सुरेन्द्र पाण्डेको पनि दाबी थियो।

संघीय संसद्को सदस्य नरहे पनि मन्त्री बन्न पाउने संवैधानिक अधिकारअनुसार ६ महिना मन्त्री भएका डा. युवराज खतिवडाले २० भदौमा अर्थमन्त्रीबाट राजीनामा दिएपछि अर्थ मन्त्रालय खाली थियो। डा. खतिवडाले अर्थमन्त्रीबाट राजीनामा दिएपछि प्रधानमन्त्री ओलीले नै सो मन्त्रालय सम्हाल्दै आएका थिए। त्यस्तै, गत ८ पुसमा उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी पार्टी सरकारबाट बाहिरिएपछि सहरी विकास मन्त्रालय तथा ८ फागुनमा विवादास्पद टेप प्रकरणका कारण गोकुल बाँस्कोटाले राजीनामा दिएपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय रिक्त थियो।

यिनै रिक्त तीन मन्त्रालय पूर्ति गर्दै प्रधानमन्त्री ओलीले मन्त्रीहरू नियुक्त गरेका हुन्। ०७२ मा ओली नेतृत्वकै सरकारमा अर्थमन्त्री रहेका पौडेल रुपन्देही, कृष्णगोपाल काठमाडौं र लीलानाथ सिराहाबाट निर्वाचित सांसद हुन्। पछिल्लो हेरफेरमा मन्त्री बनेका गुरुङ मन्त्रिपरिषद् कार्यालयले गर्दै आएको कार्यसम्पादन मूल्यांकनमा राम्रो नतिजा ल्याउने सूचीभित्र परेकाले प्रधानमन्त्री ओलीले विश्वासपात्रका रूपमा यसअघि बाँस्कोटाले सम्हालेको मन्त्रालयको जिम्मेवारी दिएको बालुवाटार स्रोतले जनाएको छ।

ओली र प्रचण्डसँग संवादमा रहेका नेकपाका एक स्थायी कमिटी सदस्यले दुई अध्यक्षबीचको सहमतिमै पार्टी महासचिव विष्णु पौडेललाई अर्थमन्त्री बनाइएको र अन्य मन्त्रीको नियुक्ति एवं जिम्मेवारी हेरफेरमा प्रधानमन्त्रीले स्वविवेक प्रयोग गरेको बताए। उनका अनुसार बुधबारको भेटमा रिक्त मन्त्रालयमा पदपूर्ति गर्ने प्रधानमन्त्री ओलीको प्रस्तावमा प्रचण्डले 'अहिले अर्थमन्त्री नियुक्त गर्ने र अन्य मन्त्री एकैपटक मन्त्रिपरिषद् पुनर्गठन गर्दा गर्ने' वैकल्पिक प्रस्ताव अगाडि सारेका थिए।

स्रोतका अनुसार प्रचण्डको यस्तो विकल्पमा प्रधानमन्त्री ओलीले रिक्त अर्थसहित सहरी विकास र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पनि पदपूर्ति गर्ने आफ्नो अडान सुनाएका थिए। त्यसपछि पार्टी अध्यक्ष प्रचण्डले 'प्रधानमन्त्रीको हिसाबले तपाईंले आफ्नो ढंगले निर्णय लिनुस्' भन्दै प्रधानमन्त्री ओलीलाई रिक्त मन्त्रालयमा पदपूर्तिका लागि बाटो खुला गरिदिएका थिए। त्यसलगत्तै प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् पुनर्गठनको कदम चालेका हुन्।

प्रचण्डले सञ्चारमा आफूनिकट नेता जनार्दन शर्मालाई पठाउन खोजे पनि शर्माले यसलाई अस्वीकार गरेका थिए। त्यसैगरी सहरी विकासमा पाण्डेलाई पठाउने कोसिस भए पनि उनले पनि अर्थबाहेक अन्य मन्त्रालयमा नजाने सार्वजनिक अभिव्यक्ति दिएका थिए। प्रचण्ड र नेपाल समूहका नेताले रिक्त मन्त्रालयमा जान अनिच्छा जनाएपछि प्रधानमन्त्री ओलीले आफूनिकट नेताहरूलाई नियुक्त गरेका हुन्। नवनियुक्त तीनैजना मन्त्री नेकपामा ओली समूहका हुन्।

मन्त्रिपरिषद् पुनर्गठन पछिल्लो स्थायी समितिको निर्णयअनुकूल नभएपछि अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता माधवकुमार नेपाल समूहका नेता असन्तुष्ट देखिएका छन्। ओलीसँगको छलफलमा प्रचण्डले स्थायी कमिटीको निर्णयअनुसार अधिकांश मन्त्री हेरफेर गरेर जाँदा पार्टीपंक्ति र जनतामा सकारात्मक सन्देश जाने र सरकारको काम पनि प्रभावकारी ढंगले अगाडि बढ्न सक्ने धारणा राख्दै आएका थिए। यद्यपि, प्रधानमन्त्री ओलीले पूर्वमाओवादी समूहबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरूको जिम्मेवारी हेरफेर नगरी पूर्वएमाले समूहको भागबन्डामा परेका मन्त्रालयमा मात्र नयाँ मन्त्री नियुक्ति गरेका छन्। तर, नियुक्तिमा पूर्वएमाले समूहभित्र पनि अर्को समूहलाई सन्तुलन मिलाएका छैनन्।

वरिष्ठ नेता माधवकुमार नेपाल पनि मन्त्री नियुक्तिमा असन्तुष्ट रहेको उनीनिकट स्रोतले जनाएको छ। 'पहिलो, मन्त्री नियुक्तिबारे उहाँलाई कुनै जानकारी थिएन र सल्लाह पनि गरिएको छैन। दोस्रो, यो पार्टी स्थायी समितिको निर्णयको भावनाअनुकूल छैन। विधिमा गएर मन्त्रीहरू हेरफेर गर्नुपर्थ्यो भन्ने उहाँको धारणा हो, तर भएका मन्त्रीहरूबारे भने उहाँको कुनै टिप्पणी पनि छैन,' उनीनिकट स्रोतले नयाँ पत्रिकासँग भन्यो।

### मिचियो स्थायी कमिटीको म्यान्डेड

२६ भदौमा सकिएको स्थायी कमिटी बैठकले 'देशलाई विकास, समृद्धि, सामाजिक न्याय र समाजवादतर्फ अघि बढाउन आगामी निर्वाचनमा अहिलेको भन्दा अनुकूल परिणाम प्राप्त गर्ने तयारीका साथ अघि बढ्न' मन्त्रिपरिषद् पुनर्गठनको प्रस्ताव पारित गरेपछि यसमाथि गृहकार्य सुरु भएको थियो। तर, एक महिनासम्म पनि पार्टी सचिवालयका बैठक र पटक-पटकका संवादमा मन्त्रिपरिषद् पुनर्गठनको मापदण्डमा सहमति नबनेपछि केही दिनअगाडि ओली र प्रचण्ड रिक्त मन्त्रालयमा पूर्ति गर्न सहमत भएका थिए। ओली र प्रचण्डबीच अर्थ मन्त्रालयमा महासचिव पौडेललाई पठाउनेबाहेक अन्य मन्त्रालयमा पठाउने पात्रबारे सहमति बनेको थिएन।

सरकारको काम प्रभावकारी बनाउन मन्त्रिपरिषद् पुनर्गठन हुँदा अपनाइने मापदण्डबारे पनि नेकपा स्थायी कमिटी बैठकले सैद्धान्तिक आधार तय गरेको थियो। अध्यक्षद्वयको आपसी परामर्श र सहमति तथा संवैधानिक व्यवस्था, कानुनी प्रबन्ध र निश्चित मापदण्डका आधारमा संघीय मन्त्रिपरिषद् पुनर्गठन गर्ने आधार छ। मन्त्रिपरिषद् पुनर्गठनमा योग्यता, क्षमता, निष्ठा, निरन्तरता, योगदान र राष्ट्रिय दृष्टिले सन्तुलन कायम हुने गरी मापदण्ड निर्धारण गर्ने स्थायी कमिटीबाट पारित प्रस्ताव छ। तर, रिक्त मन्त्रालयमा मन्त्री पठाउँदा यसमा ध्यान दिइएको छैन।

नेकपाले मन्त्रिपरिषद् पुनर्गठन गरेर सरकारको कामलाई कोभिड- १९ महामारीले सिर्जना गरेको चुनौतीको सामना, सीमा समस्याको समाधान, चुनावी घोषणापत्रको कार्यान्वयन र पार्टी तथा सरकारका तर्फबाट गरिएका सार्वजनिक प्रतिबद्धताहरूको कार्यान्वयनजस्ता विषयमा केन्द्रित गर्ने निर्णय गरेको छ। यसैका लागि नेकपाले प्रतिनिधिसभाको यो कार्यकालभरि ओलीले प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर सरकारलाई नेतृत्व गर्ने र सरकारको काममा केन्द्रित हुने तथा प्रचण्ड कार्यकारी अधिकारसहित पार्टीका बैठक सञ्चालन, निर्णयहरू कार्यान्वयन र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रित हुने गरी दुई अध्यक्षको कार्यविभाजनसमेत भएको छ।

स्थायी कमिटी बैठकको निर्णयअनुसार मन्त्रिपरिषद् पुनर्गठनका विषयमा ४ असोजमा भएको केन्द्रीय सचिवालय बैठकको छलफलमा नेताहरूबीच प्रधानमन्त्रीबाहेक सबै मन्त्रीलाई राजीनामा गराएर पुनर्गठन, दुईवर्षे कार्यकाल पूरा गरेका मन्त्रीहरूलाई बिदा दिएर पुनर्गठन गर्ने वा रिक्त मन्त्रालयमा मात्रै मन्त्री नियुक्त गर्ने विकल्पमा केन्द्रित रहेर छलफल भएको थियो। बैठकले ठोस मापदण्डका आधारमा गृहकार्य गर्ने जिम्मेवारी अध्यक्षद्वय ओली र प्रचण्डलाई दिएपछि उनीहरूले लगातार छलफल गर्दै आएका थिए।

त्यसक्रममा प्रचण्डले दुई वर्ष पूरा गरेका मन्त्रीहरूलाई बिदा दिएर अधिकांश मन्त्री हेरफेर गर्नुपर्ने अडान राखेका थिए भने प्रधानमन्त्री ओलीले अहिलेलाई रिक्त मन्त्रालयमा मात्र पदपूर्ति गरेर जाने योजना राख्दै आएका थिए।

त्यसबीचमै नेकपाका उपाध्यक्ष गौतम राष्ट्रपतिबाट राष्ट्रिय सभा सांसदमा मनोनीत भएपछि खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट परेपछि छिटै पुनर्गठन गर्ने ओली र प्रचण्डको योजना धकेलिएको थियो। गौतम उपप्रधानमन्त्रीसहित अर्थ मन्त्रालयको जिम्मेवारीमा जाने योजनामा रहेका कारण तत्काल पुनर्गठन गर्ने कि नगर्नेमा ओली र प्रचण्डले निष्कर्ष निकाल्न सकेका थिएनन्। तर, कोभिड संक्रमणको प्रभाव सर्वोच्च अदालतमा देखिँदा गौतमविरुद्ध परेको रिटमाथिको सुनुवाइ पनि दसैंपछि धकेलिएपछि भने उनीहरू तत्कालका लागि तीन मन्त्री नियुक्त गर्ने निष्कर्षमा पुगे पनि व्यक्तिका नाममा सहमतिमा पुगेका थिएनन्।

### उपप्रधानमन्त्रीको मन्त्रालय खोसियो

मन्त्रिपरिषद् हेरफेरमा उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मात्रै जिम्मेवारी दिइएको छ। रक्षा मन्त्रालयको कार्यभार प्रधानमन्त्री ओली आफैंले राखेका छन्। भारतीय सेनापतिको नेपाल भ्रमणको पूर्वसन्ध्यामा प्रधानमन्त्री ओलीले रक्षा मन्त्रालय आफैंले लिएका छन्। भारतीय सेनापति मनोज मुकुन्द नरवाणे १८ कात्तिकमा नेपाल आउँदै छन्।

पोखरेलको नेतृत्वप्रति प्रधानसेनापतिको असन्तुष्टि, कोभिड नियन्त्रण तथा रोकथामको कार्यसम्पादनमा कमजोर भूमिका, अर्को चरणमा मन्त्रिपरिषद् पुनर्गठन गर्दा पार्टीभित्र मिलाउनुपर्ने शक्तिसन्तुलनलगायतलाई ध्यान दिँदै उनको जिम्मेवारी हेरफेर भएको हो। सरकारमा सामेल हुने क्रममा अर्थ मन्त्रालयको नेतृत्वमा रुचि राखेका पोखरेललाई ओलीले सुरुमै आफूमातहत रहने गरी प्रधानमन्त्री कार्यालय हेर्ने जिम्मेवारी दिन खोजेका थिए। तर, त्यसप्रति रुचि नराखेपछि उनलाई रक्षा मन्त्रालयको जिम्मेवारी दिइएको थियो।

प्रधानमन्त्रीको सचिवालयले पनि सुरुदेखि नै उनलाई प्रधानमन्त्री कार्यालयमातहत जिम्मेवारी दिने योजना लामो समयपछि कार्यान्वयन भएको पुष्टि गरेको छ। 'प्रधानमन्त्रीले पहिल्यैदेखि प्रधानमन्त्री कार्यालयको कामलाई व्यवस्थित गर्न खोज्नुभएको थियो। त्यही सन्दर्भमा कामलाई व्यवस्थापन गर्न जिम्मेवारी दिनुभएको हो, त्यसैले यसलाई खोसुवा वा घटुवाको अर्थमा बुझ्नु अन्यथा हुन्छ,' प्रधानमन्त्रीका सचिवालयका एक सदस्यले भने।

### स्थायित्वको नारा : अढाई वर्षमा एघारौंपटक मन्त्रिपरिषद् हेरफेर

राजनीतिक स्थायित्वको नारा दिएको सरकारको अढाई वर्षको कार्यकालमा बुधबारसहित एघारौंपटक मन्त्रिपरिषद् पुनर्गठन भएको छ। तर, २५ सदस्यीय मन्त्रिपरिषद्मा तीनजाम मात्रै महिला छन्।

करिब दुईतिहाइ बहुमतसहित स्थिरताको सन्देश दिँदै गठन भएको नेकपाको सरकार ३१ महिनाकै बीचमा एघारपटक पुनर्गठित भएको छ। ३ फागुन ०७४ मा गठित प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकार २८ असोज ०७७ सम्म आउँदा एघारौंपटक पुनर्गठित भएको हो। त्यसक्रममा एक दर्जन मन्त्री बिदा भएका छन् भने त्यत्तिकै संख्यामा नयाँ अनुहार थपिएका छन्। यसबीचमै शेरबहादुर तामाङ, लालबाबु पण्डित, मातृका यादव, गोकर्ण विष्ट, चन्द्रप्रकाश खनाल, रघुवीर महासेठ, गोकुल बाँस्कोटा, डा. युवराज खतिवडा, थममाया थापा, उपेन्द्र यादव, इस्तियाक राई मन्त्रीबाट बिदा भएका छन्। ओली नेतृत्वको सरकारमा सामेल रहेको तत्कालीन संघीय समाजवादी गत ८ मंसिरमा बाहिरिएको थियो।

ओली नेतृत्वको सरकार ०७४ को १४ फागुनमा पहिलोपटक पुनर्गठित भएको थियो। त्यसपछि २ चैतमा दोस्रोपटक पुनर्गठित भयो। ०७५ को १८ जेठ, १८ साउन, १६ फागुनमा क्रमशः तेस्रो, चौथो र पाचौंपटक पुनर्गठित भयो। त्यस्तै, ०७६ मा १५ साउन, ४ मंसिर, ५ फागुन, ८ फागुन, १० फागुनमा क्रमशः छैटौं, सातौं, आठौं, नवौं र दशौंपटक पुनर्गठित भएको थियो। त्यसपछि ०७७ मा २८ असोजमा एघारौंपटक प्रधानमन्त्री ओलीले मन्त्रिमण्डल पुनर्गठन गरेका छन्।

## तिहारपछि मन्त्रिपरिषद् व्यापक पुनर्गठन हुन्छ



**सुवास नेम्वाङ,** संसदीय दलका उपनेता, नेकपा

**स्थायी कमिटीले त सरकार पुनर्गठन गर्ने निर्णय गरेको थियो, तर प्रधानमन्त्रीज्यूले त रिक्त तीन मन्त्रालयमा मात्रै मन्त्री नियुक्त गर्नुभयो नि ?**

यो एउटा थोरै हदसम्मको पुनर्गठन हो, तर व्यापक पुनर्गठन तिहारपछि हुन्छ। नेतृत्वपंक्तिको स्रोतबाट त्यही कुरा बाहिर आएको छ। दोस्रो, स्थायी कमिटीले, केन्द्रीय सचिवालयले छलफल गर्‍यो र पछिल्लो समय दुई अध्यक्षबीच पनि व्यापक छलफल भएको छ। छलफलबाट उहाँहरूले नै अहिले थोरै परिवर्तन र तिहारपछि व्यापक परिवर्तन गर्ने निष्कर्ष निकाल्नुभएको भन्ने छ। त्यसैले अहिलेको नियुक्ति दुई अध्यक्षको छलफलको परिणाम हो।

**दुई अध्यक्षले छलफल गरेर निर्णय गर्दा पार्टीका दुई वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्रीलाई त मन्त्रीको नियुक्ति जानकारी नै नहुने सरप्राइजजस्तो भएन ?**

मलाई त्यस्तो लाग्दैन। मैले अघि नै भनें- स्थायी कमिटी र सचिवालयमा छलफल भएपछि दुई अध्यक्षले निरन्तर छलफल गर्नुभयो। हामीले के बुझ्नुपर्छ भने उहाँहरूले स्थायी कमिटी र सचिवालयले म्यान्डेट दिएकै कारण छलफल गर्नुभएको हो। तपाईंहरू हाम्रो छलफल र सुझाबलाई आधार मानेर दुई अध्यक्षले टुंगोमा पुर्‍याउनुस् है भनिएको हो। उदाहरणका लागि अहिले व्यापक रूपमा पुनर्गठन गरौं न त भन्ने कुरा पनि आएका हुन्, तर दुई अध्यक्षले धेरै छलफल गरेपछि अहिलेलाई थोरैमा सीमित रहौं र यसबीचमा राम्रो गृहकार्य गरेर तिहारपछि व्यापक परिवर्तन गरौंला भन्ने तय भएअनुसार यो भएको हो। त्यसैले सबैको कुरा सुनेरै यो गरिएको हो भन्ने मेरो बुझाइ छ।

**अहिलेको पुनर्गठनमा त उपप्रधानमन्त्री मन्त्रालयविहीन हुनुभएको छ, उहाँ जिम्मेवारीविहीन हुनभयो भन्न मिल्छ कि मिल्दैन ?**

मेरो बुझाइमा अहिले उहाँ जिम्मेवारीविहीन हुनुभएको होइन। सबभन्दा पहिलो कुरा, सरकारमा रहेका हाम्रा मन्त्रीहरूमा, हाम्रा पार्टीका नेताहरूमा उहाँ प्रधानमन्त्रीसँग सबैभन्दा नजिकका, प्रधानमन्त्रीपछिको वरिष्ठ मित्र हुनुहुन्छ। उहाँहरूको बीचमा पक्कै पनि छलफल भएको होला। दोस्रो, उपप्रधानमन्त्रीजीले पटक-पटक भनेको मैले सुनेको छु कि प्रधानमन्त्रीले अहिले सबैको भावनालाई ध्यानमा राखेर परिवर्तन गर्दै अगाडि बढ्नुपर्छ, यसमा हामी सबैको सहयोग हुन्छ। मलाई लाग्छ, यही क्रममा यो भयो। जहाँसम्म तपाईंले सोध्नुभएको कुरा छ, उहाँलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्रीले राखेर ठूलो जिम्मेवारी दिनुभएको छ। त्यो के हो भने, सरकारका सबै काम हेर्ने, सबै मन्त्रालय र मन्त्रीहरूसँग सम्बन्धित काममा प्रधानमन्त्रीलाई सहयोग गर्न त्यस्तो व्यक्ति रहँदा सहज हुन्छ भन्ने निष्कर्षमा प्रधानमन्त्री पुग्नुभयो र निर्णय गर्नुभो भन्ने मलाई लाग्छ। अर्को कुरा, जिम्मेवारी भन्ने कुरा तिहारपछि ठूलो पुनर्गठन गर्ने कुरा छँदै छ, त्यसक्रममा यसलाई फेरि मिलाउन पनि सकिन्छ।

**अहिलेको मन्त्री नियुक्तिमा पार्टीभित्रका तीन समूहको प्रतिनिधित्व देखिँदैन। पार्टीभित्र पटक-पटक शक्ति सन्तुलनको कुरा उठिरहँदा तपाईंले भनेजस्तै तिहारपछि व्यापक पुनर्गठन गर्दा सबै मिलाउने हो ?**

सुरुदेखि मेरो एउटा बुझाइ छ, दुई पार्टी एमाले र माओवादीको बीचमा हाम्रा दुई अध्यक्षहरू केपी ओली र पुष्पकमल दाहाल प्रचण्डज्यूको विशेष पहल र निर्णयमा पार्टी एकता भयो। एकतापछि एमाले र माओवादी पार्टी भनेको विगतको गर्विलो इतिहास मात्रै बन्यो। यथार्थ भनेको त नेकपा हो। अब अहिले त सबै नेकपाका नेता हुनुहुन्छ। अहिले त एउटै हिसाबले हेर्नुपर्छ र दुई अध्यक्षले पनि पर्याप्त ध्यान पुर्‍याउनुभएको छ भन्ने मलाई लाग्छ। अब जहाँसम्म समग्र देशको विचार गरेर, पार्टीभित्रका सम्पूर्ण भावनालाई ध्यानमा राखेर गर्ने कुरा छ, तिहारपछिको व्यापक पुनर्गठन गर्ने सन्देश यसैको परिणाम हो भन्ने मलाई लाग्छ। अहिले थोरै मात्र गरिँदै छ। किनभने सधैं मन्त्रालय खाली राख्ने कुरा भएन र मन्त्रालयहरूलाई समेत समेट्दै व्यापक पुनर्गठन गर्दा पार्टीभित्र र मेची-महाकालीसम्म उठिरहेका भावनालाई पनि सम्बोधन गर्न सकिन्छ, आत्मसात् गर्न सकिन्छ भनेरै प्रधानमन्त्री र नेताहरूले यो कुरा भन्नुभएको हो भन्ने लाग्छ। त्यसक्रममा सबै कुरा समेटिन्छ भन्ने मलाई लाग्छ।

**२५ सदस्यीय क्याबिनेटमा तीनजना मात्र महिला भएकाले समावेशीको प्रश्न उठ्छ कि उठ्दैन ?**

अहिले जतिसुकै धेरै चर्चा विभिन्न कोणबाट गर्दागर्दै पनि अहिले पार्टी एकीकरणको अभियानमा छ भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ। तर, त्यति गर्दागर्दै पनि हामीले जुन कुराका लागि लड्यौं र जसलाई हामीले संविधानमा स्थापित गर्‍यौं र समावेशिताका सन्दर्भमा एउटा ऐतिहासिक उपलब्धि नै हासिल गरेका छौं। हामीले समावेशितामा आधारित संविधान बनाएर कार्यान्वयनको चरणमा छौं। यस्तो अवस्थामा हामीले महिलालगायत सबै ढंगले समावेशितालाई ध्यानमा राख्नैपर्छ। यो हाम्रो पार्टीले, सरकारले, हाम्रा नेताले सदासर्वदा ध्यान पुर्‍याउनुभएको छ, तर ध्यान पुर्‍याउँदा-पुर्‍याउँदै पनि यसमा कमजोरी रहेका छन्, अब व्यापक पुनर्गठन गर्दा त्यसतर्फ ध्यान दिइन्छ भन्ने मेरो विश्वास छ।

**बन्दिपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बन्दिपुर, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७७/०६/२९**

यस कार्यालयबाट मिति २०७६/०५/०९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार ठेक्का नं. BRM HU/01/2077/078 औषधि तथा औषधि जन्य सामाग्रीखरिदको लागि आव्हान भई तोकीएको म्याद भित्र पर्न आएका दरभाउपत्रको मुल्याङ्कन गर्दा हिमसागर मडिकल हल, पोखराको बोलपत्र न्यनतम मूल्याङ्कीत, सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**कृषि ज्ञान केन्द्र, काभ्रेपलान्चोक**
**(काभ्रेपलान्चोक र सिन्धुपाल्चोक)**

**कृषि यान्त्रीकरण प्रबर्धन कार्यक्रम अन्तर्गत आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरुलाई सूचीकरण गर्न साथै सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

**सूचना नं. ५/२०७७/७८**
**प्रथम पटक प्रकाशित मिति: २०७७/६/२९**

कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकको आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार कृषि यान्त्रीकरण कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा सम्बन्धित कार्यक्रमको लागि साना कृषि यन्त्र उपकरणहरु आपूर्ति गर्न ईच्छुक (कम्पनी/उत्पादक/डिलर/वितरक) बाट सूचीकृत हुनका लागि साथै सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (२०७७/७/२८ गते) कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकमा कार्यालय समयमा आईपुग्ने गरी कृषि यान्त्रीकरण प्रवर्धन सम्बन्धी कार्यविधि, २०७५- तेश्रो संसोधन २०७७/५/०३ अनुसार आवश्यक कागजात सहित आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
२. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिस्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि।
३. संस्थाको PAN/VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. पछिल्लो दुई आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।
५. पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
७. सम्बन्धित उपकरणहरुको specification खुल्ने catalogs/leaflets।
८. सम्भव भएसम्म बुझिने भाषामा आधिकारिक टेस्ट सर्टिफिकेट (Test Certificate) को प्रमाणित प्रतिलिपि।
९. आधिकारिक डिलर, सर्भिस सेन्टरको संस्था दर्ता, PAN/VAT प्रमाणपत्र र सम्झौतापत्रको प्रमाणित प्रतिलिपि।
१०. प्रस्ताव साथ अनुसूची-३ को बुँधा १० मा पेश गरेको चालु आ.व. मा आपूर्ति गर्न सक्ने रकमको २.०% बराबरको सोहि आ.व. को असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकको राष्ट्रिय बाणिज्य बैंक, धुलिखेलमा रहेको ख-२-३ धरौटी खाता नं. १०४०१००२०२०३०००० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

पुनश्चः थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०११-४९०५८९ मा सम्पर्क राख्नुहुन र यस केन्द्रको वेबसाइट kavre.akc.gov.np वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट molmac.bagamati.gov.np बाट सम्बन्धित कार्यक्रम संचालनको लागि तोकिएको कार्यविधि विस्तृत जानकारी लिनुहुन अनुरोध छ।

## 'ईश्वरमाथि...

पृष्ठ १ बाट क्रमशः

खरिदमा पोखरेल एक्लैले निर्णय गरेका होइनन्, उनको पछाडि सरकार र सिंगो संयन्त्र थियो। 'तर, उच्चस्तरीय समितिको नेतृत्व गर्ने, कानुनविपरीत निर्णय गर्न लगाउने र संवेदनहीन अभिव्यक्ति दिने गरेकाले पोखरेल विवादको केन्द्रमा परेका हुन्,' स्वास्थ्य मन्त्रालयका एक अधिकारीले भने।

### ६ फास्ट ट्र्याकको कन्सल्ट्यान्ट रोजाइमा सेनासँग मत बाझियो

नेपाली सेनासँगको समन्वयमा पनि पोखरेल सफल हुन सकेनन्। फास्ट ट्र्याकको अन्तर्राष्ट्रिय परामर्शदाता छनोटमा पोखरेल र सेनाको रोजाइ बाझिएको थियो। पोखरेलको रोजाइ स्मेक नामको अन्तर्राष्ट्रिय कम्पनीलाई कन्सल्ट्यान्ट छनोट गर्ने थियो, तर प्रधानसेनापति पूर्णचन्द्र थापाले कोरियन युसिन कम्पनीलाई छनोट गर्न चाहेपछि प्रधानसेनापति र पोखरेलबीच विवाद बढेको थियो। सेनाको काम गर्ने शैलीको रक्षामन्त्रीले आलोचना गरेका थिए। १६ साउनमा उनले सैनिक नेतृत्वको आलोचना गर्दै भनेका थिए, 'हामी सिर्जनात्मक हुने होइन, लकिरको फकिर हुन खोज्छौं, त्यसैले पछाडि पर्छौं।'

पोखरेलको यो अभिव्यक्तिलगत्तै प्रधानसेनापति थापाले प्रधानमन्त्री ओलीलाई भेटेर असन्तुष्टि जनाएको निकट स्रोत बताउँछ। यद्यपि, पोखरेलको सचिवालयले उक्त भनाइलाई जोडेर सेना र रक्षामन्त्रीबीच फाटो ल्याउन खोजिएको भन्दै सम्बन्ध सुमधुर रहेको प्रस्टीकरण दिएको थियो। तर, पछिल्लो समयमा प्रधानमन्त्री ओलीसँग अनुमति लिएपछि जंगी अड्डाले रक्षा मन्त्रालयमा औपचारिकताका लागि फाइल पठाउँथ्यो। 'मन्त्रीको भूमिका साँघुरिएको थियो,' रक्षा मन्त्रालय स्रोतले भन्यो, 'सेनाबाट आएका कुनै पनि फाइल अब मन्त्रालयले रोक्ने, बुझ्ने र आफ्नो निर्णय लिने अवस्था थिएन।'

### ७ सम्धी वाणिज्य बैंकको सञ्चालकमा नियुक्त

आफ्ना सम्धी प्रा.डा. उपेन्द्र कोइरालालाई राष्ट्रिय वाणिज्य बैंकको अध्यक्ष बनाउने कसरतमा पनि उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेल विवादमा तानिएका थिए। अर्थ मन्त्रालयले कोइरालालाई बैंकको अध्यक्ष बनाउने गरी ८ भदौमा वाणिज्य बैंकको सञ्चालकमा नियुक्त भएका थिए। कोइरालालाई उपप्रधानमन्त्री पोखरेलकै दबाबमा वाणिज्य बैंकको अध्यक्ष बनाउने गरी सञ्चालकमा नियुक्ति गरिएको थियो। तर, कोइरालालाई अध्यक्ष बनाउने विषयमा विवादपछि १० भदौमा बैंकको बोर्ड बैठकसमेत प्रभावित भएको थियो। कोइरालाले सत्ताकै बलमा निरन्तर नियुक्ति पाउँदै आएका थिए। पदमा हुँदा अनियमितता गरेको भन्दै उनलाई बैंक सञ्चालकमा गरिएको नियुक्ति विवादित बनेको छ। कोइरालाले यसअघि मध्यपश्चिम विश्वविद्यालयको उपकुलपति, नेपाल आयल निगमको महाप्रबन्धक, उच्च माध्यमिक शिक्षा परिषद्को उपाध्यक्ष, नेपाल खाद्य संस्थानको महाप्रबन्धक, त्रिभुवन विश्वविद्यालय छापाखाना सञ्चालक समितिको अध्यक्ष, महेन्द्र मोरङ क्याम्पस विराटनगरको प्रमुखको नियुक्ति

कोरोनाविरुद्ध सचेतना



ढोकाको ह्यान्डिल, ताला
सकेसम्म कम छोऔँ



# विद्यालयमा ३८ हजार र स्थानीय तहमा ७५३ नर्सलाई रोजगारीको अवसर, तर तयार देखिएन सरकार

## दक्ष/सीपयुक्त जनशक्तिको प्रक्षेपित आकलन एक वर्ष र कोभिड-१९ व्यवस्थापन मार्गदर्शन पाँच महिनादेखि 'गोप्य'

इन्साइड स्टोरी



तस्बिर : दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका

- कोभिड-१९ व्यवस्थापनमा मात्र तत्काल ३३ हजार स्वास्थ्यकर्मी आवश्यक छ। सरकारसँग २९ हजार मात्र दरबन्दी, त्यो पनि पूर्ण छैन।
- सरकारमातहत स्वास्थ्य प्राविधिक कम भएकैले वडा-वडाका क्वारेन्टिनमा खटाउन सकिएको छैन। त्यसैले सरकारले कोभिड-१९ व्यवस्थापन मार्गदर्शन लुकाउनुमै समाधान पहिल्याएको छ।

**भवानीश्वर गौतम, अर्जुन अधिकारी/नयाँ पत्रिका**
**काठमाडौं, २८ असोज**

मुलुकमा नर्सिङलगायत जनशक्ति प्रक्षेपण गर्न सरकारले शिक्षामन्त्रीको अध्यक्षतामा एक समिति बनायो, जसमा योजना आयोगका उपाध्यक्षलगायत सदस्य थिए। समितिले ०७६ मै जनशक्ति प्रक्षेपण गरी प्रधानमन्त्री केपी ओलीलाई प्रतिवेदन बुझायो। तर, वर्षदिन बितिसक्दा पनि प्रतिवेदन सार्वजनिक भएको छैन।

यस्तै, सरकारले कोभिड-१९ महामारी व्यवस्थापनका लागि भौतिक स्रोत पहिचान तथा जनशक्ति व्यवस्थापन मार्गदर्शन पाँच महिनाअघि नै तयार पारेको हो। तर, त्यसलाई लागू गर्नु त टाढाको कुरा, सार्वजनिक पनि गरिएको छैन। यी दुई प्रतिवेदन कार्यान्वयनमा नल्याइँदा स्वदेशमै ठूलो संख्यामा नर्सिङ जनशक्ति खपत हुने अवसर गुम्ने जोखिम छ। स्वदेशका निजी अस्पतालमा कार्यरत नर्सले निरन्तर आर्थिक शोषण बेहोर्नु परिरहेको परिदृश्य फेर्न कोसेढुंगा सावित हुन सक्ने प्रतिवेदनका सुझाव कार्यान्वयनमा ल्याइनुपर्ने विज्ञहरू बताउँछन्।

### वि.सं. २१०० सम्ममा एक लाख आठ हजार ७१९ नर्स आवश्यक

सार्वजनिक नभएको दक्ष/सीपयुक्त जनशक्तिको प्रक्षेपित आकलनअनुसार नर्सिङसम्बन्धी प्राविधिक ०७५ मा ४४ हजार नौ सय ५२ आवश्यक थिए। यो संख्या ०८० सम्ममा बढेर ५६ हजार तीन सय ९९ पुग्ने प्रतिवेदनको प्रक्षेपण छ। यस्तै, ०८५ सम्ममा ७० हजार आठ सय ९७, ०९० सम्म ८८ हजार सात सय १३, ०९५ सम्म ९८ हजार नौ सय ७९ र २१०० सम्म एक लाख आठ हजार सात सय १९ नर्सिङ प्राविधिक आवश्यक पर्ने प्रक्षेपण छ।

तथापि, त्यस प्रक्षेपणलाई सार्वजनिक गरेर योजनाबद्ध काम थाल्न सरकारले उदासीनता देखाइरहेको छ। सोहीकारण अनुमानका भरमा नर्सिङ जनशक्ति उत्पादन जारी छ। र, उत्पादित जनशक्ति विकसित मुलुकतिर पलायन भइरहेको छ।

**जनशक्ति प्रक्षेपण**

| विसं | ०७५ | ०८० | ०८५ | ०९० | ०९५ | २१०० |
|---|---|---|---|---|---|---|
| आवश्यक नर्स | ४४,९५२ | ५६,३९९ | ७०,८९७ | ८८,७१३ | ९८,९७९ | १,०८,७१९ |

स्रोत : जनशक्ति प्रक्षेपणका लागि सरकारद्वारा गठित समितिको प्रतिवेदन

**सामूहिक आइसोलेसनमा आवश्यक जनशक्ति**

| ५० बेड | ५१ देखि १०० बेड |
|---|---|
| प्यारामेडिक २ | प्यारामेडिक ४ |
| नर्सिङ स्टाफ २ | नर्सिङ स्टाफ ४ |
| स्वास्थ्य परिचारिका २ | मेडिकल अफिसर १ |
| सहयोगी १ | सहयोगी १ |
| जम्मा ७ | जम्मा ९ |

**सामूहिक क्वारेन्टिनमा आवश्यक जनशक्ति**

| २०० बेड | २०१ देखि ५०० बेड | ५०० बेडभन्दा माथि |
|---|---|---|
| प्यारामेडिक १ | प्यारामेडिक २ | प्यारामेडिक ३ |
| नर्सिङ स्टाफ १ | नर्सिङ स्टाफ २ | नर्सिङ स्टाफ ३ |
| स्वास्थ्य परिचारिका २ | स्वास्थ्य परिचारिका २ | स्वास्थ्य परिचारिका २ |
| सहयोगी १ | सहयोगी १ | सहयोगी २ |
| जम्मा ५ | जम्मा ७ | जम्मा १० |

### विद्यालयमै ३८ हजार नर्स आवश्यक

योजना बनाएर अगाडि बढ्ने हो भने हालसम्म उत्पादित नर्स सबैले रोजगारी पाउने सिटिइभिटीका सदस्यसचिव वाग्ले दाबी गर्छन्। ग्रामीण क्षेत्रमा सुत्केरी हुन नसकेर महिलाले ज्यान गुमाइरहेका छन्। 'हरेक स्थानीय तह र विद्यालयमा नर्सको दरबन्दी सिर्जना गर्ने हो भने स्वास्थ्य सेवामा सहजता र रोजगारी पनि सिर्जना हुन्छ,' उनी भन्छन्, 'तर, तीन सयभन्दा बढी विद्यार्थी भएका विद्यालयमा स्टाफ नर्स राख्ने नीति बनेर पनि कार्यान्वयन भएको छैन।' वाग्लेका अनुसार विद्यालयमा नर्स राख्ने नीति कार्यान्वयन हुँदा तत्काल ३८ हजारले रोजगारी पाउनेछन्। सात सय ५३ वटा स्थानीय तहमा एउटा नर्सको दरबन्दी सिर्जना गर्दा त्यति नै जनशक्ति खपत हुन्छन्।

### अध्ययनमा आकर्षण भने उस्तै

नर्सिङ अध्ययनपछि रोजगारी पाएकामाथि निजी स्वास्थ्य संस्थामा आर्थिक शोषण कायम रहँदा अध्ययनमा भने आकर्षण घटेको छैन। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)द्वारा सञ्चालित प्रमाणपत्र तह स्टाफ नर्सदेखि विश्वविद्यालयका नर्सिङ कार्यक्रममा समेत विद्यार्थीको आकर्षण छ।

सिटिइभिटीबाट प्रमाणपत्र तह नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शैक्षिक संस्थाको संख्या एक सय १३ छ। ती संस्थामा वार्षिक चार हजार चार सयले अध्ययन गर्न सक्छन्। कतिपय संस्थाले ४० र केहीले २० जना भर्ना गर्न पाउँछन्। त्यसका बाबजुद नर्सिङ पढ्न इच्छुक धेरैले भर्ना नै पाउँदैनन्। सिटिइभिटीका सदस्यसचिव पुष्परमण वाग्लेका अनुसार नर्सिङमा कोटाभन्दा पनि बढी आवेदन पर्छन्। '४४ सय कोटा छ, तर बर्सेनि देशभर ६५ सयसम्म आवेदन आउँछन्,' वाग्ले भन्छन्।

सिटिइभिटीको प्रमाणपत्र तह तीनवर्षे नर्सिङ कार्यक्रममा मात्र चार लाख ७५ हजार शुल्क छ। त्यतिधेरै शुल्क तिरेर अध्ययन गरेका नर्सले पढाइ खर्च उठाउनसमेत मुस्किल छ। देशभर कति नर्स आवश्यक छन् भन्ने प्रक्षेपण नभएकाले पनि आवश्यकभन्दा बढी जनशक्ति उत्पादनले निरन्तरता पाइरहेको सदस्यसचिव वाग्ले बताउँछन्।

नर्सिङ अध्ययनमा देखिएको यो आकर्षण पढेर स्वदेशमै सेवा गर्ने उद्देश्यमा सीमित छैन, वाग्लेका अनुसार विदेश पलायन हुने आकांक्षा राख्नेहरू बढी देखिन्छन्। कोभिड-१९ संकटअघि अस्ट्रेलिया, अमेरिका, बेलायतलगायत मुलुकमा नर्सिङ अध्ययन गरेकालाई अवसर थियो। पढ्न मात्र होइन, नर्सिङ पढाउने शैक्षिक संस्था खोल्न पनि आकर्षण छ। सिटिइभिटीले ०७४ देखि नर्सिङ कार्यक्रम सञ्चालन अनुमति दिएको छैन। राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार चिकित्सा शिक्षा आयोगले नर्सिङ कार्यक्रम सञ्चालन अनुमति दिन्छ।

### तत्काल ३३ हजार ७१५ स्वास्थ्यकर्मी आवश्यक

देशभर ६ हजार सात सय ४३ वडा छन्। कोभिड-१९ व्यवस्थापनका लागि हरेक वडामा पाँचजनाका दरले ३३ हजार सात सय १५ स्वास्थ्यकर्मी आवश्यक छ। तर, सरकारमातहत २९ हजार स्वास्थ्यकर्मी मात्रै छन्। तीमध्ये करिब एक हजार चार सय चिकित्सक र करिब एक हजार पाँच सय नर्स छन्। अनिवार्य अवकाशका कारण त्यही दरबन्दी पनि रिक्त छ।

सरकारमातहत स्वास्थ्य प्राविधिक कम भएकैले वडा-वडाका क्वारेन्टिनमा खटाउन सकिएको छैन। त्यसैले सरकारले मार्गदर्शन लुकाउनुमै समाधान देखेको छ।

होम क्वारेन्टिनमा बसेका व्यक्तिको रेखदेखका लागि प्रत्येक वडामा चिकित्सक, नर्ससहित पाँच स्वास्थ्यकर्मी अनिवार्य देखिएको मार्गदर्शनमा उल्लेख छ। तर, यो सुझाव कार्यान्वयन नहुँदा घरमै आइसोलेसनमा बसेका कोरोना संक्रमितले स्वास्थ्यकर्मीको मुखसम्म देख्न पाएका छैनन्।

स्वास्थ्य मन्त्रालयको कर्मचारी प्रशासन महाशाखाका तत्कालीन सहसचिव रघुराम विष्ट र कानुन उपसचिव पुष्करराज नेपालले यो मार्गदर्शन तयार पारेका थिए। गोप्य राखिएको मार्गदर्शनमा स्थानीय तह, प्रदेश र अस्पतालमा होम क्वारेन्टिन, सामूहिक क्वारेन्टिन, सामूहिक आइसोलेसनलगायतमा आवश्यक जनशक्ति मूल्यांकन गरिएको छ। हाल संस्थागतभन्दा होम आइसोलेसनमा बस्नेको संख्या बढी छ। तर, मार्गदर्शन लागू नहुँदा होम आइसोलेसनमै धेरै संक्रमितको मृत्यु भएको छ।

### स्थानीय तह र प्रदेशमा आवश्यक स्वास्थ्यकर्मी

होम क्वारेन्टिन र आइसोलेसनमा रहेका बिरामीसँग सम्पर्क, समन्वय, परामर्श र उद्धारका लागि प्रत्येक वडामा प्यारामेडिक एक, नर्सिङ स्टाफ एक, स्वास्थ्य परिचारिका दुई र सहयोगी एकजना आवश्यक रहेको मार्गदर्शनमा उल्लेख छ। यस्तै, हरेक स्थानीय तहमा मेडिकल अधिकृत एक, प्यारामेडिक एक, नर्सिङ स्टाफ एक र सहयोगी एक गरी चारजना राख्न सुझाइएको थियो।

प्रदेशस्तरमा जनशक्ति सुपरिवेक्षणका लागि प्रतिएक सय व्यक्तिबराबर एमपिएच/एमडी कम्युनिटी मेडिसिन (आठ घन्टाको सिफ्टमा) एक, मेडिकल अधिकृत एक, प्यारामेडिक एक, नर्सिङ स्टाफ दुई, ल्याब टेक्निसियन एक, स्वास्थ्य परिचारिका दुई, सहयोगी एक, सरसफाइ कर्मचारी चार गरी १३ जना राख्नुपर्ने उल्लेख छ।

### सहरकेन्द्रित जनशक्ति

नर्सिङ अध्ययन गरेकाहरू सहरकेन्द्रित हुँदा समस्यामा पर्ने गरेको वाग्लेको भनाइ छ। 'ग्रामीण क्षेत्रमा जानुभन्दा सहरमा थोरै तलबमा पनि काम गर्न तयार भएपछि उनीहरूमाथि आर्थिक शोषण भइरहेको छ,' उनी भन्छन्, 'उचित पारिश्रमिकविना काम नगर्ने र दुर्गममा काम गर्न तत्पर भएमा फरक अवस्था हुन सक्छ।'

आर्थिक अवस्था राम्रो रहेका अभिभावकले छोरीलाई नर्सिङ पढाउने, तर रोजगारीका लागि सहरकेन्द्रित गरेर टाढा पढाउन नखोज्नुले पनि समस्या बढेको विज्ञहरूको विश्लेषण छ। खान-लाउन समस्या नभएपछि घरभन्दा टाढा र दुर्गममा काम गर्न नपठाउँदा नर्सहरू सहरमै केन्द्रित भएका हुन्। सहरमा आवश्यकभन्दा बढी जनशक्ति भएकाले उनीहरूले सस्तोमा काम गर्नुपर्छ।




नयाँ पत्रिका
सम्पादकीय

# मानवअधिकार परिषद्‌मा नेपाल

राष्ट्रसंघीय मानवअधिकार परिषद्‌मा नेपाल पुनः निर्वाचित भएको छ । सन् २०२१–२३ का लागि मंगलबार भएको निर्वाचनमा एसिया समूहबाट नेपाल पनि छानिएको हो । नेपालसँगै चीन र पाकिस्तान तथा उज्वेकिस्तान पनि परिषद् सदस्यमा एसियाबाट छानिएका छन् । मानवअधिकारका क्षेत्रमा काम गर्ने यो परिषद्‌मा प्रतिनिधित्वका मानक अवस्थाहरू र मानवअधिकारको व्याख्याका बीच रहेका विरोधाभासलाई छाड्ने हो भने यो विश्वभर स्वीकृत मानवअधिकारको रक्षाका लागि काम गर्ने एउटा महत्वपूर्ण संस्था हो । नेपालको यसमा भएको प्रतिनिधित्वले एकातिर विश्व समुदायले नेपालको मानवअधिकारको अवस्थाप्रति सन्तोष व्यक्त गरेको देखिन्छ, अर्कोतिर नेपालले देशभित्र र बाहिर पनि परिषद् सदस्यका रूपमा मानवअधिकारका क्षेत्रमा काम गर्नुपर्ने थप दायित्व र भूमिका पनि यसले प्रदान गर्छ ।

यो नेपालका लागि अवश्य पनि खुसीको कुरा हो । तर, मानवअधिकारको यो विश्वस्तरको संगठनमा निर्वाचित भइरहँदा नेपालमा मानवअधिकारको क्षेत्रमा के–के समस्या छन् तथा तिनलाई सम्बोधन गर्न राज्यपक्षले के–कस्तो भूमिका निर्वाह गरिरहेको छ भन्ने प्रश्न यसपछि पनि कायमै रहन्छ । नेपालले आफ्नो संविधानमार्फत नागरिकलाई राजनीतिक, आर्थिक र सांस्कृतिक अधिकारको सुनिश्चितता गरेको छ । अन्तर्राष्ट्रिय अभिसन्धि र व्यवस्थाको पक्षराष्ट्रका रूपमा नेपालले महिला अधिकार, बाल अधिकार, मानव बेचबिखनविरुद्ध र दासताविरुद्धको हकहरू स्थापित गरेको छ । आन्तरिक रूपमा कार्यक्रमिक दृष्टिले पनि बालबालिका, वृद्ध–वृद्धा, दलित, महिला, जनजाति, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, यौनिक अल्पसंख्यक, फरक क्षमता भएकाहरू सबैका पक्षमा सकारात्मक परिवर्तनका पहलहरू भएका छन् ।

> विश्व समुदायले नेपालको मानवअधिकारको अवस्थाप्रति सन्तोष व्यक्त गरेको देखिन्छ, अर्कोतिर नेपालले देशभित्र र बाहिर पनि परिषद् सदस्यका रूपमा मानवअधिकारका क्षेत्रमा काम गर्नुपर्ने थप दायित्व र भूमिका पनि यसले प्रदान गर्छ

राजनीतिक अधिकारको पक्षपोषण गरिरहँदा मानिसको जीविकाका अधिकार, सांस्कृतिक अधिकार र विविधतासहित पहिचानको अधिकारको रक्षा गर्न समाजले मानवअधिकारको पूर्ण प्रत्याभूति दिन सक्दैन भन्नेबारे नेपाल प्रस्ट रहेको देखिन्छ । तर, संविधान, कानुन र सरकारको प्रतिबद्धतामा भएका सकारात्मक पहलहरू स्वतः कार्यान्वयनमा जाने होइनन् । सरकारको इच्छाशक्ति, त्यसअनुरूपका संस्था या संरचना र प्रभावकारी हस्तक्षेपले मात्र यस्तो सुनिश्चितता गर्न सक्छ । तर, नेपालमा पछिल्लो समय खासगरी महिला, किशोरी तथा दलित अधिकार सुरक्षाका क्षेत्रमा प्रश्नहरू उठ्ने गरेका छन् । बलात्कृतहरूले न्याय पाउन नसकिरहेको, जातीय विभेद कायम रहेको, श्रम या रोजगारीको अधिकार सुनिश्चित नभएको, शिक्षा तथा स्वास्थ्यको पहुँचबाट वञ्चित हुनुपरेको जस्ता विषयले सरकारका प्रतिबद्धता र संवैधानिक व्यवस्थामाथि प्रश्न उठाउने गरेका छन् ।

यसैगरी ०५२ देखि ०६३ सम्मको सशस्त्र विद्रोहको समयमा भएका मानवअधिकार उल्लंघनका विषयलाई निरूपण गर्ने सम्बन्धमा नेपालको प्रगति सन्तोषजनक छैन । सत्य निरूपण तथा मेलमिलापको प्रश्न, जघन्य अपराध गर्नेलाई दण्डित गर्ने प्रश्न र पीडितलाई न्याय दिने पक्ष अझै सम्बोधन भएका छैनन् । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिकसम्बन्धी छानबिन गर्न बनेका आयोगले गर्ने अनुसन्धान तथा स्थापित गर्ने सत्यअनुसार दण्ड या क्षमादानका प्रश्नमा अझै कानुनी र विचारधारात्मक असमझदारी कायम छन् । नेपालको यो पक्षबारे विश्व समुदायले प्रश्न उठाइरहेको पनि छ । विश्वमञ्चमा भूमिका खेल्न जाने देशले आन्तरिक अवस्थामा सुधार गर्न नितान्त जरुरी हुन्छ । द्वन्द्वकालीन मुद्दाहरूको प्रचलित अन्तर्राष्ट्रिय मान्यताअनुसार नै निरुपण गर्न जति ढिलो गर्‍यो, त्यति नै नेपाल प्रश्नको घेरामा रहिरहनेछ ।

# जात–व्यवस्था र हत्याको प्रयोगशाला

## महिलामाथि केवल पुरुषले नियन्त्रण गर्दैन, जातले पनि नियन्त्रण गर्ने हुँदा महिलामुक्तिको गोरेटो जातको विनाशबाट सुरु गर्नुपर्छ



अग्रलेख

● राजकिशोर रजक

संसारका प्रायः सबै देशमा 'दास' वर्ग रहेको इतिहास छ । दास वर्गको विभिन्न पहिचान थियो । अमेरिकामा निग्रो, रोममा दास (स्लेव), स्पार्टनमा हेलोटस (क्रित), बेलायतमा विलियन्स (क्षुद्र) तथा जर्मनीमा यहुदी नामबाट परिचित थिए । दक्षिण एसियामा खासगरी नेपाल र भारतमा अछुतका रूपमा परिचित छन्, जसको जनसंख्या झन्डै २५ करोडभन्दा बढी छ । अछुतजत्तिको दासत्वको जीवन संसारका दासले भोगेका छैनन् । दलितको दासत्व जन्मसँग जोडिएको छ । इतिहासमा दास, क्रित, विलियन्स, निग्रो र यहुदी सबै लोप भइसके, तर अछुतमाथिको जातीय विभेद तथा छुवाछुतको भूत आज पनि जीवित छन् । यो तबसम्म जीवित रहन्छ, जबसम्म सवर्ण हिन्दुत्वको अस्तित्व रहन्छ । संसारको दर्शनलाई संश्लेषण गर्ने हेगेलले हिन्दू धर्म ब्राह्मणवादका अतिरिक्त अरू केही नभएको निष्कर्ष निकाल्दै भनेका थिए, 'हिन्दू धर्म कमिलामाथि खुट्टा नराख्न सल्लाह दिन्छ, तर भोकले मरिरहेका मान्छेसँग कुनै सरोकार राख्दैन । मस्तिष्कको औपनिवेशीकरण आर्थिक संसाधनको औपनिवेशीकरणभन्दा कैयौं गुणा खतरनाक हुन्छ । आर्थिक उत्पादनको स्रोतको औपनिवेशीकरण हुँदा त्यसविरुद्ध विद्रोहको सम्भावना हुन्छ, तर मस्तिष्कको औपनिवेशीकरण भएमा लामो समयसम्म मुक्त गर्न चुनौतीपूर्ण हुन्छ ।' हिन्दू वर्णमा आधारित जात-व्यवस्थामा दलित बहुजन र महिला मानसिक रूपमा गुलाम छन् ।

प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउत र कुनै समयका विहारका मुख्यमन्त्री बिपी मण्डलबीच हिन्दुत्वको राजनीतिको बाछिटा समान देखिन्छ । लालबाबु राउत जतिवेला मुख्यमन्त्रीको शपथ लिँदै थिए, जनकपुरका सवर्ण हिन्दूको बहिष्कार आश्चर्यजनक थियो । जनकपुरमा ठूलो विपत् वा बज्रपात खसेजस्तो लाग्थ्यो । मुस्लिम मुख्यमन्त्रीलाई आज पनि सवर्णले स्विकार्न सकिरहेका छैनन् । मण्डल जतिवेला विहार राज्यका मुख्यमन्त्री बने, बरौनी रिफाइनरीमा चुहावटका कारण गंगा नदीमा आगो लाग्यो । विहार विधानसभामा विनोदानन्द झाले कटाक्ष गर्दै भनेका थिए, 'शूद्र मुख्यमन्त्री बनेमा गंगामा आगलागी भइरहन्छ ।' जवाफमा मण्डलले भने, 'गंगामा आगो तेलको चुहावटका कारण लागेको छ, तर एउटा दलितको छोरो मुख्यमन्त्री बन्दा तपाईंको छातीमा जुन आगो लागेको छ, त्यो हामी सबैले महसुस गर्न सक्छौं ।' बिपी मण्डलले सम्झौता गरेनन्, तर हाम्रा मुख्यमन्त्रीले भगवावादी अजय सिंह विष्ट (योगी आदित्यनाथ)को स्वागतमा रातो कार्पेट बिछ्याउन भ्याए । र, सहरको मुख्य बाटोको घरलाई भगवा रंगमा रंगाउने कार्यको साक्षी बने । हिन्दू कर्मकाण्ड गर्न बाध्य भए र दलितमाथि भइरहेका शृंखलाबद्ध हत्या, बलात्कारलाई टुलुटुलु हेर्न बाध्य भए । जानकी मन्दिरमा राष्ट्रिय स्वयंसेवक संघको परेड हेर्न बाध्य भए ।

**सार्वजनिक खपतका लागि ऐन** : नेपालको संविधानको धारा १९७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ को प्रदेश सभाले दलित सशक्तीकरण ऐन ०७६ पास गरेको छ । ऐनलाई प्रदेश प्रमुखले ०७६ मंसिर २४ मा प्रमाणीकरण गरेका थिए । ऐनलाई प्रदेश सरकारले दक्षिण एसियाको उत्कृष्ट कानुनको रूपमा व्याख्या गरिरहेको छ । प्रदेश मुख्यमन्त्री, मन्त्रीहरू तथा मुख्य न्यायाधिवक्ताले सार्वजनिक कार्यक्रममा हामीले 'दलित सशक्तीकरण ऐन' बनाएका छौं भनिरहेका छन् । ऐन बनाउँदैमा दलितमाथिको शृंखलाबद्ध हत्या, बलात्कार, बस्तीमा डोजर आतंक, कुटपिट आदि रोकिने होइन ।

शम्भु सदाको सवैला इलाका प्रहरी कार्यालयको हिरासतमा हत्या भयो । राजु सदाले सामान्य उपचार नपाउँदा जनकपुरको आइसोलेसनमा छटपटाएर प्राण त्यागे । मलर सदा लकडाउनका कारण मजदुरी गुमाउँदा भोकले मृत्युको काखमा पुगे । विजय रामलाई रौतहटको गरुडा इलाका प्रहरी कार्यालयमा निर्मम यातना दिएर हत्या गरियो । सिरहाका रोशन राम, सप्तरीका त्रिभुवन राम, रौतहटका निरञ्जन रामलाई जातिवादी समाजले बाँच्न दिएन । डाक्नेश्वरी नगरपालिका-७, सप्तरीकी १७ वर्षीया संगिता मण्डल, सबैला नगरपालिका-१२, रघुनाथपुर, धनुषाकी १५ वर्षीया दलित किशोरी सामूहिक रूपमा बलात्कृत भइन् । रौतहटको गढिमाई नगरपालिका-३, लक्ष्मीपुरकी मिन्त्री देवी बैठा, महोत्तरीको भंगहा नगरपालिकाको हरिनमरी गाउँकी मुसहर महिला बलात्कृत भइन् । एउटा घटना सेलाउन नपाउँदै अर्को घटना घट्दै छ । प्रदेश सरकारले दाबी गरेको दक्षिण एसियाको उत्कृष्ट दलित सशक्तीकरण ऐनले किन यी घटना रोक्न सकेन ? रोक्ने कुरा त परै जाओस् पीडितलाई सामान्य न्याय दिन सकेको छैन । मुद्दा दर्ता गर्न पनि महिनौं आन्दोलन गर्नुपर्छ ।

**के छ ऐनमा ?** : दलित सशक्तीकरण ऐन, ०७६ मा प्रस्तावनासहित ५ परिच्छेद र १५ धारा छन् । कुनै पनि कानुनको प्रस्तावना महत्वपूर्ण हुन्छ । प्रस्तावनाले दलित समस्या र जात-व्यवस्थालाई बुझ्न सकेको छैन । दलित समुदायमाथि भेदभाव र हिंसाजन्य घटनाको मूल कारण अन्धविश्वास तथा सामाजिक कुसंस्कारलाई मानिएको छ, न कि हिन्दू धर्ममा आधारित जात-व्यवस्थालाई । जातीय भेदभाव र छुवाछुत पूर्ण रूपमा अन्त्य गर्नका लागि जातको विनाश अनिवार्य पूर्वसर्त हो । जातीय भेदभाव मूलतः सवर्ण हिन्दूको समस्या हो, जसबाट सबैभन्दा धैरै दलित प्रताडित छन् । जात-व्यवस्थालाई कायम राखी छुवाछुत हटाउने कुरा सम्भव छैन । जात सामाजिक अव्यवस्था हो । जातले समाजमा व्याकरणको काम गर्छ । जसरी बालबालिकाले व्याकरण नपढी भाषा सिक्छ, त्यसरी नै हिन्दू समाजमा मानिसले जातिवादी व्यवहार सिक्छन् र सोहीअनुसार व्यवहार गर्छन् ।

> जातीय भेदभाव र छुवाछुत पूर्ण रूपमा अन्त्य गर्नका लागि जातको विनाश अनिवार्य पूर्वसर्त हो । जातीय भेदभाव मूलतः सवर्ण हिन्दूको समस्या हो, जसबाट सबैभन्दा धैरै दलित प्रताडित छन् । जात-व्यवस्थालाई कायम राखी छुवाछुत हटाउने कुरा सम्भव छैन ।

ऐनले विभिन्न समितिको व्यवस्था गरेको छ । मुख्यमन्त्रीको अध्यक्षतामा जातीय विभेद तथा छुवाछुत अनुगमन समिति, स्थानीय तहमा पालिका अध्यक्ष र नगर प्रमुखको सिफारिसमा दलित संयोजक रहने जातीय विभेद तथा छुवाछुत अनुगमन समिति, सामाजिक विकासमन्त्रीको अध्यक्षतामा दलित विकास समितिको व्यवस्था छ । ऐनले यी समितिलाई दलितमाथि हुने घटनाको अनुगमन, प्रचार-प्रसार, पैरवी, अध्ययन, प्रतिवेदन बनाउने अधिकार दिएको छ । मतलब यसले दलितमाथि हुने हत्या-हिंसा, बलात्कार, उठिवासको अध्ययन गर्न दलित दमनको ल्याबोरेटरी बनाउने पक्का छ । ऐनले ठोस रूपमा दलित समस्या समाधानका लागि समितिलाई सशक्त बनाएको भने देखिँदैन । यसले दलित अगुवालाई भ्रमित गर्ने, अलमल्याउनेबाहेक ठोस रूपमा केही गर्न सक्दैन । नाममा सशक्तीकरण भए पनि सारमा दलित विकासमा जोड दिएको छ । जे-जति थोरै व्यवस्था भएको छ, त्यसअनुरूप यसले संरचना निर्माण गर्न सकेको छैन । ऐनले दलित समुदायलाई झन् कमजोर बनाउने पक्का छ । दलितको माई-बाप बन्ने प्रवृत्तिबाट दलित सशक्तीकरण ऐन ल्याइएको देखिन्छ । नयाँ पत्रिकामा प्रकाशित भोला पासवानको २७ असोजको समाचारबाट प्रदेश सरकारको प्राथमिकता सहजै बुझ्न सकिन्छ ।

शक्ति बढ्नु नै सशक्तीकरण हो । सशक्तीकरण विभिन्न तरिकाबाट गर्न सकिन्छ । दलित सशक्तीकरणको ठोस कार्यक्रम सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा दलितलाई अधिकार सम्पन्न बनाउनेतर्फ केन्द्रित हुनुपर्छ । संसारभरिको अनुभवले के देखाउँछ भने सीमान्तकृतको अधिकार संविधान वा कानुनमा लेखिँदैमा स्वतः प्राप्त हुँदैन । अधिकार प्राप्तिको उपाय र संरक्षण महत्वपूर्ण हुँदो रहेछ । यो सन्दर्भमा अम्बेडकरको भनाइ सान्दर्भिक हुन्छ- संविधान जति नै राम्रो किन नहोस्, त्यसलाई लागू गर्ने मानिस इमानदार छैन भने संविधानको प्रभावकारी कार्यान्वयन हुन सक्दैन ।

सामाजिक सशक्तीकरणअन्तर्गत दलितलाई आधारभूतदेखि उच्च शिक्षासम्म निःशुल्क र गुणस्तरीय शिक्षाका लागि आवश्यक नीति, कानुन र बजेटको व्यवस्था गर्नुपर्छ । त्यसका लागि निजी र सामुदायिक शैक्षिक संस्थानमा सामाजिक प्रतिनिधित्व सुनिश्चित गर्न प्रभावकारी आरक्षणको व्यवस्था हुनुपर्छ । आधारभूत स्वास्थ्य अधिकार सुनिश्चित गर्नका लागि निःशुल्क उपचारको व्यवस्था सरकारले गर्नुपर्छ । साथै शासन-प्रशासनमा सामाजिक प्रतिनिधित्व सुनिश्चित गर्न नोकरीमा समानुपातिक आरक्षणको व्यवस्था हुनुपर्छ । दलित महिलामाथि हुने बलात्कार, हत्या, विभेदलाई अन्त्य गर्नका लागि ब्राह्मणवादी पितृसत्ताको विनाश गर्नुपर्छ । महिलामाथि केवल पुरुषले नियन्त्रण गर्दैन, पुरुषको जातले पनि नियन्त्रण गर्ने भएकाले महिला मुक्तिको गोरेटो जातको विनाशबाट सुरु गर्नुपर्छ ।

**आर्थिक र राजनीतिक सशक्तीकरण** : आर्थिक सशक्तीकरणका लागि भूमिहीन दलितलाई संविधानमा व्यवस्था भएबमोजिम सुरक्षित वास र जीवन निर्वाहका लागि आवश्यक भूमि उपलब्ध गराउनुपर्छ । भूमि उत्पादनको स्रोत मात्र नभएर शक्तिको स्रोत पनि हो । दलित भूमिहीनता सवर्ण-ब्राह्मणवादी व्यवस्थाका कारण भएको हो । साथै दलितको राजनीतिक सशक्तीकरण प्रमुख मुद्दा हो । दलित सवर्ण हिन्दूभन्दा पृथक् छन् । मिश्रित निर्वाचन प्रणालीबाट साँचो अर्थमा दलितको सशक्तीकरण हुन सक्दैन । वर्तमान मिश्रित निर्वाचन प्रणालीले चम्चा प्रतिनिधि निर्माण गर्दो रहेछ, जसले आफ्नो समुदायमाथि हुने दमन, हत्या, बलात्कार, उठिवासविरुद्ध पनि बोल्न सक्दैन । दलितको राजनीतिक सशक्तीकरण दुई मतको अधिकारबाट मात्र सम्भव छ । त्यसका लागि पृथक् निर्वाचन मण्डल र संयुक्त निर्वाचन मण्डल दुवै हुन आवश्यक छ । पृथक् निर्वाचनको माध्यमबाट आफ्नो स्वतन्त्र उमेदवार संसद्‌मा पठाउन सकिन्छ र संयुक्त निर्वाचनबाट साझा उमेदवार पठाउन सकिन्छ । पृथक् निर्वाचनबाट मात्रै सही प्रतिनिधित्व हुन सक्छ । यसका साथै कार्यपालिकामा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्छ ।


प्रदेश नं. २ मा दलितको जनसंख्या १८ प्रतिशत छ । दलितका लागि पृथक् निर्वाचन मण्डलको अधिकार भयो भने २० सिटमा दलितले वास्तविक प्रतिनिधित्व चुन्न सकिनेछ । त्यो अवस्थामा दलित महिलाको बलात्कार र दलितको हत्या तुलनात्मक रूपमा घट्नेछ । यसका लागि दलित बहुजन समाजभित्र नेतृत्व तयार हुँदै छ । साथै अम्बेडकरी बहुजन विचारधाराबाट दलित बहुजनभित्र भ्रातृत्वको निर्माण गर्नुपर्छ । जात होइन, जमात निर्माण गर्नुपर्छ । वर्तमान संविधान र मिश्रित निर्वाचन प्रणालीका कारण तीनै तहको सरकार प्रतिनिधिमूलक सरकार होइन । भारतको सन्दर्भमा अंग्रेजले सदैव भन्ने गर्थे, भारत प्रतिनिधि सरकारको योग्य छैन । यो कुरा नेपालको सन्दर्भमा झनै बढी लागू हुन्छ, जुन देशको समाज जातमा विभाजित छ, त्यो देशको सरकारले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्दैन । नेपालको कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र मिडिया कुनै एउटा जातको नियन्त्रणमा रहेसम्म यो प्रतिनिधिमूलक हुन सक्दैन ।

यही मधेसमा लागू हुन्छ । मधेस आन्दोलनको जगमा बनेको प्रदेश नं.२ को सरकार प्रतिनिधिमूलक सरकार होइन । मधेस आन्दोलनमा दलितको समानुपातिक सहादत भए पनि मन्त्रिपरिषद्, नीति तथा योजना आयोग, लोकसेवा आयोग आदिमा दलितको उपस्थिति शून्य हुनु सामान्य कुरा होइन । मधेसी दलित गुलामदेखि गुलामसम्मको यात्रा गर्न बाध्य छन् । प्रदेश नं.२ को सरकारलाई केवल दलितको भोट चाहिएको छ । त्यसपछि ऊ जात हेरेर व्यवहार गर्छ । लकडाउनको समयमा धनुषाको जटही बोर्डरमा भोकबाट मृत्यु भएका वीरेन्द्र यादवको परिवारलाई ५ लाख क्षतिपूर्ति दिइयो भने भोकबाट मृत्यु भएका सप्तरीका मलर सदालाई एक लाख ५० हजार क्षतिपूर्ति दिने निर्णय गरियो । त्यो रकम पनि परिवारले अझैसम्म पाएका छैनन् । सरकारको जातिवादी सोचको योभन्दा अर्को उदाहरण के हुन सक्ला ?

*(लेखक अध्येता हुन्)*

# प्रकृतिको रक्षार्थ संरक्षणको पुरानो शैली फेर्नुपर्छ

## सरकारले स्थानीय तथा आदिवासीलाई संरक्षण क्षेत्रको व्यवस्थापन र योजनाको नेतृत्वमा समावेश गर्नुपर्छ



देश / विदेश

आइरेने वाविवा बेटेको    साभिओ कार्भाल्हो

संकटका संकेतहरू स्पष्ट भएर उम्रिरहेका छन् : डढेलो, बाढी, सुक्खा, महाव्याधि, प्रजातिको समाप्ति...। पृथ्वी आफ्नो सामर्थ्यले भ्याउनेसम्मको पुकार गरिरहेकी छिन् । हामीले त्यसलाई सुन्नु र अमल गर्न जरुरी छ । हामीले हाम्रो प्यारो ग्रहका जीवनहरूको रक्षार्थ कर्पोरेट जगत्‌का अन्त्यहीन लालचविरुद्ध र वर्तमान एवं भावी पुस्ताका खातिर प्राकृतिक विश्वको हिस्साका रूपमा मानवताको पुनः खोज गर्नु आवश्यक छ । पर्यावरणमा सन्तुलन पुनर्स्थापना गर्न विश्वका सरकारहरूले पुस्तौंपुस्ता प्रकृतिको सामीप्यमा जिउँदै आएका एवं प्रकृतिको पुकार सुन्दै आएका समुदायको ज्ञानलाई सम्मान गर्न जरुरी छ । पृथ्वीको रक्षार्थ सरकारहरूले आदिवासी तथा स्थानीय समुदायको अधिकारको पहिचान र सम्मान गर्नुपर्छ ।

प्रदूषित राजनीति प्रवर्तित मौजुदा व्यवसायको ढाँचा मूल समस्या हो । यही ध्वंसकारी प्रणालीले हाम्रा जंगल र सागरहरूका जैविक विविधता सिध्याइरहेको छ र वातावरणका प्रतिरक्षकहरूलाई मारेर मानव समुदायलाई दुर्दशामा धकेलिरहेको छ । यसर्थ, प्रकृतिसँगको सम्बन्धलाई पुनर्स्थापनार्थ हामीले खाद्यवस्तु, ऊर्जा एवं प्राकृतिक स्रोतहरूको उत्पादन तथा उपभोगको शैलीमा प्रणालीगत परिवर्तन गर्न आवश्यक छ । हाम्रा स्थानीय समुदायदेखि संयुक्त राष्ट्र संघको जैविक विविधतासम्म, शासनका हरेक तहका निर्णयले मानवयोग्य विश्वका लागि योगदान गर्न र संकटबाट निकाल्न सक्छ । भावी माहामारीविरुद्ध मजबुतीका साथ उभिन सघाउँछ । मानिस र पृथ्वी दुवैलाई मौलाउने सुविधा दिन्छ । पूरै विश्वको प्रकृतिको रक्षार्थ सरकारहरू अर्को चरणको पहलकदमीका लागि संयुक्त रूपले सहमत भएसँगै हामीलाई अब अझै राम्रो योजना चाहिएको छ । सन् २०३० सम्ममा जल तथा जमिनको कम्तीमा ३० प्रतिशत भाग संरक्षित गर्ने कुरा यो ग्रहको पुनरुत्थानको एउटा महत्वपूर्ण अवयव हुनेछ । यो एउटा महत्वाकांक्षी तथा मापनयोग्य लक्ष्य पनि हो । महत्वपूर्ण पर्याक्षेत्रको थप क्षयीकरण रोक्न विश्वव्यापी सुरक्षा जालो अत्यावश्यक छ । साथै, यो लक्ष्यले जीवप्रजाति हुने जोखिमलाई पनि आधाले घटाउनेछ । तर, यसका लागि मौजुदा अथवा भनौं यसअघिका असफल मोडलहरू परित्याग गर्नु आवश्यक हुनेछ ।

यसका लागि नागरिकको अधिकारलाई सुदृढ बनाउने मोडल आत्मसात् गर्नुपर्ने हुन्छ । यदि मुलुकहरूले जैविक विविधतालाई जोगाउने हो, असमानतासँग जुध्ने र जलवायु लक्ष्य प्राप्त गर्ने हो भने यो नै सफलताको कडी हो । अधिकांश अति प्रभावित एवं संरक्षित समुद्री क्षेत्र स्थानीय तटवर्ती समुदायअन्तर्गतका क्षेत्र नै छन् । सन् २०३० सम्म ३० प्रतिशत जमिनलाई संरक्षित गर्ने लक्ष्यलाई लिएर वातावरणीय तथा मानव अधिकार समूह एवं अभियन्ताहरूले गहिरो चिन्ता व्यक्त गरेका छन् । पर्याप्त परामर्शविनै तयार फ्रेमवर्क र त्यसको गलत कार्यान्वयनले संरक्षित क्षेत्रको संरक्षण होइन कि त्यसले मानिस, प्रजाति र ग्रहकै लागि दुर्दशा निम्त्याउने भय उनीहरूले देख्छन् । अहिलेको पोस्ट-२०२० ग्लोबल बायोडायभर्सिटी फ्रेमवर्कको मस्यौदामा यस्तो परिणाम ननिम्तिने कुराको भरोसायोग्य सुनिश्चितताको अभाव छ । न्याय तथा जैविक विविधता दुवै प्रवर्द्धन गर्ने विधिमा नै यो लक्ष्यको सफलता निर्भर हुनेछ । यो कुरा त्यस मस्यौदामा दर्सिनैपर्छ । लालची कम्पनीहरूलाई कसरी नागरिकको शक्तिले पछि हटाएको छ भन्ने पनि हामीले देखेका छौं । मेक्सिकोको काबो पुल्मोका स्थानीय समुदायले सामुद्रिक जीवन र जनजीविका दुवैलाई पुनर्जीवित गरेका छन् । यसका लागि उनीहरूलाई कानुनी संरक्षण प्राप्त छ । कानुनी अधिकार र तिनलाई लागू गर्ने उपकरण हुँदा आदिवासी एवं स्थानीय समुदायले अतिक्रमण र दोहनबाट आफ्नो भूभाग जोगाएका छन् । ब्राजिलको अध्ययनले पनि अमेजनमा जैविक विविधता र जंगल जोगाउनमा सबभन्दा प्रभावकारी तरिका यही भएको देखाउँछ ।

> तथाकथित किल्लाबन्द कन्जरभेसन नैतिक रूपले नै समस्याग्रस्त छ । त्यसले जमिनिस्तरमा भयानक परिणतिहरू निम्त्याएको छ ।

प्रजातिहरूको विनाश, जलवायु र असमानता गहिर्‍याउने औद्योगिक विस्तारको प्रतिरोध गर्ने सवालमा नागरिकहरूलाई साधनसम्पन्न गराउने अनेकौं तरिका छन् । यसका लागि लम्बेतान कागजी एवं प्रशासनिक झन्झटको सरलीकरण आवश्यक छ । तथाकथित किल्लाबन्द कन्जरभेसन नैतिक रूपले नै समस्याग्रस्त छ । त्यसले जमिनिस्तरमा भयानक परिणतिहरू निम्त्याएको पनि छ । यसले पुस्तौंदेखि आबाद गरिरहेका आदिवासीहरूलाई उनीहरूको जमिन र जीविकाबाट बेदखल गरेको छ । कंगो बेसिनमा अन्तर्राष्ट्रिय दाताको पैसामा खडा गरिएका पर्या-बलले बारम्बार स्थानीय मानिसलाई प्रताडित गर्ने, बलात्कार गर्ने र मार्नेसम्मका घटना भइरहन्छन् । यसखाले असफल औपनिवेशिक विचारधारामा आधारित कन्जरभेसन मोडलले सीमान्तकृत तथा जल, जमिन र जंगलमा निर्भर समुदायलाई वन्यजन्तुको खतराको रूपमा व्यवहार गर्छ ।

यसर्थ, त्यस बेकामे कन्जरभेटिभ विधि पूरै परित्यागयोग्य छ । यो ग्रहको संकटको समाधान होइन । सन् १९३० सम्ममा ३० प्रतिशत जमिन र समुद्रको पर्यावरण संरक्षण गर्ने लक्ष्य प्राप्तिका लागि अन्य विकल्पहरू खोजिनुपर्छ । अन्यथा त्यसले लाखौंलाख आदिवासी तथा स्थानीय समुदायलाई थातथलोबाट विस्थापित गर्नेछ । यसले सामाजिक अन्याय बढाउनेछ, अधिकारबाट वञ्चित गर्नेछ, जैविक विविधताका रखवाला स्थानीय तथा आदिवासी समुदायको समृद्धिको ढोका बन्द गर्नुका साथै आत्मसम्मान र पहिचानमा ठेस पुर्‍याउनेछ ।

*(बेटेको ग्रिनपिस अफ्रिका कंगो बेसिन फरेस्टका इन्टरनेसनल प्रोजेक्ट लिडर हुन् । कार्भाल्हो ग्रिनपिस इन्टरनेसनलमा खाद्य तथा जैविक विविधताका ग्लोबल क्याम्पियन लिडर छन् ।)*

*अलजजिराबाट*

प्रेरक प्रसंग

## पुस्तकको चमात्कार

वर्नर कार्ल हाइजेनबर्ग १९ वर्षका छँदा विश्वविद्यालयमा पालेको काम गर्थे । आफ्नो काम सकाएर विश्वविद्यालयबाट फर्किंदै गर्दा एक दिन उनले कतैबाट प्रख्यात दार्शनिक प्लेटोको एउटा पुस्तक भेटे । पुस्तकमा प्लेटोले प्राचीन ग्रिसको परमाणुसम्बन्धी सिद्धान्तबारे आफ्नो विचार राखेका थिए । उनीभित्रको विलक्षण प्रतिभा पालेको जागिर खाने क्रममै प्रस्फुटित भइसकेको थियो । उनी विश्वविद्यालयको अध्ययन र चिन्तन प्रणालीबाट साह्रै प्रभावित थिए । प्लेटोको पुस्तकले उनीभित्रको त्यो प्यासलाई जगाइदियो । हाइजेनबर्ग प्लेटोको पुस्तकबाट कतिसम्म प्रभावित भए भने उनले त्यस विषयमा भेटेजतिका सबै पुस्तक पढ्न थाले । पालेको जागिरबाट समय निकालेर उनी पुस्तकालयमा समय व्यतीत गर्न थाले ।

त्यसपछि के थियो र, २३ वर्षको उमेरमा उनले आफ्नो बेजोड प्रतिभाको बलमा गोटिजेनमा प्रोफेसर मेक्स प्लंकको सहायकको पदमा नियुक्ति पाए । अर्को वर्ष उनी केपनहेगनको विश्वविद्यालयमा लेक्चरर भइसकेका थिए । ३१ वर्षको उमेरमा पुग्दानपुग्दै भौतिक विज्ञानको अनुसन्धानमा असाधारण योगदान पुर्‍याएबापत उनलाई नोबेल पुरस्कार कमिटीले सन् १९३२ मा क्वान्टम यान्त्रिकीको निर्माणका लागि नोबेल पुरस्कार दिने निर्णय गर्‍यो । यो पुरस्कार उनले सन् १९३३ मा लिए । उनले गरेको खोजले पछिका वैज्ञानिकलाई हाइड्रोजनको एलोट्रोपिकको स्वरूपको खोज गर्न निकै सहयोग पुग्यो । पुरस्कृत हुने वेला उनी जर्मनीको लिपजिङ विश्वविद्यालयमा अध्यापन र अनुसन्धान गर्थे । हाइजेनबर्गको जीवनमा आमूल परिवर्तन ल्याइदिने त्यही एउटा पुस्तक थियो । यसर्थ पुस्तकभन्दा असल दोस्रो साथी छैन ।

## लाजमर्दो आधार

राष्ट्रियस्तरमा शिक्षकको मर्यादा नतोकिए पनि विद्यालय तहमा भने तह र नियुक्तिको वरिष्ठता कायमै छ । तर, राजनीतिक आशीर्वाद, प्रधानाध्यापकको चाकरी कला, विद्यालय व्यवस्थापन समितिको वरदान र स्थानीय सरकारसमेतको विवेकहीनताका कारण कतिपय कक्षा सञ्चालित आधारभूत विद्यालयमा स्नातक-स्नातकोत्तर उत्तीर्ण स्थायी शिक्षक हुँदाहुँदै प्रअ ०४८ सालमै स्वतः स्थायी भएका दश जोड दुई उत्तीर्ण शिक्षक छन् । यस्तो भएपछि, कक्षा ११-१२ मा अध्यापन गर्नचाहिँ तोकिएको शैक्षिक योग्यता भएका, अनुमतिपत्र वाहक चाहिने, तर सबैको प्रमाणीकरण गर्ने अयोग्य भए पनि हुने खालको अवस्था छ । यो त आफैँमा विरोधाभास भएन र ? अनुभवका आधारमा नेतृत्व प्रदान गर्ने हो भने त्यसले हाम्रो शैक्षिक प्रणाली कमजोर हुँदैन र ?

● **चित्रकला श्रेष्ठ**, *सिर्जनानगर, भक्तपुर*

टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## सरकारमा भन्दा महामारीमा ध्यान दिऊँ

कोभिड-१९ को बढ्दो संक्रमण दरलाई ध्यानमा राखेर काठमाडौं उपत्यकाका सबै सरकारी अस्पताललाई कोरोना अस्पताल बनाउने सरकारले घोषणा गरेको छ । तर, दिनभर र रातभर लाइनमा बसेका आमनागरिकको अवस्था हेरेर सरकारी कामको अनुमान लगाउन सकिन्छ । यस्तो वेलामा द्रुतगतिमा काम कसरी सम्पन्न गर्ने, अत्यावश्यक सेवा नागरिकसम्म कसरी पुर्‍याउने भन्नेमा कसैको ध्यान जान सकेको छैन । त्यसैले संघीय राजधानी अहिले कोरोना संक्रमणको केन्द्रबिन्दु बन्न पुगेको छ । दसैंको मुखमा यसले सर्वसाधारणलाई झनै संक्रमित बनाउने पक्का छ । दसैं, तिहार र छठजस्ता ठूला पर्वहरू नजिकिँदै गर्दा उपत्यकाबाट बाहिर जानेको संख्या पनि ह्वात्तै बढिरहेको छ । संक्रमणलाई काठमाडौं उपत्यकाबाट बाहिरसम्म विस्तार गर्न यो सहयोगी हुनेमा कुनै शंका छैन । संक्रमणको उच्च दर उपत्यकाबाहिरका ग्रामीण क्षेत्रहरूमा पुग्यो भने यसले अकल्पनीय दुर्घटना निम्त्याउनेछ । काठमाडौं उपत्यकामा मात्र साधनस्रोत केन्द्रित हुँदा त यसलाई रोक्न सरकारले लकडाउनबाहेक केही गर्न सकेको छैन, झन् यो बाहिर पनि गयो भने के होला भनेर कल्पना पनि गर्न सकिँदैन ।

जाजरकोटमा झाडापखालाबाट त गाउँका गाउँ संक्रमण भई कैयौंले ज्यान गुमाएको परिवेशमा कोरोना भाइरसको सामना ती क्षेत्रले गर्नुपर्‍यो भने के अवस्था आउला ? यसमा सरकार त्यति गम्भीर भएको देखिँदैन । त्यसैले यति वेला सरकार झनै चनाखो हुनुपर्ने हो । तर, दुःखको कुरा सरकार मन्त्रिपरिषद् हेरफेरमा लागेको छ । कृपया यस्तो वेलामा सरकारमा भन्दा महामारी नियन्त्रणमा ध्यान दिऊँ ।

● **रेशम थापा मगर**, *बालाजु, काठमाडौं*

## भोकमा भजन होइन, भात चाहिन्छ सरकार

असोज २७ गतेको पहिलो पृष्ठको 'सबैभन्दा बढी दलित र विपन्न भएको प्रदेश २ को बजेट मठमन्दिरमा ९२ करोड, दलित आवासमा ७ लाख' शीर्षकको समाचारले स्तब्ध बनायो । प्रदेश २ मा २७ प्रतिशत नागरिक गरिबीको रेखामुनि र १७ प्रतिशत दलित समुदायका मानिसको बसोवास छ । अधिकांश दलित समुदायका मानिस भूमिहीन छन् र त्यही ऐतिहासिक कारणले गरिबीको रेखामुनि छन् । दैनिक श्रम बेचेर जीवन निर्वाह गर्न बाध्य यो समुदायको रक्षा, उन्नति र अधिकारका लागि काम गर्न गठित सरकारले उनीहरूमाथिको विभेदलाई थप संस्थागत गर्ने मन्दिर बनाएको कुरालाई समान्य अर्थमा बुझ्न मिल्दैन ।

एकातर्फ प्रदेशमा घरवारविहीनहरूको संख्या बढ्दै गइरहेको छ, कोरोनाको महामारीका कारण रोजगारीका सीमित स्रोतहरू पनि बन्द भई मानिस आत्महत्याको दोसाँधमा उभिएका छन्, तिनलाई जोगाउने कार्यक्रम ल्याउनुको सट्टा प्रदेश सरकारको प्राथमिकता देखेर उदेक लाग्यो । नागरिकको गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, सरसफाइ, स्वच्छ खानेपानी आदिको व्यवस्थापन गर्नतर्फ नलागेर लम्पट, दलाल र सम्भ्रान्तलाई थप पोस्नका लागि प्रदेश सरकारले गरेको कामलाई कुनै पनि मानेमा जायज ठहर्‍याउन सकिन्न । यो प्रदेश सरकारको अविवेकी र असंवेदनशीलताको पराकाष्ठा हो । जनताले पाँच वर्षका लागि सरकारमा पुर्‍याएका हुन्, त्यसैले बीचमा जनताप्रति जवाफदेही बन्नुपर्दैन भन्ने सोच मुख्यमन्त्रीमा पलाएको हो कि के हो, उहाँले यस विषयमा सार्वजनिक जवाफ दिनुपर्छ ।

साथै उहाँले बुझ्नुपर्छ, भोक लागेको मान्छेलाई भात चाहिन्छ, भजन होइन । जाडो हुने मान्छेलाई कम्बल चाहिन्छ, कीर्तन होइन । सर्वप्रथम प्रदेश सरकारले जनतालाई भोक, रोग र शोकको जालोबाट निकाल्ने काम गरोस् । सरकारले अन्ततः नागरिकको पक्षमा काम गर्न सकेन भने त्यो सरकार हुनु र नहुनुको भेद के ? त्यसैले सरकारले आगामी दिनमा बजेट विनियोजन गर्न पहिले प्राथमिकता तय गरोस् । यो प्रदेशका गरिब, भूमिहीन र दलितलाई माथि नउकासी प्रदेश र समग्र राष्ट्रको विकास हुन सक्दैन भन्ने बुझ्न जरुरी छ । सरकारले आगामी दिनमा यसैतर्फ काम गरोस्, शुभकामना !

● **प्रदीपकुमार यादव**, *कल्याणपुर-११, सिरहा*

# मुटु भएको अर्थमन्त्रीको खोजी

## कुनै संवेदनशील अर्थमन्त्रीले महामारीमा एउटा पनि भेन्टिलेटर नकिनेर गाडी किन्न, मर्मत गर्न, फर्निचर खरिदलगायतमा अर्बौं बजेट बढाउँदैन



बहस

● जनार्दन बराल

सन् २००६ देखि २००८ को मध्यसम्म विश्वबजारमा तामाको मूल्य चार गुणासम्म बढेको थियो । संसारकै सबैभन्दा ठूलो तामा निर्यातक चिलीले प्रशस्त फाइदा गऱ्यो, विदेशी मुद्राको सञ्चिति कुल गार्हस्थ्य उत्पादनको ३० प्रतिशतसम्म पुगेको थियो । तामाबाट मुलुकले कमाएको पैसा जनतालाई बाँड्नुपर्छ भनेर चिलीमा ठुल्ठूला जुलुस भए । सन् २००८ को सेप्टेम्बरमा सडकमा निस्किएका जनताले तत्कालीन अर्थमन्त्री आन्द्रेस भेलास्कोको पुतला जलाउँदै नारा लगाए, 'तामाबाट कमाएको पैसा गरिबलाई बाँड ।' तर, त्यो पैसा फजुल खर्च गर्न हुँदैन भनेर भेलास्को टसमस भएनन्, उनको 'सेन्टर-लेफ्ट' पार्टीको सरकार धर्मरायो । कोलम्बिया विश्वविद्यालयका पिएचडी र हावर्डकै पोस्टडक्टरेट भेलास्को हार्वर्ड विश्वविद्यालयमा पढाइरहेका थिए, उनलाई अर्थमन्त्री नियुक्त गर्दा तत्कालीन प्रधानमन्त्री मिसेल बाचले असाध्यै उत्साहित थिइन्, तर जनताबाट मात्रै होइन, पार्टीभित्रैबाट उनलाई हटाउनुपर्छ भन्ने आवाज शक्तिशाली रूपमा उठेपछि उनी गलिसकेकी थिइन् । तर, त्यही अडानका कारण भेलास्को समकालीन विश्वका सबैभन्दा सफल अर्थमन्त्रीका रूपमा चिनिन्छन् ।

सन् २००७ मा विश्वभर सुरु भएको आर्थिक मन्दीले २००८ को अक्टोबर महिनाबाटै तामाको मूल्यमा ५० प्रतिशतसम्म गिरावट आयो । मन्दीका कारण अमेरिका, रसिया मात्रै होइन, विश्वका धेरै मुलुक आर्थिक संकटको भुमरीमा फसे । तर, भेलास्कोले बचत गरेर राखेको रकम चिलीलाई आर्थिक संकटबाट पार लगाउन खर्च गरे, बेरोजगारलाई भत्ता दिइयो, रोजगारी सिर्जना गर्ने परियोजनामा बजेट बढाइयो, व्यवसायीलाई करमा राहत दिइयो, जसका कारण चिली त्यसवेलाको आर्थिक संकटबाट सबैभन्दा कम प्रभावित मुलुकमध्येमा पऱ्यो । भेलास्को सबैभन्दा आलोचित अर्थमन्त्रीबाट सबैभन्दा प्रशंसित बन्न पुगे । एउटा अर्थमन्त्रीको ज्ञान र सुझबुझपूर्ण नीतिले मुलुकलाई संकटबाट कसरी जोगाउन सकिन्छ भन्ने सबैभन्दा शक्तिशाली उदाहरण सायद भेलास्को नै हुन् ।

नेपालमा भने कोरोनाका कारण अर्थतन्त्र चरम संकटमा परेका वेला 'विज्ञ अर्थमन्त्री' डा. युवराज खतिवडा जिम्मेवारीबाट हटे र पार्टीभित्र बलियो पकड भएका विष्णु पौडेल नियुक्त भएका छन् । यसअघि प्रधानमन्त्री केपी ओलीले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र राष्ट्रबैंकको गभर्नरसमेत बनिसकेका डा. युवराज खतिवडालाई अर्थमन्त्रीमा नियुक्त गर्दा मुलुकको व्यावसायिक र बौद्धिक जगत् औधी खुसी भएको थियो । खतिवडा बाहिरिँदा त्यो वर्ग दुःखी बनेन । उनीभन्दा अगाडिका अर्थमन्त्रीको तुलनामा डा. खतिवडाले अर्थतन्त्रलाई नराम्रो गरेका होइनन् । तर, विज्ञ अर्थमन्त्रीका रूपमा मुलुकले उनीबाट ठूलो अपेक्षा गरेको थियो । कोरोना संकटको खाडलमा मुलुक भासिँदा त्यसबाट पार पाउने परिपक्व आर्थिक योजना बनाउनुको साटो देशमा संकट नै आएको छैनजस्तो लाग्ने बजेट ल्याएर उनले आर्थिक संवेदनशीलता नभएको प्रशासकको छवि बनाए । मुलुककै सबैभन्दा जानेमाने अर्थशास्त्री डा. खतिवडाको कार्यकाल औसतभन्दा माथि हुन नसकेपछि अर्थमन्त्रीका योग्यताका विषयका स्थापित मान्यता पक्कै पनि भत्किएका छन् ।

आर्थिक रूपमा संकटमा परेका वेला संसारका अधिकांश मुलुकले विज्ञ अर्थमन्त्री नियुक्त गर्छन् । किनभने संकटबाट मुलुकलाई पार लगाउन कुशल नीति-निर्माताले सही नीति निर्माण गर्नेछ भन्ने विश्वास प्रधानमन्त्री वा राष्ट्रपतिले लिएका हुन्छन् । बजारको आत्मविश्वास कायमै राख्न मात्रै होइन, पुँजी पलायन रोक्न र अन्तर्राष्ट्रिय बजारबाट सहयोग तथा लगानी भित्र्याउन पनि संकटका वेला विज्ञ अर्थमन्त्री आवश्यक छ भन्ने मान्यता स्थापित छ । यही प्रसंगमा सन् ९० को दशकको सुरुवातको भारतलाई सम्झन सकिन्छ । लामो समयको लाइसेन्स राजका कारण भारत सन् १९९१ मा टाट पल्टिने अवस्थामा पुगेको थियो । विदेशी मुद्राको सञ्चिति एक अर्ब २० करोड डलर मात्रै थियो, जसले तीन साताको आयात पनि धान्दैनथ्यो, त्यो अवस्था केही साता मात्रै रहँदा भारत टाट पल्टने निश्चित थियो । त्यस्तो अवस्थामा तत्कालीन अर्थमन्त्री डा. मनमोहन सिंहले भारतमा उदारीकरण घोषणा गरे । भारत स्वतन्त्र भएदेखि नै समाजवादी अर्थतन्त्र अँगाल्दै आएको कांग्रेस पार्टीलाई बजारमुखी आर्थिक नीतिमा लैजान सजिलो थिएन । तर, तत्कालीन प्रधानमन्त्री पिभी नरसिंह रावलाई विश्वासमा लिएर उनले सुझबुझपूर्ण ढंगले जसरी उदार आर्थिक नीति सुरु गरे त्यो नै आर्थिक वृद्धिको इन्जिन बन्न पुग्यो । पछि दुई कार्यकाल प्रधानमन्त्री भएका सिंहलाई विश्व र भारतले नै प्रधानमन्त्रीका रूपमा भन्दा अर्थमन्त्रीका रूपमा बढी सम्झन्छ र सम्मान गर्छ ।

युनिभर्सिटी अफ पिटसवर्गका दिपसिना अलेक्सियाडोउ र हाकान गुनाइदिनले कसरी सही अर्थमन्त्री छान्ने भनेर अध्ययन गरेका थिए । १३ वटा पश्चिमी युरोपका संसदीय व्यवस्था भएका मुलुकमा सन् १९४५ देखि सन् २०१२ सम्मको तथ्यांक केलाउँदा उनीहरूले ६३ प्रतिशत अर्थमन्त्रीहरू आर्थिक क्षेत्रका विज्ञ भएको पाए । अझ मुद्रासंकट र उच्च मूल्यवृद्धि भएका बखत विज्ञ अर्थमन्त्री नियुक्त हुने गरेको पनि अध्ययनले देखायो । तर, प्राविधिक विज्ञता सफल अर्थमन्त्री बन्न आवश्यक एउटा गुण मात्रै हो, ऊसँग राजनीतिक व्यवस्थापनको सीप तथा संसद्मा उठ्ने प्रश्नहरूको सामना गर्न सक्ने क्षमतासमेत हुनुपर्छ भनेर प्राध्यापकद्वय किथ डावडिङ र प्याट्रिक डुमन्टले लेखेका छन् । किनभने अर्थमन्त्री राजनीतिक पद हो, पार्टी वा सरकारले जनतासँग गरेका वाचा पूरा गर्ने एजेन्ट हो । अर्थमन्त्रीले जनतामा आशा र लगानीकर्तामा विश्वास जगाउनुपर्छ, त्यसरी बन्ने नीतिबाट अर्थतन्त्रमा उच्च मूल्यवृद्धिजस्ता समस्या देखिने भए भने त्यसको व्यवस्थापन केन्द्रीय बैंकले गर्छ ।



●●●

अर्थ मन्त्रालयले जनताका दुःख-पीडा महसुस गर्नुपर्छ, उनीहरूले काम वा खाना पाए-नपाएको विचार गर्नुपर्छ । जनता आत्तिएका वेला पिर नगर, सरकार छ, भनेर भरोसा दिने काम अर्थमन्त्रीको हो । महामारीले रोजगारी गुमाएपछि सहरमा खान नपाई महिनौँ दिन लगाएर गाउँ हिँडेका जनताको पैतालाको गहिरो घाउ देखेको नदेख्यै गर्ने अर्थमन्त्री हुन सक्दैन ।

●●●

परिवर्तनको सपना भएको अर्थमन्त्रीले मुलुकको कालजयी विकासको सपना जस्तोसुकै अप्ठ्यारोमा पनि मर्न दिँदैन । चीनमा देङ स्याओ पिङ सन् १९५२ मै उपप्रधानमन्त्री तथा अर्थमन्त्री भएका थिए । पुँजीवादप्रति उदार विचार राखेकै कारण उनले अर्थमन्त्रीको पद गुमाउनुपऱ्यो ।

अर्थ मन्त्रालय हृदय अर्थात् मुटु हो, केन्द्रीय बैंक दिमाग । अर्थ मन्त्रालयले जनताका दुःख-पीडा महसुस गर्नुपर्छ, उनीहरूले काम वा खाना पाए-नपाएको विचार गर्नुपर्छ । जनता आत्तिएका वेला पिर नगर, सरकार छ, भनेर भरोसा दिने काम अर्थमन्त्रीको हो । महामारीले रोजगारी गुमाएपछि सहरमा खान नपाई महिनौँ दिन लगाएर गाउँ हिँडेका जनताको पैतालाको गहिरो घाउ देखेको नदेख्यै गर्ने अर्थमन्त्री हुन सक्दैन । सडकमा पुगेका श्रमिकहरू जनताले चन्दा उठाएर टुँडिखेलमा बाँडेको खाना पानीमा रुझ्दै खाँदा कुनै पनि अर्थमन्त्री नजिकैको सडकबाट तीन करोडको गाडीमा झन्डा हल्लाउँदै हिँड्न सक्दैन । यस्ता निरीह जनतालाई राहत दिन बजेट नपुग्ने भन्दै भाषण गर्ने कुनै संवेदनशील अर्थमन्त्रीले सांसद विकास कोषको रूपमा अर्बौंको कार्यक्रमलाई निरन्तरता दिँदैन । सुझबुझ भएको अर्थमन्त्रीले संकटका वेला तल्लो तहका कर्मचारीको तलब काटेर उच्चपदस्थको भत्ता बढाउँदैन । महामारीमा एउटा पनि भेन्टिलेटर नकिनेर गाडी किन्न, मर्मत गर्न, फर्निचर खरिदलगायतमा अर्बौं बजेट बढाउँदैन । देशको ढुकुटी आँखा चिम्लेर बाँड्नुपर्छ भन्ने होइन । तर, संकटमा कहाँ बजेट बचाउने, कहाँ खर्च गर्ने भन्ने आधारभूत समझ अर्थमन्त्रीमा हुनुपर्छ । जनताको पीडा महसुस गर्ने मुटु अर्थमन्त्रीमा अवश्य हुनुपर्छ ।

आफ्नो विवेकले काम गर्न नसक्ने मान्छे अर्थमन्त्री भयो भने ऊ जति नै विद्वान् भए पनि काम लाग्दैन । मन्त्रीहरूको कार्यकाल प्रधानमन्त्रीको हातमा हुने हुँदा जागिर जोगाउन प्रधानमन्त्रीको ताबेदारी मात्रै गरिरहने मन्त्रीले ठूलो नीतिगत सुधार गर्न सक्दैन । आफैँ जोखिम लिन सक्ने क्षमता भएको मन्त्री बन्यो भने उसको कार्यप्रदर्शन राम्रो हुन सक्छ । तर, यो काममा भने टेक्नोक्र्याटभन्दा राजनीतिज्ञ नै अगाडि हुने वासिंगटन विश्वविद्यालयका सहप्राध्यापक क्रिस्टोफर एडोल्फ 'बैंकर्स, ब्युरोक्र्याट्स एन्ड सेन्ट्रल बैंक पलिटिक्स'मा उल्लेख गर्छन् । राजनीतिकर्मी जनतामाझ आफ्नो राम्रो राजनीतिक व्यक्तित्व बनोस् भन्ने हेतुले सोहीअनुसार नीति-निर्माण गर्न सधैँ तत्पर हुन्छ । किनभने ऊ पुनः निर्वाचित हुन चाहन्छ । उसका नीतिहरू असफल भए भने उसलाई राजनीतिक रूपमा क्षति हुन्छ । तर, टेक्टोक्र्याटहरू जनताले के भन्लान् भनेर होइन, आफ्ना क्षेत्रका सहकर्मी-सहपाठीले कसरी हेर्लान् भनेर काम गर्छन् । यति कुरा पनि विचार नगर्ने अर्थमन्त्री बन्यो भने उसले बनाउने होइन, बिगार्छ मात्रै ।

नेपालजस्तो विकासको फेदीमै रहेका मुलुकमा अर्थमन्त्रीले गर्न सक्ने काम धेरै हुन्छन् । राम्रो परिणाम ल्याउन धेरै मिहिनेत गर्नु पनि पर्दैन । विकसित मुलुकहरूमा बिरलै मात्रै प्राप्त हुने ४-५ प्रतिशतको आर्थिक वृद्धि कुनै नीतिगत हस्तक्षेप नै नगरी प्राप्त हुन्छ । आर्थिक विकासको कुन बाटो ठीक होला भनेर परीक्षण र गल्ती गर्दै (ट्रायल एन्ड एरर) अघि बढ्नुपर्ने बाध्यता पनि छैन । हामीजस्तै अन्य मुलुकहरू के गर्दा सफल भए, के गर्दा असफल भए भन्ने अनगिन्ती उदाहरण छन् । यहाँ त केबल काम गरेर देखाउने प्रतिबद्धता भएको अर्थमन्त्रीको खाँचो छ । खरिदारबाट सुब्बा, अधिकृतबाट उपसचिव हुँदै रिटायर भइसकेपछि पुनः जागिर खोज्दै हिँड्नेहरूमा देशप्रति त्यस किसिमको प्रतिबद्धता हुँदैन, जागिर खाने र जोगाउने ध्याउन्न मात्रै हुन्छ । यस किसिमका टेक्नोक्र्याटहरू काम गर्नै चाहे भने पनि टिप्पणी र सदरको कार्यविधि र प्रक्रियामा नै अलमलिन्छन्, किनभने जिन्दगीभर उनीहरूले गरेको र जानेकै त्यही हुन्छ ।

परिवर्तनको सपना भएको अर्थमन्त्रीले मुलुकको कालजयी विकासको सपना जस्तोसुकै अप्ठ्यारोमा पनि मर्न दिँदैन । चीनमा देङ स्याओ पिङ सन् १९५२ मै उपप्रधानमन्त्री तथा अर्थमन्त्री भएका थिए । पुँजीवादप्रति उदार विचार राखेकै कारण उनले अर्थमन्त्रीको पद गुमाउनुपऱ्यो । सन् १९६० को दशकमा चिनियाँ अर्थतन्त्रमा सुधार गर्दै गर्दा माओले सांस्कृतिक क्रान्ति सुरु गरे, देङलाई '२ नम्बरको पुँजीवादको लिस्नो (क्यापिटलिस्ट रोडर)' को आरोप लगाइयो र सम्पूर्ण राजनीतिक पदबाट मुक्त गरियो । बीचमा पुनः नेतृत्वमा आएका उनलाई सन् १९७६ मा त्यस्तै कार्बाही गरियो । तर, सन् १९७७ पछि उनले सर्वोच्च नेताका रूपमा चीनलाई उदारवादी अर्थव्यवस्थातर्फ अघि बढाए, जसको परिणामस्वरूप आज चीनले विश्वलाई चकित पार्दै अभूतपूर्व आर्थिक विकास गरेको छ ।

साम्यवादी राजनीतिक शासनभित्र अर्थतन्त्रमा पुँजीवादको उच्चतम प्रयोगले कसरी उत्कृष्ट नतिजा दिँदो रहेछ भन्ने उदाहरण- चीन त्यहीँ हिमालपारि छ, धेरै टाढा हेर्नैपर्दैन । पुँजीवादी आर्थिक नीति लिएर समाजवादको उत्कृष्ट अभ्यास गरिरहेका युरोपेली मुलुकहरू हेर्न पनि चस्माको पावर फेर्नैपर्दैन । त्यसैले पुँजीवादी वा समाजवादी होइन, वस्तुवादी र व्यवहारवादी भएर अर्थतन्त्रलाई अघि बढाउने अर्थमन्त्रीका रूपमा पौडेलको यो कार्यकाल हेर्न बाँकी छ ।

@JanardanBaral

# दलाल पुँजीवाद, विकास र पार्टीको पुनर्जीवन

## कुशल एवं दूरदर्शी नेतृत्व र प्रगतिशील पार्टीले मात्र विश्व परिवेशअनुकूलका नीतिको अवलम्बन गर्दै मुलुकलाई दिगो विकास र समृद्धितर्फ डोऱ्याउन सक्छ



● डा. कृष्ण राज पन्त

केहीअघि कान्तिपुर दैनिकमा प्रकाशित आ-आफ्ना आलेखमा नेकपा नेता घनश्याम भुसाल र नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले मुलुकमा व्याप्त दलाल पुँजीवादको बढ्दो प्रभाव, त्यसले आर्थिक विकास र सुशासनमा पारेको प्रभाव अनि त्यसको संक्रमणको चंगुलबाट आ-आफ्ना पार्टीलाई जोगाई कसरी क्रान्तिकारी बनाउने भन्ने चिन्ता जाहेर गरेका थिए । पार्टीपंक्ति वैचारिक स्खलन, गुटबन्दी र निकटतावादको सिकार भएको कुरा दुवैले प्रस्ट्याए । पौडेलले कांग्रेसलाई गाउँको विकास गर्ने पार्टीको रूपमा विकसित गरिनुपर्ने बिपीकालीन मान्यतासहितका केही कार्यक्रम पनि प्रस्तुत गरे । भुसालले चाहिँ समाजवादतर्फको यात्रामा चरणबद्ध विकास, नागरिकलाई उपयुक्त रोजगारीको ग्यारेन्टी, गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधासहितका केही कार्यक्रमको दृष्टान्त दिए । भुसालले समाजवादी क्रान्तिको सामान्य कार्ययोजनासहितको क्रान्तिकारी जनाधारको निरन्तर उत्पादन र पुनरुत्पादनको ग्यारेन्टी नै नेकपा बचाउने बुटी पाए । त्यसका लागि उनले क्रान्तिकारी विचार र लोकतान्त्रिक विधिसहितको संगठन आवश्यक ठानेका छन् । त्यस्तै, पौडेलले पार्टीलाई नवजीवन दिन पार्टीको वैचारिक धरातलको किटान अनि पार्टीपंक्तिभित्र सैद्धान्तिक तथा कार्यक्रमिक स्पष्टता र निष्ठाको आवश्यकता महसुस गरेका छन् । यसबाहेक विभिन्न नेताले विभिन्न फोरममा दलाल पुँजीवादको दबदबाबारे प्रशस्त चर्चा थालेका छन् ।

**सन्दर्भ दलाल पुँजीवादको** : नेपालमा दलाल पुँजीवादको सुरुवात राणाकालदेखि नै भए पनि व्यापार सन्तुलनको वक्ररेखा ऋणात्मक हुन थालेको २०३० को दशकदेखि यसले गति पाउन थालेको र ०६५/६६ पछि नेपालमा दलाल पुँजीवादको थप प्रभाव बढ्दै गएको मान्न सकिन्छ । आर्थिक वर्ष ०४७-४८ यता मुलुकको जिडिपीमा औद्योगिक क्षेत्रको योगदान औसत १७.५ प्रतिशत र सेवा क्षेत्रको योगदान अत्यधिक वृद्धि भई औसत ४६.५ प्रतिशत पुग्नुले यस अवधिमा दलाल पुँजीवादका निम्ति वातावरण झन् अनुकूल हुन पुगेको छ । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनालगत्तै भूमण्डलीकरण (उदारीकरण)को अन्धानुकरणको फलस्वरूप मुलुकका सार्वजनिक उद्योगधन्दा कौडीको भाउमा निजीकरणको बाटो हुँदै बन्द गरिनु दलाल पुँजीवादका लागि सबैभन्दा बढी जिम्मेवार छ । त्यसैको कारण कांग्रेस पार्टी अलोकप्रिय भएको भन्दै पार्टीपंक्तिभित्रबाट नेताहरूको आलोचना हुने गर्छ । तत्कालीन कांग्रेस सरकारको त्यो पदचापलाई त्यसपछिका सरकारले राम्रैसँग अनुसरण गर्दै आए । तीन दशकको अवधिमा औद्योगिक वातावरणको अभाव र व्यापारमा हुने मुनाफाका कारण कैयौँ उद्योगीहरू व्यापारिक घरानामा परिणत हुँदै जानुले पनि बढ्दो व्यापारवादसँगै दलाल पुँजीवादको दायरालाई फराकिलो बनाउँदै लग्यो ।

खुला बजार अर्थतन्त्रसँगै दलाल पुँजीवादको दायरा र प्रभाव राजनीतिक दल, नेतृत्व र निर्णयहरूसमेत प्रभावित गर्न सक्षम हुन पुगेको छ । दलाल पुँजीवादअनुरूपका दृष्टिकोणको कारण हरेक दलका नेतृत्व आफ्नो संगठन र राज्य सञ्चालन दुवैमा दिन-प्रतिदिन अक्षम र आलोचित बन्दै आएका छन् । यस परिप्रेक्ष्यमा दलाल पुँजीवाद करछली र राजनीतिक चलखेलका कारण आलोच्य भएको मात्र देखिँदैन, बरु शासकहरूमाथिको अनुचित प्रभावको माध्यमबाट सिन्डिकेट, एकाधिकारमार्फत कमिसनको चक्कर र अत्यधिक मुनाफाका कारण नागरिकहरूमा परेको मूल्यवृद्धिको मार र राज्यको गलत नीतिका कारण स्वदेशी पुँजी बहिर्गमन प्रोत्साहित र स्वदेशी उत्पादन र रोजगारी निरुत्साहित हुनुले यो नागरिकको टाउको दुखाइको विषय बनेको देखिन्छ ।

कतिपय व्यक्ति राजनीतिक नेतृत्वको कार्यशैलीभन्दा पनि स्वदेशी उत्पादन, प्रतिस्पर्धी अर्थव्यवस्था र पारदर्शी शासन व्यवस्थाको प्रवर्धन भए दलाल पुँजीवादको प्रभाव कम हुने ठान्छन् । तर, त्यस्ता प्रभावकारी आर्थिक नीति र शासन व्यवस्था अवलम्बन गर्ने सन्दर्भमा पनि उदीयमान राष्ट्रहरूले प्रस्तुत गरेका दृष्टान्तले भने राजनीतिक नेतृत्वकै दूरगामी सोचको अहं महत्वलाई इंगित गर्छ । दलाल पुँजीवादको चंगुलबाट उम्किन कुशल, स्वच्छ र सबल राजनीतिक नेतृत्व अपरिहार्य हुन्छ ।

**आर्थिक विकास र राज्यको भूमिका** : आफ्नो मुलुकको विशिष्ट परिस्थितिअनुकूल नीति अख्तियार गरेका मुलुकले आर्थिक विकासमा छलाङ मारेका र निश्चित मोडेलको अन्धानुकरण गर्ने मुलुकलाई निकै पछि छाडेका पनि छन् । अनियन्त्रित बजार अर्थव्यवस्थाभन्दा मुलुकको दिगो र स्वच्छ आर्थिक विकासमा बजारका नदेखिने हात र सरकारका देखिने हातको उचित संयोजन नै हाम्रा निम्ति उपयुक्त हुन सक्छ । चीनलगायत पूर्वी एसियाली मुलुकले यही विधिबाट चामत्कारिक विकास गरेका छन् । यस सन्दर्भमा आडम स्मिथको अवधारणाअनुरूपको स्वतन्त्र बजारको सिद्धान्तमाथि राज्यको नियमनको भूमिकामा जोड दिइएको जेएम किन्सको जेनेरल थ्योरीलाई स्मरण गर्न सकिन्छ । यसर्थ, मुलुकको भूगोल, हावापानी र प्राकृतिक स्रोतमा आधारित विशिष्टीकृत र तुलनात्मक लाभका वस्तुहरूको उत्पादन पद्धतिको अवलम्बन र सोअनुसारको पुँजी र जनशक्तिको विकासमा ध्यान दिनु जरुरी छ । दिगो विकासको अवधारणाअनुरूप कृषि, ऊर्जा तथा जलस्रोत, पर्यटन, जडीबुटी आदि क्षेत्रमा आधारित उत्पादन र आर्थिक विकाससँगै वैज्ञानिक र व्यावहारिक शिक्षासहितको सामाजिक विकासमा नै मुलुकको जोड हुनुपर्छ । प्रतिस्पर्धामा आधारित स्वतन्त्र बजारमुखी आर्थिक वृद्धिलाई समृद्धिको एक मात्र सूत्र मान्ने नवउदारवादी अर्थशास्त्रीय दृष्टिकोणभन्दा माथि उठेर मात्र संविधान अपेक्षित समाजवादउन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिन्छ ।

**आर्थिक समानता र कुज्नेट हाइपोथेसिस** : गरिबी र असमानताको न्यूनीकरणका निम्ति गुणस्तरीय एवं समान शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था अनिवार्य सर्त हो, जसको पक्षपोषक नोवल पुरस्कार विजेता विद्वान् अमर्त्य सेन पनि हुन् । यसका निम्ति राज्यको हस्तक्षेप आवश्यक हुन्छ । नयाँ प्रविधिको द्रुत विकाससँगै विश्वमा व्यक्ति-व्यक्ति र राष्ट्र-राष्ट्रबीच आयमा बढ्दो असमानताले मानव विकासको समान अवसरको महत्वलाई अझ छलंग पारेको छ । यसमा उचित आर्थिक अवसरसमेतलाई थप गरिदिँदा जीवनको गुणस्तरमा हुने असमानतालाई न्यूनीकरण गर्न पक्कै पनि सहयोग पुग्नेछ । कतिपय नवउदारवादी अर्थतन्त्रका पक्षपाती भने आर्थिक वृद्धिलाई समानताको वाहकका रूपमा आत्मसात् गर्दै मुलुकको आय बढेसँगै समानता स्वतः आउँछ, समानताको बाटो असमानता भएर जान्छ भन्ने साइमन कुज्नेटको पुरानो कथनका पक्षपाती देखिन्छन् । तर, विगत केही वर्षका खोजले ६५ वर्षअघि प्रतिपादित कुज्नेट सिद्धान्तको व्यापक र तार्किक खण्डन गर्छन् । आर्थिक वृद्धि र आर्थिक समानताको कुज्नेटीय अन्तरसम्बन्धलाई विकसित पुँजीवादी मुलुकहरू र वित्तीय संस्थाहरूले विकासोन्मुख मुलुकहरूलाई आफ्नो प्रभावमा राखिरहनका निम्ति उपयोग गरेको आरोपसमेत छ ।

डेनिन्जेर एन्ड स्क्वेर (१९९८), हिगिन्स एन्ड विलिंग्सन (१९९९) लगायत केही अध्ययनले थुप्रै मुलुकको तथ्यांकको विश्लेषणका आधारमा कुज्नेटको निष्कर्ष प्रमाणित नभएको बताउँछन् । अझ सन् २०१४ मा थोमस पिकेटीले त आफ्नो कृति क्यापिटल इन द ट्वेन्टीफस्ट सेन्चुरीमा सन् १९१० यताको १०० वर्षको अमेरिकी तथ्यांकको विश्लेषणबाट राष्ट्रिय आय र आर्थिक असमानताको बाटो कुज्नेटले भनेझैँ इन्भर्टेड यु आकार नभई एस आकारको भएको बताएका छन् । राष्ट्रिय आय र असमानताको सम्बन्ध हुने निष्कर्ष निकालेका कुज्नेटले पुँजीको वितरणको भूमिकालाई अनदेखा गरेका छन् । यसर्थ असमानताको न्यूनीकरणको औजार कुज्नेटले भनेझैँ लामो अवधिको आर्थिक वृद्धि नभई मुलुकले अवलम्बन गर्ने कर, ज्यालाजस्ता माध्यमबाट गरिने आयको पुनर्वितरणसहितको वित्तीय नीति हुन सक्छ । असमानता पुँजीवादको अन्तर्निहित विशेषता नै हो । यही असमानतामार्फत मुट्ठीभर धनाढ्यले मुलुकको आर्थिक र राजनीतिक दुवै प्रक्रियामा आधिपत्य जमाउँछन् ।




●●●

असमानताको न्यूनीकरणको औजार कुज्नेटले भनेझैँ लामो अवधिको आर्थिक वृद्धि नभई मुलुकले अवलम्बन गर्ने कर, ज्यालाजस्ता आयको पुनर्वितरणका वित्तीय नीति हुन सक्छन् । असमानता पुँजीवादको अन्तर्निहित विशेषता नै हो । यही असमानतामार्फत मुठीभर धनाढ्यले मुलुकको आर्थिक र राजनीतिक दुवै प्रक्रियामा आधिपत्य जमाउँछन् ।

ब्रिक्स मुलुकमा हालसालै गरिएको एक अध्ययनले आर्थिक वृद्धिलगायत मुद्रास्फीति र ब्याजदरले पनि आर्थिक असमानता बढाएको र यससम्बन्धी मौद्रिक नीतिले आयको वितरणमा भूमिका खेलेको भेट्टाएको छ । अर्को एक अध्ययनले उत्पादन निर्देशितभन्दा सेवा निर्देशित विकासको बाटोबाट गुज्रेका मुलुकमा कुज्नेटको हाइपोथेसिस केही हदसम्म सार्थक पाएको छ । त्यस्तै, अर्थशास्त्री जोसेफ स्टिगलिजले भूमण्डलीकरणले असमानता बढाएको कुराप्रति जाहेर गरेका चिन्ताले पनि आर्थिक समानताको मार्ग स्वतन्त्र बजार मुखी अर्थतन्त्र र आर्थिक वृद्धि हुन नसक्ने कुरालाई पुष्टि गर्छ । असमानताको सन्दर्भमा कार्ल मार्क्सको पुँजीको एकध्रुवीय सञ्चयप्रतिको चिन्तालाई मार्क्सवादी मात्र नभई प्रसिद्ध अमेरिकी अर्थशास्त्री पौल क्रुगम्यानलगायतका कल्याणकारी अर्थशास्त्रीले समेत प्रत्यक्ष वा परोक्ष रूपमा उठाइरहेका छन् ।

हुन त पिकेटीको थेसिसमाथि मूलधारका अर्थशास्त्रीहरूबाट चर्को आक्रमण छ । तर, कुज्नेटको सिद्धान्त सान्दर्भिक हुने हो भने सन् १९७४ मा ३५.३ प्रतिशत बिन्दु भएको अमेरिकाको गिनी सूचकांक (असमानताको सूचक) निरन्तर बढ्दै गएर सन् २०१६ मा ४१.४ प्रतिशत पुग्ने थिएन होला । त्यस्तै, बेलायत, जापान, स्विट्जरल्यान्डजस्ता प्रतिव्यक्ति आय बढी भएका मुलुकमा पनि कुज्नेट प्रवृत्ति प्रत्याभूत भएको देखिँदैन । हाम्रो मुलुककै जस्तो भौगोलिक अवस्थिति भएको र हालसालै आर्थिक विकासमा उल्लेखनीय फड्को मारिरहेको इथियोपियाले कृषिप्रधान औद्योगीकरणमार्फत सुरुवाती आर्थिक वृद्धिसँगै गरिबी घटाएको र आर्थिक असमानतालाई स्थिर राखेको छ । आर्थिक असमानता न्यूनीकरणको मूलबाटो आर्थिक वृद्धि प्रधान निरपेक्ष पुँजीवादभन्दा खासमा मुलुकले लिने पुनर्वितरणको नीतिमा नै भर पर्छ ।

**ग्रामीण विकास कि सहरीकरण** : मूलधारको अर्थशास्त्रबाट आकर्षित विज्ञ तथा राजनीतिक नेताहरूमा सहरीकरण नै आर्थिक विकासको आधार हो भन्ने धारणा पाइन्छ । तर, हाम्रो जस्तो मुलुकमा ग्रामीण विकाससहितको सापेक्ष सहरीकरण, कृषि विकास तथा प्राकृतिक स्रोतमा आधारित मोडेल नै दिगो आर्थिक विकासको आधार हुन सक्ने देखिन्छ । तर, ग्रामीण विकास जथाभावी सडक यातायात सञ्जालको विकासमा मात्र सीमित भने हुनुहुँदैन । कृषि विकासअन्तर्गत कृषिको व्यावसायीकरण, आधुनिकीकरण, यान्त्रीकरण, विशिष्टीकरण, विविधीकरण, औद्योगीकरण, बजारीकरण आदिमा भने मुलुकले पर्याप्त ध्यान दिनुपर्ने हुन्छ । यसमा अन्य मुलुकमा झैँ उत्पादनमुखी र रोजगारमूलक भूमिसुधार कार्यक्रमको महत्वपूर्ण भूमिका रहने नै भयो । उत्पादन र रोजगारीसँग नजोडिएका ग्रामीण विकास र सहरीकरण दुवै भरपर्दा हुँदैनन् । बरु चीनले झैँ मुलुकको भौगोलिक विशेषताअनुरूपका साना-ठूला स्थानीय उद्योगहरूको विकास गर्दै गाउँ र सहरलाई जोड्नु नै स्वच्छ र दिगो विकासको कडी हुन सक्छ । ग्रामीण विकास र सहरीकरणको मिश्रण वा सन्तुलन कस्तो हुने भन्ने कुरा भने अन्य मुलुकको हुबहु नक्कलभन्दा भूगोलमा आधारित विकासको मौलिक मोडेल र मुलुकले अपनाउने आर्थिक क्रियाकलापको स्वरूप आदिमा निर्भर हुनु सान्दर्भिक देखिन्छ ।

**पार्टीको पुनर्जीवन** : कुशल एवं दूरदर्शी नेतृत्व र प्रगतिशील पार्टीले मात्र नयाँ विश्वको परिवेशभित्र समुचित नीतिहरूको अवलम्बन गर्दै मुलुकलाई दिगो विकास र समृद्धिको बाटोमा डोऱ्याउन सक्छ । यसका निम्ति नेकपाभित्र मार्क्सवादको समुचित प्रयोग, लेनिनको संगठनात्मक शैली र पुष्पलाल तथा मदन भण्डारीका विचारहरूलाई व्यावहारिक रूपमा नवीकृत र स्थापित गर्दै त्यसको लोकतान्त्रीकरण र क्रान्तिकारी रूपान्तरण गरिनु आवश्यक छ । त्यसैगरी, कांग्रेसभित्र बिपीका समाजवादी सोच र संगठन सञ्चालन शैलीको सामयिक प्रत्याभूति हुनु जरुरी छ । तर, त्यसका निम्ति कम्तीमा पनि ती दलका केही नेताहरूमा असल सैद्धान्तिक, वैचारिक र व्यावहारिक ज्ञान तथा प्रतिबद्धता, सामूहिक स्वार्थको भावना, उद्देश्यप्रतिको लगनशीलता र इमानदारिता, स्वच्छ एवं विश्वासयोग्य आचरण र शैलीजस्ता अवयवहरू अत्यन्तै जरुरी हुन्छन् । कुरामा मात्र नभई कार्यरूपमै उत्कृष्ट विचार, सोच, व्यवहार र बाटोसहितका नेता कार्यकर्ताको निष्पक्ष, निःस्वार्थ, निर्भीक र निरन्तर अभियान नै यी मरणासन्न पार्टीहरू मात्र नभई मुलुकसमेत बचाउने एक मात्र बाटो हुन सक्छ ।

*(अर्थविद् पन्त नेसनल इन्स्टिच्युट फर रिसर्च एन्ड डेभलपमेन्टका अध्यक्ष हुन्)*
pantakmr@gmail.com

कोरोनाविरुद्ध सचेतना
भीडभाडदेखि टाढै रहौं


# अर्थ पत्रिका

बिहीबार २९ असोज ०७७, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika


## ४० करोड खर्चेर निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजना तयार पार्दै सरकार

केदार दाहाल/नयाँ पत्रिका
काठमाडौं, २८ असोज

सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजना बनाएर निर्माण प्रक्रिया अगाडि बढाउने भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले बाराको निजगढमा निर्माण हुने विमानस्थल क्षेत्रको दीर्घकालीन विकासको लक्ष्यसहित गुरुयोजना तयार पार्न कम्पनी छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

४० करोड खर्च हुने अनुमान गरिएको गुरुयोजना एक वर्षमा तयार पार्ने लक्ष्य लिइएको छ। गुरुयोजना निर्माणका लागि गरेको टेन्डरमा सहभागी १३ कम्पनीमध्येबाट अन्तिम चरणमा ३ कम्पनी छनोटमा परेका छन्। प्राधिकरणको राष्ट्रिय गौरवका आयोजनाअन्तर्गतको निर्देशनालय निर्देशक प्रदीप अधिकारीका अनुसार तीन कम्पनीमध्ये एकलाई छनोट गरिनेछ। गुरुयोजना निर्माणका लागि आशयपत्र माग गर्दै प्राधिकरणले ४५ दिनको समय राखेर ग्लोबल टेन्डर गरेको थियो। टेन्डरमा आवेदन दिएका १३ मध्ये ६ वटा कम्पनी सर्ट लिस्टमा परेका थिए। सिबिआरी इन्डिया एभिएसन कन्सल्टिङ एन्ड सपोर्ट एलएपी (जेभी), एइसिओम एसियन कम्पनी लिमिडेट, एनएसिओ (नाको), सिजी इन्फ्राटारबिडिए जेभी, डोर्च कन्सल्टिङ र रितरएसएइसी जेभी सर्ट लिस्टमा परेका थिए।

प्राधिकरणले ६ कम्पनीबाट पुनः माग गरिएको विस्तृत प्रस्तावमा ३ कम्पनीले मात्रै सहभागिता जनाएका थिए। एनएसिओ (नाको), सिजी इन्फ्राटारबिडिए जेभी र डोर्च कन्सल्टिङमध्ये एक कम्पनी छनोट हुनेछ। 'नेपाल सरकारले नै बनाए पनि र पिपिपी मोडलमा अन्य विदेशी कम्पनीले नै बनाएपछि गुरुयोजना अत्यावश्यक हो, कुन वर्ष के गर्ने, कस्तो बनाउने ? भन्ने दीर्घकालीन योजना हो,' निर्देशक अधिकारीले भने। निर्माणस्थलमा रहेका रूख कटानीको विषय अहिले सर्वोच्च अदालतमा रहेको छ। विमानस्थलको १९ सय हेक्टर जमिनमा भएका रूखबिरुवा तथा पोल हालसम्म ५७ हजार ३ सय ५० गणना भइसकेको छ।

### जुरिचले प्रस्ताव नै पेस नगरेपछि अलमल

निजगढ अन्तर्राष्ट्रिय विमानस्थलमा निर्माणका लागि लगानी बोर्डले छनोट गरेको स्विट्जरल्यान्डको जुरिच एयरपोर्टले प्रस्ताव नै पेस नगरेपछि सरकार अलमलमा परेको छ। गत १४ असोजसम्म म्याद भए पनि प्रस्ताव नबुझाएपछि सरकारले थप निर्णय भने हालसम्म गरेको छैन।

गत वर्ष लगानी सम्मेलनका क्रममा निजगढ विमानस्थल बनाउन प्रस्ताव पेस गरेका सात कम्पनीमध्ये अन्यलाई प्राविधिक र वित्तीय रूपमा अयोग्य घोषित गर्दै जुरिचलाई मात्रै छनोट गरेको थियो। ६ असोज २०७६ को बोर्ड बैठकले जुरिचसँग मात्रै थप प्रक्रिया अगाडि बढाउने निर्णय गरेको थियो। अब कुन प्रक्रियामा जाने भन्ने विषय प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने लगानी बोर्ड बैठकले गर्ने लगानी बोर्डका प्रवक्ता धर्मेन्द्रकुमार मिश्र बताउँछन्। बोर्डको बैठक हालसम्म बस्न सकेको छैन।

गत वर्ष ३ माघमा बोर्डले जुरिचसँग व्यावसायिक र प्राविधिक प्रस्ताव दिन ४५ दिनको म्यादसहित सूचना निकालेको थियो। सुरुको सूचनाअनुसार कम्पनीले १८ फागुनभित्रै प्रस्ताव पेस गर्नुपर्ने भए पनि प्रस्ताव नआएपछि सरकारले म्याद थप गरेर असोज १४ गतेसम्म अन्तिमपटकका लागि म्याद थप गरिएको थियो।


म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**आ.व. २०७७/०७८ को आन्तरिक आयको ठेक्का सम्बन्धी विद्युतिय माध्यमवाट वोलपत्र आह्वानको सूचना**

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७७/०६/२९)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बमोजिम म्याग्दे गाउँपालिका, तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकमा सम्झौता मितिले एक वर्षका लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको फर्म दर्ता प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी रितपूर्वकको वोलपत्र आव्हान गरिन्छ।

**स्थानीय उत्पादन विक्री शुल्कः-** यस गाउँपालिकामा उत्पादन भई वाहिरी स्थानीय तहमा विक्री हुने मालवस्तुहरुको स्थानीय उत्पादन विक्री शुल्क उठाउने कार्य :

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क (मु. अ. कर बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | वोलपत्र पेश गर्ने अवधि |
|---|---|---|---|---|---|
| आ. आ. २–२०७७/०७८ | ढुङ्गा, गिट्टी, वालुवा, इट्टा, कवाडी सामान तथा स्थानीय उत्पादनहरुको विक्री शुल्क संकलन गर्ने कार्य | रु. १,५०,००,०००.०० (एक करोड पचास लाख रुपैया मात्र) | ३,०००.०० (तीन हजार रुपैयाँ मात्र) | कवोल अङ्कको ५ प्रतिशत | २०७७०७१४ गते दिनको १२:०० वजे सम्म |

**गाउँपालिकाले तोकेको दररेट**

१. ढुंगा, गिटी, बालुवा, ग्रावेल र रोडा - प्रति क्यु.फिट रु २.५० ।-
२. स्लेट(विछ्याउने ढुंगा,खरि, चुन ढुंगा) - प्रति क्यु.फिट रु २.५० ।-
३. भट्टामा प्रयोग गर्ने माटो - प्रति क्यु.फिट रु ०.३० ।-
४. ईट्टा निकासी - प्रति हजार रु ५० ।-
५. ब्लक निकासी - प्रति गोटा रु ०.२० ।-
६. रेडीमिक्स - प्रति क्यु. मिटर रु ५० ।-
७. अदुवा - प्रति क्वीन्टल रु २० ।-
८. फलफुल(सुन्तला,केरा आदी) - प्रति क्वीन्टल रु ५० ।-
९. अण्डा प्रति गोटा रु ०.०५ ।-
१०. कटिङ ढुङ्गा :
   - १२ ईन्च वा सो भन्दा ठुलो प्रति पिस रु ०.५०।-
   - १२ ईन्च भन्दा सानो प्रति पिस रु ०.२५।-
११. कवाडी सामान :
   - बियर बोतल प्रति गोटा रु १।-
   - मदिरा सिसि प्रति गोटा रु १।-
   - चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जि रु १।-
   - अन्य बोतल प्रति गोटा रु १।-
   - प्लास्टिक जन्य पदार्थ प्रति के.जि रु १।-
   - फलाम प्रति के.जि रु २।-
   - सिलौट/जस्ता प्रति के.जि रु १५।-
   - तामा/पित्तल प्रति के.जि रु ३०।-
   - कागजजन्य पदार्थ प्रति के.जि रु १।-
   - हाड सिङ खोर प्रति के.जि रु ५।-
   - छाला प्रति पिस रु ५०।-
   - अन्य कवाडी सामानहरु प्रति के.जि रु १।-
१२. साल जातको काठ गोलाई प्रति क्यु. फिट रु ३०।-/चिरान प्रति क्यु.फिट रु ५०।-
१३. खयर जातको काठ गोलाईः प्रति क्यु. फिट रु २५।-
१४. सिसौ गोलाई प्रति क्यु. फिट रु २०।-/चिरान प्रति क्यु.फिट रु ३०।
१५. अन्य कुकाठ गोलाई प्रति क्यु.फिट रु १०।-/चिरान प्रति क्यु. फिट रु १५।-
१६. दाउरा प्रति के.जि रु ०.१०।-
१७. बाँस प्रति घना रु २।-
१८. वनकस (खर), वावियो, मलहन पत्ता, छवाली, पराल, निगालो लोकता, पटेर, अम्रिसो(कुचो) प्रति ट्र्याक्टर रु. ५०/प्रति ट्रक रु. १५०

**बोलपत्र सम्बन्धी शर्तहरुः-**

- वोलपत्र फारम २०७७०७१४ गते सम्म PPMO's को website **http://www.bolpatra.gov.np** वाट Download गरि सोही दिन दिनको १२:०० वजेसम्म e-bidding पोर्टल मार्फत पेश गर्न सकिनेछ। वोलपत्र फाराम वापतको दस्तुर यस कार्यालयको लक्ष्मी वैंक लि., थर्पु शाखामा रहेको खाता नं. : ग.४.१ : ०७८०३०००११६ मा जम्मा गरि बैंक भौचर पेश गर्नुपर्नेछ। पेश हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।
- ठेक्काको ठेक्का बन्दोबस्त गर्न शुल्क उठाउने दररेटको विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ।
- वोलपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ताको प्रतिलिपी पेश गर्नुपर्नेछ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम (कर वाहेक) अङ्क र अक्षरमा प्रष्टसंग लेखि कवुल अङ्कको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी वैंक लिमिटेड, थर्पुमा रहेको खाता नं. ग. ३ : ०७८०३०००१०९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ।
- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ।
- ठेक्का रकम एकमुष्ठ वुझाएमा १०% छुट दिइनेछ।
- स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ। पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०%, दुई किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट सम्झौता मितिले १३ महिना सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। ५०% रकमको किस्ता सम्झौताको समय भित्र भूक्तान गर्नुपर्नेछ। दोस्रो किस्ता वापतको रकम सम्झौता मितिले छ महिना भित्र चुक्ता गरी सक्नुपर्नेछ।
- धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाइने छैन। म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार हुनेछ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा गाउँपालिकाको तर्फवाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन।
- वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, ईट्टा, माटो, स्लेट ढुङ्गा, व्लक आदीको स्थानीय उत्पादन विक्री शुल्क संकलन गर्दा गाउँकार्यपालिकाले तोकेको दररेट भन्दा वढी हुने गरी निकासी गर्न पाईने छैन। उक्त दररेट भन्दा वढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ।
- वोलपत्रदाताले मासिक रुपमा आफूले जारी गरेको विलको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- यसमा उल्लेख भएका कुराहरु यसै वमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिएवमोजिम हुनेछ। साथै, संघीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकावाट समय समयमा उल्लेख गरिएको निर्देशनहरुको पालना वोलपत्रदाताले गर्नुपर्नेछ।
- बिस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-४००१०८ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ।


## ८ कात्तिकदेखि क्लिनफिड लागू हुने

### विदेशी च्यानलले नेपालमा विज्ञापन बजाउन नपाउने

मुना कुँवर/नयाँ पत्रिका
काठमाडौं, २८ असोज



विज्ञापन ऐन २०७६ को व्यवस्थाअनुरूप ८ कात्तिकदेखि नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूमा क्लिनफिड लागू हुने भएको छ। गत वर्ष संसद्बाट पारित विज्ञापन ऐनको दफा ६ मा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले विज्ञापनरहित (क्लिनफिड) प्रसारण गर्नुपर्ने व्यवस्था गरेको छ। पहिल्यैदेखि प्रसारणमा रहेका टेलिभिजन च्यानलहरूले एक वर्षभित्र क्लिनफिड लागू गर्नुपर्ने व्यवस्था पनि सो दफामा छ। सोहीअनुरूप विज्ञापन ऐन लागू भएको एक वर्षपछि ८ कात्तिकपछि क्लिनफिड लागू हुने भएको हो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले बुधबार नै विदेशी च्यानललाई विज्ञापनरहित (क्लिनफिड) बनाउन प्रसारक संस्थाहरूलाई निर्देशन दिएको छ। विज्ञापन ऐनमा भएको व्यवस्थाअनुरूप क्लिनफिड लागू नगर्ने संघ तथा संस्थालाई कारबाही गरिने पनि मन्त्रालयले जनाएको छ।

अन्तर्राष्ट्रिय अभ्यासअनुसार कुनै पनि मुलुकमा प्रसारण हुने विदेशी च्यानलहरूले विदेशी विज्ञापन प्रसारण गर्न पाउँदैनन्। तर, नेपालमा भने यसअघि क्लिनफिडसम्बन्धी कानुनी व्यवस्था नभएका कारण विदेशी च्यानलहरूले कार्यक्रमका साथमा विज्ञापन पनि प्रसारण गर्दै आएका छन्।

विज्ञापन ऐनविपरीत प्रसारक संस्थाहरूले विदेशी च्यानलमा विज्ञापन प्रसारण गरेमा ५ लाख रुपैयाँ जरिवाना र १ वर्षसम्मको सजाय गरिने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गोकर्णमणि दुवाडीले बताए। 'क्लिनफिड कार्यान्वयन नगर्दा विज्ञापन ऐन र राष्ट्रिय प्रसारण ऐनसमेत आकर्षित हुन्छ। विज्ञापन बोर्ड पनि गठन हुँदै छ। यसले सूक्ष्म तरिकाले अझै नियमन गर्नेछ,' उनले भने, 'ऐनअनुसार च्यानलसमेत बन्द गर्न सकिनेछ।'

ऐनअनुसार क्लिनफिड कार्यान्वयन नगर्ने संस्थालाई ५ लाख रुपैयाँसम्मको जरिवानाको व्यवस्था छ। त्यस्तै, राष्ट्रिय प्रसारण ऐन ०४९ अनुसार १० हजार रुपैयाँसम्म जरिवाना वा १ वर्षसम्म कैद हुन सक्ने व्यवस्था छ। आवश्यकताअनुसार दुवै सजाय गर्न सक्ने व्यवस्थासमेत गरिएको छ।

#### साढे चार महिना समय थप्न केबल अपरेटरको आग्रह

नेपालमा क्लिनफिड लागू गर्न साढे चार महिना थप गर्न नेपाल केबल टिभी महासंघले सरकारसँग आग्रह गरेको छ। कोरोना संक्रमणका कारण च्यानलहरूले पूर्वाधार बनाउने तयारी गर्न नसकेको महासंघका अध्यक्ष सुधीर पराजुलीले बताए। 'सरकारले लकडाउनको समयलाई शून्य अवधि मानेको छ। साढे चार महिना त लकडाउन नै भयो। त्यसैले हामीलाई तयारीका लागि सो अवधि थप गरिदिनुपर्‍यो,' उनले भने। अध्यक्ष पराजुलीका अनुसार महासंघमा आबद्ध ११ टिभी सञ्चालकहरूले स्टार टिभीको प्रसारण अधिकार लिएका छन्। त्यस्तै, डिएसएन कम्पनीले सोनी र कलर्स च्यानल प्रसारणको अधिकार लिएको छ। प्यासिफिक ट्रेडर्सले बिबिसी र एचबिओ च्यानल प्रसारणको अधिकार लिएको छ भने युबिपी प्राइमले जी च्यानल प्रसारण गर्दै आएको छ।

नेपालमा सोनी, स्टार, कलर्स, जी च्यानलका दर्शक बढी रहेको महासंघका अध्यक्ष पराजुलीले बताए। उनका अनुसार नेपालमा १३ वटा स्पोर्टस् च्यानल, सोनीका चार र स्टारका आठवटा च्यानल प्रसारण हुन्छन्। त्यस्तै, कलर्सका १३, सोनीका २२, स्टारका ३२, जीका १४ र एचबिओका चारवटा च्यानल प्रसारण हुन्छन्। यसका अतिरिक्त बिबिसी, सिएनएन, अलजजिरा, डिस्कभरी, आस्था, संस्कारलगायतका च्यानल पनि प्रसारण हुन्छन्।

नेपालमा सशुल्क प्रसारण हुने च्यानलले अनिवार्य क्लिनफिड लागू गर्नुपर्छ, निःशुल्क च्यानलले भने लागू नगर्दा पनि हुन्छ। नेपालमा प्रसारण हुने अधिकांश च्यानल सशुल्क भएको महासंघका अध्यक्ष पराजुलीले बताए। बिबिसी र सिएनएनबाहेक अन्य समाचारमूलक टिभी भने निःशुल्क छन्। प्रसारण नेपालमा विदेशी च्यानल प्रसारण गरेबापत नेपाली कम्पनीहरूले गत वर्ष विदेशी च्यानलहरूलाई वार्षिक औसत ५० करोड भुक्तानी गरेको महासंघका अध्यक्ष पराजुलीले बताए।

### नेपाली विज्ञापन बजार २ गुणाले बढ्ने

नेपालमा क्लिनफिड कार्यान्वयनमा आएपछि विज्ञापन बजारमा २ गुणाले बढ्ने नेपाल विज्ञापन संघका अध्यक्ष रवीन्द्रकुमार रिजालले बताए। उनका अनुसार हाल नेपालको विज्ञापन बजार १२ अर्ब रुपैयाँभन्दा बढीको छ, जसमा बहुराष्ट्रिय कम्पनीको हिस्सा ४० प्रतिशत छ। क्लिनफिड लागू भएपछि दुई वर्षमा नेपाली विज्ञापन बजार २४ अर्ब रुपैयाँबराबर हुने उनको अनुमान छ। 'सुरुको वर्ष असहज होला। विदेशी कम्पनीहरूले घुर्की लगाउन सक्छन्। तर, पूर्ण रूपमा क्लिनफिड लागू भएमा उनीहरूले नेपाली जनशक्ति प्रयोग गरेर नै विज्ञापन बनाउनुको विकल्प हुँदैन,' उनले भने।

पछिल्लो समय केही कम्पनीहरूले नेपाली जनशक्ति प्रयोग गरी नेपाली भाषामा नै विज्ञापन बनाउन थालेका छन्। तर, अझै पनि ८० प्रतिशत बहुराष्ट्रिय कम्पनीहरूले नेपालमा विज्ञापन नबनाउने उनले बताए। क्लिनफिड पूर्ण रूपमा कार्यान्वयन भएपछि विदेशी कम्पनीहरूले अनिवार्य रूपमा नेपाली भाषा र जनशक्ति प्रयोग गरेर नै विज्ञापन बनाउनुपर्ने उनले बताए। यसले विज्ञापनसँग जोडिएका नेपाली कलाकार, विज्ञापन एजेन्सी तथा सम्बन्धित क्षेत्रको व्यापार प्रवर्द्धन हुने उनको भनाइ छ।

## दसैं लक्षित बजार अनुगमन तीव्र

अजित अधिकारी/नयाँ पत्रिका
काठमाडौं, २८ असोज

नजिकिँदै गएको दसैंमा खाद्य वस्तुमा हुन सक्ने मूल्यवृद्धि, कार्टेलिङ र कृत्रिम अभावलाई नियमन गर्न वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण, जिल्ला प्रशासन कार्यालय, नगरपालिका तथा महानगरपालिकालगायतले अनुगमनलाई तीव्रता दिएका छन्।

प्रमुख अनुगमनकारी निकाय वाणिज्य विभागले पछिल्लो समय दैनिक ३-४ टोली परिचालन गरी अनुगमन गरिरहेको महानिर्देशक नेत्रप्रसाद सुवेदीले बताए। टोलीले बजार मूल्य संकलन गर्ने, व्यवसाय दर्ता तथा नवीकरण, मूल्यसूची, साइनबोर्ड, प्याकेजिङ वस्तुमा लेबललगायतका विषय हेर्ने गरेका छन्। विभागबाट काठमाडौं उपत्यकामा खटिएको टोलीले आइतबार १३ हजार ८ सय ७५ र शुक्रबार १ हजार ७ सय ६० रुपैयाँ मूल्यबराबरको उपभोग्य मिति सकिएको खाद्यान्न नष्ट गरेको जनाएको छ। विभागले अहिले उपत्यकामा दैनिक २०-२१ फर्मको अनुगमन गरिरहेको जनाएको छ। त्यस्तै, विभागमातहतको बाँके कार्यालयले जुम्लाको चन्दननाथ नगरपालिकामा किराना, खाद्यान्न, हार्डवेयर, होटेललगायतमा अनुगमन गरी मिति सकिएका ९० हजार रुपैयाँबराबरको सामग्री नष्ट गरेको जनाएको छ।

सोही कार्यालयले नेपालगन्ज क्षेत्रमा २२ असोजमा अनुगमन गरी सुकमेल, काजुलगायत मिति सकिएको पाएपछि २० हजार जरिवाना र २० हजारको अखाद्य वस्तु नष्ट गरेको जनाएको छ। चाडपर्व नजिकिएपछि प्रत्येक जिल्ला प्रशासन कार्यालयले अनुगमन तीव्र बनाएको छ। नुवाकोटका प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकाल नेतृत्वको अनुगमन टोलीले २२ असारमा अनुगमन गरेर मिति सकिएका, लेबल प्रस्ट नभएका, दर्ता-नवीकरणमा लापरबाही गरेका ५ फार्मेसीलाई जनही २ लाखका दरले जरिवाना गरिएको थियो। त्यस्तै, अन्य २ फार्मेसीलाई २० हजार जरिवाना र थप २ फार्मेसीको कारोबार रोक्का राखिएको छ।

त्यस्तै, २३ असोजमा गोरखाका प्रमुख जिल्ला अधिकारी तिर्जराज भट्टराईको नेतृत्वमा खाद्य किराना, मोबाइल, मसला, माछामासु पसललगायत २० फर्मको अनुगमन गरी १ लाख २५ हजार रुपैयाँ जरिवाना तिराई १७ वस्तुको गुणस्तर परीक्षण गर्न नमुना संकलन गरेको जनाएको छ।

उपत्यकामा काठमाडौं महानगरपालिकाको उपभोक्ता हित संरक्षण समितिले मिति सकिएका खाद्यान्न जफत गर्ने, तरकारीको मूल्य नियमन गर्ने, गुणस्तरहीन खाद्यान्न जफत गरी परीक्षणका लागि सम्बन्धित निकायमा उपलब्ध गराउने काम गरिरहेको छ। सोमबार गोंगबुको मित्रनगरमा रहेको एक होटेलमा अव्यवस्थित रूपले मह प्याकेजिङ गर्दै गरेको अवस्थामा महानगरको अनुगमन टोलीले फेला पारेको छ।

सो टोलीमा रहेका उपभोक्ताकर्मी माधव तिमिल्सिनाका अनुसार प्लास्टिकको बाल्टीमा महको चाका राखेको र त्यसबाटै बट्टामा प्याक गर्दै बजारमा प्रतिकिलो ८ सय रुपैयाँका दरले बिक्री गरेको अवस्थामा फेला पारिएको छ। 'सो महको गुणस्तर परीक्षण गर्न सम्बन्धित निकायमा पठाउने निर्णय भएको छ। व्यापारीलाई सोध्दा बाराबाट ल्याएको भन्ने जानकारी आएको छ। कारोबारको प्रकृति हेर्दा शंकास्पद देखिएको छ,' उनले भने।

#### खाद्य विभागले राजमार्गका होटेल अनुगमन गर्ने

दसैंमा घर फर्कने यात्रुले खाना, खाजा खाने राजमार्गका होटेलमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले अनुगमन सुरु गर्ने जनाएको छ। विभागका महानिर्देशक उपेन्द्र रायले दसैंमा घर फर्कने उपभोक्ताको चाप बढेसँगै राजमार्गका होटेल, रेस्टुरेन्ट सञ्चालकले पकाउने खानामा लापरबाही गर्ने भएकाले गुणस्तर नियमनका लागि अनुगमन गर्न लागेको बताए। 'उपभोक्ताले स्वास्थ्य र ताजा खानेकुरा उपभोग गर्न सकून् भन्ने उद्देश्यले राजमार्ग क्षेत्रका होटेलमा अनुगमन तीव्र पार्न लागेका छौं,' उनले भने, 'विशेष टोली खटाएर वा ६ वटा प्रदेशमा रहेका कार्यालयबाट समेत अनुगमन हुनेछ।' त्यस्तै, देशभर रहेका २४ डिभिजन कार्यालयसमेत सक्रिय बनाइएको उनले बताए।

उनका अनुसार दैनिक तीन टोली खटिएर उपत्यकामा पानी, दूध र पशुपक्षीले उपभोग गर्ने दानाको गुणस्तर नियमन भइरहेको छ। 'दसैंमा प्रशोधित खानेपानी (जार र बोतल) र दूधको कारोबार बढी हुने भएकाले यी दुवैको स्वच्छता कायम गर्न अनुगमनबाट सक्दो प्रयास भइरहेको छ,' उनले भने। २८ भदौयता विभागले देशभर ३ सय ९८ वटा खाद्य उद्योग, दाना उद्योग, होटेल तथा रेस्टुरेन्ट, खाद्य पसललगायतको अनुगमन गरी ४ सय ३३ नमुनाको गुणस्तर परीक्षण भइरहेको जनाएको छ।

## युवा वर्ग स्वरोजगार कर्जा ५ लाखसम्म पाइने

नयाँ पत्रिका
काठमाडौं, २८ असोज

अब युवाले बैंक तथा वित्तीय संस्थाबाट ५ लाख रुपैयाँसम्मको स्वरोजगार कर्जा पाउने भएका छन्। ८ असोजमा मन्त्रिपरिषद्ले गरेको निर्णयअनुसार सहुलियत कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिमा तेस्रोपटक संशोधन गर्दै यस्तो व्यवस्था गरिएको हो।

यससँगै सहुलियत दरमा युवा नै लक्षित तीनवटा कर्जा योजना सञ्चालनमा आएको छ। यसअघि ७ लाख रुपैयाँसम्म शिक्षित युवा स्वरोजगार र १० लाख रुपैयाँसम्मको विदेशबाट फर्केका युवा परियोजना कर्जा सञ्चालनमा छन्।

माध्यमिक तह वा सोसरहको शिक्षा हासिल गरेकाले समेत ५ लाख रुपैयाँसम्मको युवा स्वरोजगार कर्जा प्राप्त गर्नेछन्। सीप विकास उद्यमशीलता तालिम केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय वा समिति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लगायत कुनैबाट कम्तीमा सात दिनको उद्यमसम्बन्धी तालिम लिएको भए पुग्ने भएको छ। बैंकले ग्राहकलाई लगाउने ब्याजदरमा राष्ट्र बैंकले ५ प्रतिशत ब्याज अनुदान दिनेछ। गत वैशाखसम्ममा ६६ जनाले ३ करोड ५२ लाख रुपैयाँबराबर शिक्षित युवा कर्जा पाएका छन् भने विदेशबाट फर्केका २ सय २२ जनाले १५ करोड १७ लाख रुपैयाँ कर्जा पाएका छन्।

#### कर्जा बिमाको अनुदान घट्यो

यसअघि कृषि तथा पशुपक्षी कर्जामा जाने १० लाख रुपैयाँभन्दा कमको कर्जामा राष्ट्र बैंकले अनुदान शोधभर्नाबाट ७५ प्रतिशत व्यहोर्दै आएको भए पनि अहिले अनुदान घटाइएको छ। अब भने राष्ट्र बैंकले ५० प्रतिशत बिमा शुल्क व्यहोर्ने भएको छ। यही व्यवस्था परियोजना धितो लिएर दिइने कर्जामा पनि लागू भएको छ। त्यस्तै, अनुदानमा दिइने कृषि कर्जा व्यापार (बिक्री-वितरणसँग सम्बन्धित) का लागि भने रोकिने भएको छ। यसअघि यस्तो कुनै व्यवस्था नगरिएकोमा अब उत्पादनदेखि प्रशोधनसम्मको काममा मात्रै अनुदानमा आधारित कृषि कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा शीर्षकमा भने कर्जा पाइने क्षेत्र थपिएको छ। यसअघि १९ वटा व्यवसाय रहेकोमा ३२ वटा व्यवसाय समेटिएका छन्। गत वैशाखसम्म २४ हजार ७ सय ६४ जनाले ५४ अर्ब ११ करोड रुपैयाँबराबर कृषि तथा पशुपक्षी कर्जा पाएका थिए।

कोरोनाविरुद्ध सचेतना



मोबाइल, रिमोट र
किबोर्डलाई स्यानिटाइज गरौं



# अग्नि मोटोइंकले नेपालमा भित्र्यायो जावा मोटरसाइकल

**नयाँ पत्रिका**
**काठमाडौं, २८ असोज**



क्लासिक लेजेन्डस्‌ले अग्नि मोटोइंकको सहकार्यमा नेपालमा जावा मोटरसाइकल भित्र्याएको छ। अग्नि मोटोइंक नेपालमा महिन्द्रा टू ह्विलर्स एन्ड जेनेरेटर्सको आधिकारिक विक्रेता अग्नि ग्रुपको सहायक कम्पनी हो।

अग्नि मोटोइंकको सहकार्यमा डिलरसिपका बिक्रीकक्षहरूको उद्‌घाटन गरिएको कम्पनीले जनाएको छ। भर्चुअल रूपमा आयोजित बजार प्रवेश कार्यक्रममा अग्नि ग्रुपका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठले जावा मोटरसाइकलहरूको अनावरण गरेका थिए।

अग्नि ग्रुपका प्रबन्ध निर्देशक श्रेष्ठले भर्चुअल समारोहमा जावाले मोटर रेसहरूमा प्रभुत्व जमाएको र विश्वभरि थुप्रै पदकहरू जितेको बताए। जावालाई आइकनिक बनाउने कुरालाई पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको यसको डिजाइन र प्रदर्शन रहेको उनको भनाइ थियो। जावा मोटरसाइकल काठमाडौंको नारायणहिटी उत्तरढोका र टेकुको जावा सोरुमहरूसहित नेपालका प्रमुख सहरमा उपलब्ध हुने कम्पनीले जनाएको छ। देशभरि नै अग्नि मोटोइंकका जावा मोटरसाइकल शाखा र डिलरहरू क्रमशः स्थापना गर्दै जाने योजना रहेको जनाइएको छ। काठमाडौं, पोखरा, इटहरी, धरान, नारायणगढ, लाहान, बुटवल आदि स्थानमा यी बिक्री कक्षहरू पूर्ण सञ्चालनमा आएसँगै ग्राहकले आफ्नै सहरमा जावा र जावा फोर्टी टू दुई मोडलको बुकिङ र टेस्ट-राइड गर्न सक्ने कम्पनीले जनाएको छ।

जावा फोर्टी टू क्लासिक छ। जसले सीमा र प्रयोगहरूलाई पछि पार्ने कम्पनीको दाबी छ। नयाँ जावाको इन्जिन २९३ सिसी लिक्विड कुल्ड, सिंगल सिलिन्डर, डिओएचसी इन्जिनसहित इटालियन इन्जिनियरिङसँगको सहकार्यबाट निर्मित रहेको जनाइएको छ। यसमा २७ बिएचपी र २८ एनएम टर्कका साथ मध्यम रेन्जमा र निरन्तर शक्तिशाली सवारी सञ्चालनमा फ्ल्याट टर्क कर्भ रहेको कम्पनीको दाबी छ।

### मूल्य

जावा सिंगल च्यानल एबिएस मोडलको मूल्य ६ लाख ४८ हजार ५ सय रुपैयाँ तथा यसको अर्को भेरिएन्ट जावा डुअल च्यानल एबिएसको मूल्य ६ लाख ७६ हजार ५ सय रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ। त्यस्तै, जावा फोर्टी टू सिंगल च्यानल एबिएस र जावा फोर्टी टू डुअल च्यानल एबिसिएसको मूल्य क्रमशः ६ लाख, २० हजार र ६ लाख ४८ हजार रुपैयाँ रहेको कम्पनीले जनाएको छ।

# युनियन लाइफले व्यतीत बिमालेखमा ब्याज छुट दिने

काठमाडौं/ युनियन लाइफ इन्स्योरेन्सले कम्पनीबाट जारी भएका बिमालेखअन्तर्गत भुक्तानी गर्नुपर्ने बिमाशुल्क निर्धारित समयमा भुक्तानी नभई व्यतीत भएको अवस्थामा त्यसमा लाग्ने ब्याजमा पूरै छुट दिने भएको छ।

कम्पनीले त्यसरी व्यतीत भएको बिमालेखका लागि आवश्यक प्रक्रिया पूरा गरी असोज मसान्तसम्ममा नवीकरण गराएमा लाग्ने बिमाशुल्क ब्याजमा छुट दिने भएको हो। कम्पनीका अनुसार नवीकरण भएका बिमालेखअन्तर्गत जोखिम वहन हुने र कम्पनीबाट प्रदान गरिने बोनससमेत प्राप्त हुने भएको छ।

# स्याङ्योङको फेस्टिभ डिलाइट अफर



**नयाँ पत्रिका**
**काठमाडौं, २८ असोज**

नेपालका लागि कोरियाली गाडी स्याङ्योङको आधिकारिक विक्रेता रहेको एवं आइएमएस ग्रुपअन्तर्गतको आइएमएस मोटर्सले दसैं-तिहारको अवसर पारेर 'स्याङ्योङ फेस्टिभ डिलाइट' अफर ल्याएको छ।

अफरमा स्याङ्योङ गाडी खरिदकर्ताले ३ लाख रुपैयाँसम्म छुट प्राप्त गर्न सक्ने जनाइएको छ। यसका साथै ग्राहकले आफ्ना पुराना सवारीसँग एक्सचेन्ज गरेमा बोनसस्वरूप २ लाख रुपैयाँसम्म प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। कोभिड वारियर्स भनेर चिनिएका डाक्टर, नर्स, स्वास्थ्य सेवाकर्मी र प्रहरीलाई थप १ लाख रुपैयाँ छुट दिने जनाइएको छ।

### अन्य अफर

नगद छुटबाहेक कम्पनीले गाडीको १ वर्ष निःशुल्क बिमा, ७ वर्षसम्मको फाइनान्स सुविधा, ३ वर्ष वारेन्टीको सुविधा पनि प्रदान गर्ने जनाएको छ। त्यस्तै, ३ वर्षसम्म निःशुल्क मर्मत, २५ हजार रुपैयाँबराबरको निःशुल्क एसेसरिज र रिफर ग्राहकका लागि २ वर्षसम्म निःशुल्क सर्भिसिङको सुविधा दिने जनाइएको छ। यो अफर कात्तिक २६ गतेसम्म लागू हुने कम्पनीले जनाएको छ। स्याङ्योङ कोरियाको चौथो ठूलो गाडी उत्पादन गर्ने कम्पनी रहेको कम्पनीको दाबी छ।

# नेपाल इन्भेष्टमेन्ट बैंकले सिटी एक्सप्रेस फाइनान्स गाभ्ने

काठमाडौं/ नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडलाई प्राप्ति गर्ने प्रस्ताव विशेष साधारणसभाले पारित गरेको छ। बैंकले भर्चुअल माध्यमबाट गरेको विशेष साधारणसभाले सिटी एक्सप्रेस फाइनान्स प्राप्ति गर्ने प्रस्ताव पारित गरेको हो।

फाइनान्सलाई प्राप्ति गर्ने प्रयोजनका लागि नेपाल सरकारबाट सामाजिक दूरी कायम गर्ने निर्देशनको समेत पालना गर्दै बैंकले भर्चुअल माध्यमबाट सभा सम्पन्न गरेको जनाएको छ। विशेष साधारणसभाले पारित गरेको प्रस्तावमा सिटी एक्सप्रेस फाइनान्स कम्पनीलाई १००:३० अर्थात् सिटी एक्सप्रेस फाइनान्स कम्पनीको १ सय कित्ता सेयरबापत नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको ३० कित्ता सेयर दिने प्रस्ताव गरिएको थियो। ४० करोड रुपैयाँ चुक्ता पुँजी रहेको सिटी एक्सप्रेस फाइनान्स कम्पनी लिमिटेडलाई गाभ्ने प्रक्रिया सम्पन्न भएपछि नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेको चुक्ता पुँजी १४ अर्ब ३७ करोड रुपैयाँ पुग्ने जनाइएको छ। प्रवर्द्धकहरूको सेयर स्वामित्व ६८.४८ प्रतिशत र सर्वसाधारण सेयर स्वामित्व ३१.५२ प्रतिशत हुने बैंकले जनाएको छ। बैंकले हाल ८३ शाखा, १ सय २५ एटिएम, १७ एक्सटेन्सन काउन्टर, १० राजस्व संकलन काउन्टर र ५६ शाखारहित बैंकिङ काउन्टरमार्फत सेवा दिइरहेको जनाएको छ।

**भोजपुरे समाज बचत तथा ऋण सहकारी संस्था लि. को**
**एघारौं वार्षिक साधारण सभा बारे सूचना**

यस भोजपुरे समाज बचत तथा ऋण सहकारी संस्था लि. को एघारौं वार्षिक साधारण सभा कोभिड-१९ को कारणले गर्दा सहकारी विभागको मिति २०७७।६।१ मा जारी सूचनाको प्रक्रिया अनुसार निम्न मिति, स्थान र समयमा हुने भएकोले शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं। थप जानकारीको लागि यस सहकारीको कार्यालयमा वा फोन मार्फत सम्पर्क गर्नुसक्नु हुनेछ।

मिति : २०७७ साल कार्तिक २० गतेदेखि २६ गतेसम्म।
स्थान : सहकारीको कार्यालय, भीमसेनगोला मार्ग, नयाँ बानेश्वर, काठमाण्डौं।
समय : विहान ११ बजेदेखि ३ बजेसम्म।
सम्पर्क : फोन नं ४४६२२५४ र मोबाइल नं ९८४११८५०६१ (सुदर्शन)।

सञ्चालक समिति

**बिन्ध्यवासीनी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको**
**बिशेष साधारण सभा सम्वन्धी**
**सूचना**

यस कम्पनीको बिशेष साधारण सभा बिद्युतीय माध्यमको प्रयोग गरी निम्नलिखित मिति र समयमा देहायको विषयमा छलफलको निमित्त भर्चुअल रुपमा Online बस्ने भएकोले सो सभामा आ-आफ्नो स्थानबाट भर्चुअल रुपमा सहभागिताको लागि अनुरोध छ। सभामा सहभागी हुनको निमित्त कम्पनीको website: www.bindhyabasinihydro.com.np बाट Link उपलब्ध गर्न सकिनेछ।

**साधारण सभाको विषय सूचि :**
१) संचालक हुनको निमित्त लिनु पर्ने शेयर संख्या १००० बाट घटाइ १०० गरी संशोधन गरी नियमावलीको नियम २८ लाइ संशोधन गर्ने सम्वन्धी बिशेष प्रस्ताब।
२) कम्पनीको यस वर्षको वार्षिक साधारण सभा नभएसम्मका लागि वर्तमान सञ्चालक समितिलाई नै निरन्तरता दिने सम्वन्धी प्रस्ताव।

**विशेष साधारण सभा सम्वन्धी कार्यक्रम :**
स्थान : कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।
माध्यम : अनलाईन (Link कम्पनीको website: www.bindhyabasinihydro.com.np )।
मिति : २०७७ साल कार्तिक १६ गते (आईतवार)।
समय : दिनको २:०० बजे।

आज्ञाले
कम्पनी सचिब

**Myagde Rural Municipality**
**Office of Municipal Executive**
**Chhang, Tanahun**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation for the procurement of Hard Top 4WD Ambulance**

**Sealed Quotation No: 4-2077/078**
**Date of first Publication: 2077/06/29 (15-10-2020)**

The Myagde Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Hard Top 4WD Ambulance. The estimated amount for the good is Rs. 11,00,000/- inclusive VAT.

1. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms may visit PPMO website www.bolpatra.gov.np.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e. www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account:
   i. Cost of bidding document: Rs. 1,000/-
   ii. Name of the Bank: Laxmi Bank Ltd.
   iii. Name of Office: Myagde Rural Municipality
   iv. Office Account No: Ga.4.1.07803000116
3. Sealed bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before 2077/07/14 (30-10-2020), 12:00. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2077/07/14 (30-10-2020), 13:00 at the office of Myagde Rural Municipality, Tanahun. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 27500, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. Ga. 3: 07803000109 at Laxmi Bank Ltd., Tharpu, Tanahun and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**लिखु तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
धोबीबजार, रामेछाप
बागमती प्रदेश, नेपाल

**कृषि तथा पशु सेवा प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/२९**

लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७७/०६/१८ गतेको नियमित बैठकको निर्णयानुसार स्वीकृत लिखु तामाकोशी गाउँपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ बमोजिम यस लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछापका लागि देहाय बमोजिमको पदमा करार पदपूर्ति गर्नु पर्ने भएकाले व्यक्तिगत विवरण (CV), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्ताको प्रमाणपत्र तथा अन्य आवश्यक (कार्य अनुभव भए सो समेत) कागजातहरुको प्रतिलिपिहरु संलग्न राखी इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीसौँ) औं दिन २०७७/०७/२८ गते कार्यालय समयभित्र तपशिल बमोजिमका शर्तहरु तथा बन्देजहरुको अधीनमा रही रीतपूर्वकको आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद/तह/श्रेणी | न्यूनतम शैक्षिक योग्यता | पद संख्या | तलब सुविधा | दरखास्त बुझाउने अन्तिम मिति | दरखास्त दस्तुर | परीक्षा मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०८/२०७७/०७८ | कृषि अधिकृत (नेपाल कृषि सेवा, कृषि प्राविधिक समूह, छैठौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा बीएस्सी एजी. वा सो सरह उत्तीर्ण गरी प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु. १,०००।- | २०७७/०८/०९ |
| २. | ०९/२०७७/०७८ | प्रा.स. (नेपाल कृषि सेवा, कृषि प्राविधिक समूह, सहायक पाँचौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आइ.एस्सी. एजी. वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु. ६००।- | २०७७/०८/०९ |
| ३. | १०/२०७७/०७८ | ना.प्रा.स. (नेपाल कृषि सेवा, कृषि प्राविधिक समूह, सहाायक चौथो तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आइ.एस्सी. एजी. वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु. ६००।- | २०७७/०८/०९ |
| ४. | ११/२०७७/०७८ | प्रा.स. (नेपाल कृषि सेवा, पशु प्राविधिक समूह, सहायक पाँचौं तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञापन विषयमा आइ.एस्सी.एजी. वा जे.टि/भेट कोर्ष वा डिप्लोमा वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | २ (दुई) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु. ६००।- | २०७७/०८/०९ |
| ५. | १२/२०७७/०७८ | ना.प्रा.स. (नेपाल पशु सेवा, पशु प्राविधिक समूह, सहायक चौथो तह वा सो सरह) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) विषयमा एक वर्षको तालिम प्राप्त गरेको वा पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) विषयमा टि.एस.एल.सी., जे.टि.ए. कोर्ष वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु. ६००।- | २०७७/०८/०९ |
| ६. | १३/२०७७/०७८ | कार्यालय सहयोगी श्रेणीविहीन | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तीर्ण गरी नेपालको प्रचलित कानुन बमोजिम अयोग्य नभएको | १ (एक) | नेपाल सरकारको प्रचलित तलब स्केल बमोजिम | २०७७/०७/२८ | रु. ५००।- | २०७७/०८/०९ |

**शर्तहरु:**

१. **करार अवधि :** प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति नहुँदासम्म वा २०७८ आषाढ मसान्तसम्म (अन्यथा नियमानुसार करार अवधि थप हुन सक्ने)।
२. **दरखास्त पेश गर्ने तरिका :** माथि उल्लेखित आवश्यक कागज पत्रहरु साथै लोकसेवा आयोगको वेभसाइट www.psc.gov.np को डाउनलोड ट्याबबाट दरखास्त फारामहरु डाउनलोड गरी प्रिन्ट गरी २ प्रति फोटो टाँस्ने र यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट बैंक लि., लिखु तामाकोशी शाखा, धोबीबजार, रामेछाप शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०७००१४००२५००१६ मा वा नेपालभर जहाँ त्यहींबाटको बैंक शाखाबाट उक्त खाता नं. मा आवेदन दस्तुर जम्मा गरेको सक्कलै भौचर समेत संलग्न राखी अन्तिम मिति २०७७/०७/२८ गते कार्यालय समय सम्ममा कार्यालयमा आइ पुग्ने गरी यसै गाउँपालिकाको अफिसियल इमेल ito.likhuramechhapmun@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिन सकिनेछ।
३. **परीक्षाको किसिम :** लिखित र अन्तरवार्ता।
४. **परीक्षा केन्द्र :** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबीबजार, रामेछाप।
५. **उम्मेदवारको उमेरको हद :** २०७७/०७/२८ गते सम्म अधिकृत स्तरको पदको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष (पुरुष उम्मेदवारको हकमा) तथा २१ वर्ष पूरा भई ४० वर्ष (महिला उम्मेदवारको हकमा) ननाघेको र अन्य तहको पदको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष (पुरुष उम्मेदवारको हकमा) तथा १८ वर्ष पूरा भई ४० वर्ष (महिला उम्मेदवारको हकमा) ननाघेको हुनु पर्नेछ।
६. **पदमा रही काम गर्नु पर्ने विवरण र काम गर्नु पर्ने स्थान :** प्रचलित कानुन बमोजिमको सेवा, समूह सम्बन्धी र गाउँपालिकाले तोके बमोजिम।
७. **उम्मेदवार छनौटका आधारहरु :** लोकसेवा आयोगको पाठ्यक्रम र मापदण्ड बमोजिम लिखित र अन्तरवार्ता।
८. **अन्तरवार्ता हुने मिति :** लिखित परीक्षाको नतिजा प्रकाशन पश्चात कार्यालयले अन्तरवार्ता हुने मिति, समय र स्थान तोक्नेछ।
९. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको, रीतपूर्वक नभएको (सम्बन्धित परिषद्‌मा दर्ता नभएको वा नवीकरण नभएको) वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारबाही हुने छैन वा स्वीकृत गरिने छैन।
१०. **पाठ्यक्रम :** लोकसेवा आयोगको Website : www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ।
११. कम्तिमा दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल) र कम्प्युटर सम्बन्धी ज्ञान सीप भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।
१२. सूचनामा उल्लेख भएको विषयहरु बाहेक अन्य विषयहरुको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहीत रहनेछ। साथै, अन्य केही कुरा बुझ्नु परेमा तथा दरखास्त दिएका उम्मेदवारहरुले दरखास्त दिए पश्चात् निरन्तर सम्पर्कमा रहन कार्यालय समय भित्र ९८४००३१५३९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नेपाल भित्रियो बिएमडब्लु

## लक्ष्मी प्रिमियमले नेपालमा भित्र्याएका बिएमडब्लु गाडीको मूल्य एक करोड ९० लाखदेखि चार करोड ९० लाख रुपैयाँसम्म छ। नेपालमा बिएमडब्लु ब्रान्ड औपचारिक रूपमा सार्वजनिक नहुँदै ६ वटा गाडी बिक्री भइसके।

● नवीन अर्याल

नयाँबानेश्वबाट एयरपोर्टतिर जाँदा तीनकुने मोडमै पुगेपछि एउटा गाडीको सोरुममा आँखा टक्क अडिन पुग्छन्। सडकबाटै प्रस्ट देखिने गरी सोरुमको अगाडि जर्मनीको प्रिमियम ब्रान्ड बिएमडब्लुको लोगो राखिएको छ। आफ्नै सहरमा विश्व प्रख्यात बिएमडब्लुको सोरुम देखेपछि गाडीका सौखिनहरूको नजर तान्ने भइहाल्यो। भव्य डेकोरेसन गरिएको सोरुमभित्र चारवटा चिल्ला लक्जरियस कार सोकेसमा राखिएको छ। आफ्नै देशभित्र बिएमडब्लु कारहरू छानीछानी किन्न पाइने भएपछि धनाढ्य सोखिनहरू कोभिडको कहरबीच सोरुममा धाउन थालेका छन्। अझै बिएमडब्लु गाडी औपचारिक रूपमा सार्वजनिक भइसकेको छैन, तैपनि ६ वटा गाडी बिक्री भइसकेका छन्।

चर्चित व्यावसायिक घराना लक्ष्मी समूहले नेपालमा औपचारिक रूपमा बिएमडब्लु गाडी भित्र्याएको हो। लक्ष्मी प्रिमिमय बिएमडब्लु गाडीको नेपालका लागि आधिकारिक विक्रेता हो। कोभिडको महामारी फैलिँदै गएपछि कम्पनीले बिएमडब्लु कार सार्वजनिक गर्न उपयुक्त समय पर्खिएर बसेको छ। सन् २०१४ को अन्त्यतिर जर्मनीको बिएमडब्लु कम्पनीसँग डिलरसिप सम्झौता गरिसकेको लक्ष्मी समूहले २०१५ भित्रै नेपालमा गाडी ल्याएर बिक्री गर्ने लक्ष्य लिएको थियो। तर, भूकम्पलगायत विविध कारणले पछाडि धकेलिइरहेको बिएमडब्लु गाडी भित्र्याउने योजनाले बल्ल २०२० जुलाई (साउन) महिनामा मूर्तता पाएको छ। नेपालमा आधिकारिक विक्रेतामार्फत बिएमडब्लु गाडी पहिलोपटक भित्रिएको लक्ष्मी प्रिमियमका कार्यकारी निर्देशक निराकार श्रेष्ठ बताउँछन्। यसअघि विभिन्न च्यानल प्रयोग गरेर आधा दर्जन हाराहारी बिएमडब्लु गाडी नेपाल भित्रिएको अनुमान छ।

### यस्ता छन् गाडी

पहिलो चरणमा विभिन्न सिरिजका २१ वटा बिएमडब्लु गाडी नेपाल भित्रिएको लक्ष्मी प्रिमियमले जनाएको छ। नेपालमा एक्स सिरिज, ५ सिरिज र ७ सिरिजका बिएमडब्लु गाडी भित्रिएका हुन्। एक्स सिरिज भनेको स्पोर्ट एक्टिभिटी भेहिकल (एसएभी) गाडी हो। एसभी अर्थात् एसयुभी गाडी। बिएमडब्लुले एसयुभी भर्सनलाई एसएभी नाम दिएको छ। यस्तै, ५ सिरिज र ७ सिरिज सेडान कार हुन्। नेपालमा एसएभी भर्सनमा एक्स वान, एक्स टु, एक्स थ्री र एक्स फाइभ गरी चारवटा मोडल भित्रिएका छन्। नेपाल भित्रिएका एक्स सिरिज गाडीहरू मिडसाइज क्रसओभर एसयुभी हुन्। लक्ष्मी प्रिमियमले अमेरिका र जर्मनीमा निर्मित बिएमडब्लु गाडी नेपालमा ल्याएको हो।

लक्ष्मी प्रिमियमका अनुसार बिएमडब्लु एक्स थ्री दुईवटा अप्सनमा उपलब्ध छ, एउटा ब्याट्री र पेट्रोल दुवैबाट चल्ने प्लगिङ हाइब्रिड र अर्को पूर्णतया पेट्रोल




इन्जिनयुक्त 'एक्स ड्राइभ ३० ई'। एक्स ५ पनि प्लगिङ हाइब्रिड गाडी हो। हाइब्रिड 'एक्स थ्री'मा १२ वाटको ब्याट्री प्रयोग गरिएको छ भने 'एक्स फाइभ एक्स ड्राइभ ४५ ई'मा २४ किलोवाटको ब्याट्री राखिएको छ। एक्स थ्री हाइब्रिडले ३५/४० किलोमिटरको स्पिडसम्म ब्याट्रीबाट कुदाउन सकिन्छ भने त्योभन्दा बढीको स्पिड लिनेबित्तिकै अटोमेटिक पेट्रोल इन्जिनले काम गर्न थाल्छ। एक्स फाइभ मोडल ८० किलोमिटरको स्पिडसम्म ब्याट्रीबाट कुदाउन सकिन्छ भने त्योभन्दा बढीको स्पिडमा जानेबित्तिकै इन्जिनबाट कुद्ने कम्पनीले जनाएको छ। एक्स वान र एक्स टुमा १५०० सिसी, एक्स थ्रीमा २००० सिसी र एक्स फाइभमा ३००० सिसीको पेट्रोल इन्जिन राखिएको छ। कम्पनीका अनुसार सबै गाडीमा ट्विन टर्बो इन्जिन प्रयोग गरिएको छ। एक्स सिरिजको मूल्य एक करोड ९० लाखदेखि चार करोड १६ लाख रुपैयाँसम्म रहेको छ।

सेडान भर्सनको ५ सिरिज पनि प्लगिङ हाइब्रिड गाडी हो। ५ सिरिजको बिएमडब्लु ५३० ई मा १२ किलोवाटको ब्याट्री प्रयोग गरिएको छ। यो गाडी प्रतिघन्टा ३० किमिको स्पिडसम्म कुदाउँदा ब्याट्रीबाट र ३० किमिभन्दा बढीको स्पिडमा कुदाउँदा इन्जिनबाट चल्छ। बिएमडब्लु ७ सिरिज सुपर लक्जरियस सेडान कार हो। प्लगिङ हाइब्रिड ७ सिरिज 'बिएमडब्लु ७४५ एलई'मा पनि १२ किलोवाटकै ब्याट्री छ। यो गाडी प्रतिघन्टा ४६ किलोमिटरसम्मको स्पिडमा ब्याट्रीबाट र त्यसभन्दा बढी स्पिड समात्नेबित्तिकै इन्जिनबाट चल्न थाल्छ। कम्पनीले यो गाडीको मूल्य चार करोड ९० लाख रुपैयाँ तोकेको छ। नेपाल भित्रिएका बिएमडब्लु गाडीमध्ये सबैभन्दा महँगो र लक्जरियस गाडी ७ सिरिज हो।

### अधिकतम इलेक्ट्रिकबाट चल्ने

काठमाडौं उपत्यकाजस्तो ट्राफिक जाम भइरहने ठाउँमा बिएमडब्लु कार अधिकतम इलेक्ट्रिक ब्याट्रीबाट चल्नेछ। उपत्यकाभित्र ४० किलोमिटरभन्दा बढीको स्पिडमा गाडी चलाउन सकिँदैन। कम्पनीका अनुसार गाडीको ब्याट्री सकिन लाग्यो भने स्टार्ट भएको इन्जिनले आफैँ चार्ज गर्छ। र, घरमा चार्जरबाट पनि ब्याट्री चार्ज गर्न सकिन्छ। एक्स वान र एक्स टु मोडल हाइब्रिड होइनन्। यी गाडी पेट्रोल इन्जिनमा उपलब्ध छन्। एक्स वान बिएमडब्लुको इन्ट्री लेबल गाडी हो।

कोभिड महामारी फैलिरहेका वेलामा पनि ६ वटा बिएमडब्लु कार बिक्री हुनु उत्साहपूर्ण रहेको लक्ष्मी प्रिमियमले जनाएको छ। कम्पनीले वार्षिक १०० वटासम्म गाडी बिक्री गर्ने लक्ष्य राखेको छ। तर, यो वर्ष कोभिड महामारीले गर्दा धेरै गाडी बिक्री गर्न सम्भव नरहेको श्रेष्ठ बताउँछन्। लक्ष्मी समूहले लक्जरी र ब्रान्डेड गाडीका सोखिन धनाढ्यहरूलाई लक्षित गरेर बिएमडब्लु गाडी नेपालमा बिक्री सुरु गरेको हो। यो गाडीको सीधा प्रतिस्पर्धा जर्मनीकै अर्को प्रिमियम ब्रान्ड मर्सिडिजसँग हुनेछ। विश्वभरि नै मर्सिडिज र बिएमडब्लु प्रतिस्पर्धी ब्रान्ड हुन्। नेपालमा मर्सिडिज गाडी पनि राम्रै बिक्री भइरहेको छ।

### बिएमडब्लु सोरुम

लक्ष्मी समूहले तीनकुनेमा यसअघि रहेको हुन्डाईको सोरुमलाई अपग्रेडेड गरेर बिएमडब्लु गाडीको सोरुम बनाएको हो। 'हामीले बिएमडब्लुको गाइडलाइन फ्लो गरेर अत्याधुनिक सोरुम बनाएका छौँ,' श्रेष्ठले भने, 'एकैठाउँमा सेल्स, सर्भिस र स्पेयर्स पार्टस् (थ्रीएस) सुविधा उपलब्ध हुनेछ।' गाडीको सर्भिसका लागि इन्जिनियरहरूले सिंगापुरको कम्पनीसँग भर्चुअल्ली ट्रेनिङ लिइरहेका छन्। कम्पनीले कोभिड महामारीका कारण इन्जिनियरलाई सिंगापुर पठाउन सम्भव नभएपछि अनलाइन ट्रेनिङ दिइरहेको हो। सर्भिस सेन्टर पनि बिएमडब्लुको मापदण्डअनुरूप भएको कम्पनीले जनाएको छ।

### बिएमडब्लु प्रिमियम ब्रान्ड

बिएमडब्लु जर्मनीको प्रिमियम अटोमोबाइल्स कम्पनी हो। यो कम्पनीले गाडी र बाइक उत्पादन गर्दै आइरहेको छ। नेपालमा बिएमडब्लु बाइक अघिल्लो वर्षदेखि नै बिक्री सुरु भइसकेको छ। सन् १९१६ मा स्थापित यो कम्पनीले सुरुवाती समयमा एयरक्राफ्टका इन्जिन बनाउँथ्यो। सन् १९४५ सम्म एयरक्राफ्टको इन्जिन उत्पादन गरिरहेको कम्पनीले पहिलो विश्वयुद्धको युद्धविरामसँगै एयरक्राफ्ट इन्जिन उत्पादन बन्द गरेको हो। बिएमडब्लुले सन् १९२३ देखि मोटरसाइकल र सन् १९२९ देखि गाडी उत्पादन सुरु गरेको हो। कम्पनीले पहिलोपटक 'आर ३२' मोटरसाइकल उत्पादन गरेको थियो, सोही मोटरसाइकलबाट बिएमडब्लुको ब्रान्ड लोगो प्रयोग गर्न थालेको हो। कम्पनीले पहिलोपटक उत्पादन गरेको गाडी बिएमडब्लु ३०३ मोडल हो। सन् १९३३ देखि कम्पनीले अगाडिको फेसमा 'टु इन किड्नी ग्रिल' प्रयोग गर्न थाल्यो जुन अहिले पनि प्रयोग भइरहेको छ। बिएमडब्लुले सन् २०१३ देखि फुल इलेक्ट्रिक कार पनि उत्पादन सुरु गरिसकेको छ।

विश्वविख्यात बिएमडब्लु समूहको स्वामित्वमा गाडीका प्रिमियम र लक्जरियस ब्रान्डहरू प्रिमियम ब्रान्ड 'बिएमडब्लु' र 'मिनी' हुन्। लक्जरियस ब्रान्ड 'रोल्सरोयस' हो। रोल्सरोयस विश्वकै सुपर लक्जरियस गाडीमा पर्छ। 'मिनी' पनि चर्चित प्रिमियम ब्रान्डको गाडी हो। बिएमडब्लुले स्पोर्टस् कार पनि बनाएको छ, जुन चर्चित फर्मुला वानलगायत खेलमा सहभागी भएर अवार्डसमेत हात पारिसकेको छ।



**हामीले बिएमडब्लुको गाइडलाइन फलो गरेर अत्याधुनिक सोरुम बनाएका छौँ। एकैठाउँमा सेल्स, सर्भिस र स्पेयर्स पार्टस् (थ्रिएस) सुविधा उपलब्ध हुनेछ।**

**▪ निराकार श्रेष्ठ**
**कार्यकारी निर्देशक**
**लक्ष्मी प्रिमियम**

# कोरोना कहरबीच भारतमा सिनेमा हल सञ्चालनमा

## एक सोमा ५० प्रतिशत मात्र दर्शक हुनुपर्ने, अनलाइनबाटै टिकट काट्ने व्यवस्था

● नवीन प्यासी

कोरोना भाइरस महामारीका बीच बिहीबारदेखि भारतमा सिनेमा हल सञ्चालनमा आउने भएको छ। भारत सरकारले गत सेप्टेम्बरमै १५ अक्टोबरदेखि हल सञ्चालन गर्न अनुमति दिएको हो। सोही निर्णयअनुसार एउटा राज्यबाहेक भारतका सबै ठाउँमा हल सञ्चालनमा आउन लागेको भारतीय मिडियाहरूले जनाएका छन्। एक सोका लागि ५० प्रतिशत मात्र दर्शक हुनुपर्ने, अनलाइनबाटै टिकट काट्ने व्यवस्था गर्नुपर्ने सरकारले मापदण्ड बनाएको छ। कोरोना संक्रमण फैलिएसँगै भारतमा चैतदेखि सिनेमा हल बन्द गरिएको थियो।

केन्द्र सरकारले हल खुलाउन अनुमति दिएसँगै मल्टिप्लेक्स र सिंगल थिएटरहरू प्रदर्शनका लागि तयार भएर बसेका छन्। तर, हल खुले पनि ओटिटीमा प्रदर्शन भएका फिल्म प्रदर्शन गर्न हल सञ्चालकले अस्वीकार गरिदिएका छन्। ओटिटीमा सबैभन्दा पहिला अमिताभ बच्चन र आयुषमान खुरानाको 'गुलाबो सिताबो' प्रदर्शन भएको थियो। यसपछि साना तथा ठूला बजेटका फिल्म



निर्माताले सीधै ओटिटीमा प्रदर्शन गरेका थिए। अझै केही सिनेमा डिजिटल प्लेटफर्ममा प्रदर्शन हुने तयारीमा पनि छन्। हलहरू सञ्चालकहरू सुरुवातमा 'शुभ मंगल सावधान', 'मलंग', 'केदारनाथ', 'थप्पड', 'तानाजी' 'वार'जस्ता सिनेमा पुनः प्रदर्शन गर्ने तयारीमा छन्।

मल्टिप्लेक्स सञ्चालकहरूले आगामी तीन महिनामा प्रदर्शन हुने सिनेमाको सूची पनि प्रकाशित गरिसकेका छन्। नोभेम्बरमा 'बन्टी और बबली २', 'इन्दुकी जवानी', 'छलांग', 'सन्दीप और पिंकी फरार', '९९ संग्स्', 'मीमी' र 'टेनेट', डिसेम्बरमा '८३', 'रुही अफजाना', 'डेथ अन द नाइल', 'वन्डर वुमेन', 'ड्युन' तथा जनवरीमा 'सूर्यवंशी', 'सरदार उधम सिंह', 'केजीएफ २', 'आधार'लगायत सिनेमा प्रदर्शन हुनेछन्। यस अवधिमा चर्चित अभिनेताका चलचित्र पुनः प्रदर्शन पनि हुनेछन्। ऋषि कपुर तथा इरफान खानका सिनेमा पुनः प्रदर्शन गर्ने तयारीमा हलहरू छन्। साथै, बंगाली, तमिल, तेलगु, मलायाली भाषाका सिनेमा पनि प्रदर्शन हुनेछन्।

नोभेम्बरदेखि नयाँ फिल्मको अभाव नहुने वितरकहरूको अनुमान छ। अक्टोबरमा 'वार' र 'तानाजी' दिल्ली सर्किटमा प्रदर्शन हुनेछन्। 'छिछोरे'लगायत आठ महिनाअघि प्रदर्शन भएका सिनेमा एकैदिनमा फरकफरक सोमा प्रदर्शन हुनेछन्। 'लक्ष्मी बम्ब', 'कुली नम्बर वान'लगायत सिनेमा ओटिटीका साथै सिंगल थिएटरमा प्रदर्शन गर्नेबारे पनि छलफल भइरहेको भारतीय मिडियाले जनाएका छन्। तर, मल्टिप्लेक्स सञ्चालकहरू ओटिटीमा गएका सिनेमा प्रदर्शन नगर्ने अडानमा छन्। अक्षय कुमारको 'लक्ष्मी बम्ब' ९ नोभेम्बरमा डिज्नी प्लस हटस्टरमा प्रदर्शन हुँदै छ।

### ओटिटीमा रिलिज भएका सिनेमा हलमा नलाग्ने

लकडाउनको क्रममा ओटिटीमा प्रदर्शन भएका सिनेमा लगभग हलमा प्रदर्शन नहुने पक्काजस्तै भएको छ। 'दिल बेचरा', 'सडक २', 'शकुन्तला देवी', 'खुदा हाफिज', 'गुन्जन सक्सेना द कारगिल गर्ल', 'गुलाबो सिताबो'लगायत फिल्म ओटिटीमा रिलिज भएका थिए। यी फिल्मका निर्माताले आफ्नो फिल्म ओटिटीमा प्रदर्शन गर्ने निर्णय लिएपछि हल सञ्चालकहरूले विज्ञप्ति जारी गरेर विरोध गरेका थिए। उनीहरूले केही निर्माताले ओटिटीमा आफ्ना फिल्म प्रदर्शन गर्ने निर्णयले आफूहरू निराश भएको अभिव्यक्ति दिएका थिए। निर्माताको ओटिटीमा जाने निर्णयमाथि आफूहरूले हल खुल्नासाथ प्रदर्शन गरिदिने वचन पनि दिएका थिए। तर, निर्माताहरूले हल सञ्चालकको कुरा सुनेनन्।

### नेपालमा कहिले खुल्ला ?

कोरोनाका कारण लकडाउन नभएको भए 'प्रेमगीत ३', 'म यस्तो गीत गाउँछु २', 'चपली हाइट ३' जस्ता चलचित्र प्रदर्शन भइसकेका हुन्थे। निर्माताहरूले आफूले पाउनुपर्ने हिसाब पनि लिइसकेका हुन्थे। तर, यी चलचित्र यतिकै थन्किएर बसेका छन्। कहिले र कसरी प्रदर्शन हुने हो, निर्माता, हल सञ्चालक, वितरक अन्योलमा छन्। यस वर्षको दसैँलाई केन्द्रमा राखेर कलाकार तथा निर्माता दीपकराज गिरीको 'छक्का पन्जा ४', झरना थापाले निर्देशन गर्ने 'ए मेरो हजुर ४', नारायण रायमाझीको निर्देशनमा बन्ने 'परदेशी २' र 'प्रेमपूजा' प्रदर्शन हुने बताइएको थियो। तर, कोरोनाका कारण चलचित्रहरू छायांकनमै जान सकेनन्।

केही साताअघि चलचित्र विकास बोर्ड, चलचित्र संघ र निर्माता संघले हल सञ्चालन, छायांकनको वातावरण मिलाइदिन नोबल कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिलाई प्रस्ताव बुझाएको थियो। तर, सिसिएमसीको निर्णय अहिलेसम्म आएको छैन। यस हिसाबले अब दसैँअघि नै नेपालमा हलहरू खुल्ने सम्भावना न्यून देखिएको छ। विकास बोर्डले भने सिनेमा रिलिज गरेमा सहुलियतको व्यवस्था गरिदिने बताइसकेको छ।

# 'मिसेस नेपाल'का लागि आवेदन खुला

**काठमाडौं**/ 'मिसेस नेपाल २०२०' को आवेदन खुला भएको छ। आयोजक इ-प्लानेटले बुधबार विज्ञप्ति जारी गर्दै प्रतियोगिताका लागि आवेदन खुला भएको जनाएको हो। कोरोना महामारीलाई ध्यानमा राखेर प्रतियोगितामा सहभागी हुन चाहनेले अनलाइन तथा अफलाइन दुवै माध्यमबाट आवेदन दिन सक्ने व्यवस्था गरिएको छ। प्रतियोगिताका लागि आवेदन प्राप्त व्यक्तिमध्ये पनि आन्तरिक छनोटमा परेका उत्कृष्ट प्रतियोगीलाई मात्र 'मिसेस युनिभर्स २०१९' अनिला श्रेष्ठलगायतले प्रशिक्षण दिनेछन्। २१ वर्षदेखि ५५ वर्ष उमेरका विवाहित नेपाली महिलाले मात्र प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन्।

गृहिणी जीवन बिताइरहेका महिलालाई सौन्दर्यताबाहेक सामाजिक क्रियाकलापदेखि आफ्नो व्यक्तित्व विकास गराउनेसम्म धेरै किसिमको काममा सक्रिय सहभागिता जनाउने अवसर प्रदान गर्न प्रतियोगिता आयोजना गर्न लागेको आयोजक संस्था इ-प्लानेटका अध्यक्ष सन्तोष सापकोटाले जानकारी दिए। प्रतियोगिताको विजेताले सन् २०२१ मा हुने 'मिसेस युनिभर्स'मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछन्। यसअघि 'मिसेस युनिभर्स'मा अनिला श्रेष्ठ, मनीषा डंगोल, पद्मिनी झा, रजनी थापा, मीना घिमिरेले नेपालको प्रतिनिधित्व गरिसकेका छन्।






नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **सम्पादक** : उमेश चौहान। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com